# जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुरको
नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी:

**सफला पण्डित**

शैक्षिक वर्ष:२०६४–२०६६
त्रि.वि. दर्ता नं: ४९७४०–८८



नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
वि.सं.२०६९ (सन् २०१२)

# शोध निर्देशकको मन्तव्य

साहित्यकार **जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी सफला पण्डितले मेरो निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । शोधपत्र तयार गर्नमा शोधार्थीको प्रशस्त लगन र परिश्रम परेको छ । म उक्त शोधकार्यबाट पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर समक्ष सिफारिस गर्दछु ।

मिति: २०६९।०५।१४

सन् २०१२, अगस्त ३०

....................

(भवनाथ सडौला)

सहप्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

## कृतज्ञता ज्ञापन

**जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि तयार पारेकी हुँ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराउनुका साथै आफ्नो व्यस्त समयमा समेत आत्मीयतापूर्वक घरमा बोलाएर समुचित निर्देशन दिई मलाई अघि बढ्न प्रेरित गर्नुहुने शोध निर्देशक तथा आदरणीय गुरु भवनाथ सडौलाज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति म कृतज्ञ छु । साथै आदरणीय गुरु श्री दीनानाथ पण्डितज्यू र अन्य गुरुवर्ग तथा वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयका कर्मचारीहरूले मलाई पुऱ्याउनुभएको सहयोगप्रति पनि आभारी छु ।

शोधपत्र लेखनको सिलसिलामा आवश्यक सामग्री सङ्कलन गर्ने कार्यमा विना झण्झट कुनै पनि समयमा मलाई सहयोग गर्ने शोधनायक श्री जगतराज पौडेल तथा उहाँकी धर्मपत्नीद्वय कमला पौडेल र बिमला पौडेल, छोरा भूपेन्द्र पौडेल, बुहारी पवित्रा पौडेल एवं समस्त परिवारजनमा कृतज्ञ छु । लिखित तथा मौखिक अन्तर्वार्ताका क्रममा आफ्नो अमूल्य समय दिएर मेरो अध्ययन कार्यमा सहयोग गर्नुहुने समस्त विद्वत्जनहरूप्रति आभार व्यक्त गर्दछु ।

शोधपत्र लेखन कार्यमा मलाई सहयोग गर्नुहुने कृष्ण प्रसाद पौडेलज्यू (नोट्रेडेम स्कुल बन्दिपुर), साहित्यकार डि.आर पोखरेलज्यू, आदरणीय बुवा श्री कृष्णप्रसाद पण्डितज्यू, काका श्री जगन्नाथ पण्डितज्यू तथा दाजु विजयराज पण्डितज्यू प्रति कृतज्ञता प्रकट गर्दछु ।

मलाई घरायसी झन्झटमा कत्ति नपारी मेरो शोधपत्र लेखनमा उपयुक्त वातावरण तयार पारिदिने तथा आवश्यक सामग्री सङ्कलन र परिमार्जन गर्ने कार्यमा सहयोग दिने मेरा अनन्य जीवन साथी शेषमणि भट्टराईलाई धन्यवाद नदिई रहन सक्दिन । शोधपत्र लेख्ने समयमा कम्प्युटरको नजिक बसेर रमाउँदै यत्रतत्र छरिएका सामग्रीहरू मिलाउन सहयोग गर्ने प्यारी छोरीद्वय मृदु र मान्यतालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

सफला पण्डित
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

मितिः २०६९।०५। १४
सन् २०१२, अगस्त ३०

# सङ्क्षेपीकृत शब्दहरू

प्रस्तुत शोध पत्रमा प्रयोग भएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन्

| | |
|---|---|
| आइ.ए. | इन्टर मिडियट इन आर्ट (प्रमाणपत्र तह) |
| एस. एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| क. | कमरेड |
| क्र.सं. | क्रम संख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते.सं | तेस्रो संस्करण |
| दो.सं | दोस्रो संस्करण |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. एमाले | नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.सं. | पाँचौं संस्करण |
| प्रा. | प्राध्यापक |
| पृ | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची

**क.सं. विषय** **पृष्ठ**

## परिच्छेदः एक

**१ शोध परिचय**


१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ शोधसमस्या १

१.४ शोधकार्यको उद्देश्य १

१.५ पूर्वकार्यको विवरण २

१.६ शोधको क्षेत्र र सीमा ५

१.७ सामग्री सङ्कलन र शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ५


## परिच्छेदः दुई

२. **जगतराज पौडेलको जीवनी**


२.१ पृष्ठभूमि ७

२.२ वंश परम्परा र जन्म ७

२.३ बाल्यकाल र शिक्षादीक्षा ८

२.४ विवाह तथा पारिवारिक स्थिति ९

२.५ आर्थिक अवस्था र पेशा ११

२.६ सेवा ११

२.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश र निरन्तरता १३

२.८ रूचि र भ्रमण १५

२.९ अविस्मरणीय घटना १६

२.९.१ पारिवारिक जीवनसंग सम्बन्धित १६

२.९.२ राजनीतिसंग सम्बन्धित १६

२.१० सम्मान तथा पुरस्कार १७

२.११ जीवन दर्शन १८

२.१२ निष्कर्ष १८

## परिच्छेदः तीन

### ३. जगतराज पौडेलको व्यक्तित्व


३.१ पृष्ठभूमि २०

३.२ बाह्य व्यक्तित्व र स्वभाव २०

३.३ आन्तरिक व्यक्तित्व २१

३.३.१ साहित्यिक व्यक्तित्व २२

३.३.१.१ कवि व्यक्तित्व २२

३.३.१.२ गीतकार व्यक्तित्व २३

३.३.२ साहित्येतर व्यक्तित्व २३

३.३.२.१ सामाजिक तथा सांस्कृतिक व्यक्तित्व २४

३.३.२.२ राजनैतिक व्यक्तित्व २५

३.३.२.३ प्रशासकीय व्यक्तित्व २५

३.३.२.४ सम्वाददाता व्यक्तित्व २६

३.३.२.५ शिक्षक व्यक्तित्व २६

३.३.२.६ सङ्गठक व्यक्तित्व २६

३.४ विभिन्न व्यक्तिहरूका दृष्टिमा जगतराज पौडेल २७

३.५ निष्कर्ष ३१


## परिच्छेदः चार

### ४. जगतराज पौडेलको कृतित्वको अध्ययन


४.१ नेपाली साहित्यमा जगतराज पौडेलको प्रवेश र लेखन यात्रा ३२

४.१.१ नेपाली साहित्यमा जगतराज पौडेलको प्रवेश ३२

४.१.२ लेखनको लागि प्रेरणा र प्रभाव ३२

४.१.३ लेखनको परम्परा ३३

४.१.४ साहित्ययात्रा र चरण विभाजन ३३

४.१.५ जगतराज पौडेलका कृतिहरुको विवरण ३७

४.१.५.१ प्रकाशित पुस्तकाकार कृतिहरुको विवरण ३७

४.१.५.२ प्रकाशित फुटकर रचनाहरुको कालक्रमिक विवरण ३८

४.१.५.३ प्रकाशोन्मुख पुस्तकाकार कृतिहरुको विवरण ३८

४.२ पुस्तकाकार कृतिको अध्ययन ३९

४.२.१ 'श्रद्धाञ्जलीका फूलहरू' कविता सङ्ग्रहको अध्ययन एवं विश्लेषण ३९
४.२.१.१ परिचय ३९
४.२.१.२ संरचना ३९
४.२.१.३ केन्द्रीय कथ्य ४१
४.२.१.४ मूलभाव ५५
४.२.१.५ शैलीशिल्प ६१
क भाषाशैली ६१
ख छन्द/लय ६२
ग रस ६९
घ अलङ्कार ७१
ङ बिम्ब ७३
च प्रतीक ७४
४.२.१.६ निष्कर्ष ७५
४.२.२ 'जेलभित्रको एक सानो संसार' कविता सङ्ग्रहको अध्ययन एवं विश्लेषण ७६
४.२.२.१ परिचय ७६
४.२.२.२ संरचना ७६
४.२.२.३ केन्द्रीय कथ्य ७७
४.२.२.४ मूलभाव ८२
४.२.२.५ शैलीशिल्प ८७
क भाषाशैली ८७
ख छन्द/लय ८८
ग रस ९०
घ अलङ्कार ९१
ङ बिम्ब ९२
च प्रतीक ९३
४.२.२.६ निष्कर्ष ९४
४.२.३ तीज गीत सङ्ग्रहको अध्ययन एवं विश्लेषण ९५
४.२.३.१ परिचय ९५

४.२.३.२ तीज गीत सङ्ग्रह ( भाग ५ ) ९६
४.२.३.२.१ संरचना ९६
४.२.३.२.२ विषयवस्तु ९७
४.२.३.३ तीज गीत सङ्ग्रह ( भाग ७ ) १०१
४.२.३.३.१ संरचना १०१
४.२.३.३.२ विषयवस्तु १०२
४.२.३.४ तीज गीत सङ्ग्रह ( भाग ८ ) १०९
४.२.३.४.१ संरचना १०९
४.२.३.४.२ विषयवस्तु ११०
४.२.३.५ शैलीशिल्प ११८
क भाषाशैली ११८
ख बिम्ब ११९
ग लय १२०
४.२.३.६ निष्कर्ष १२०

**परिच्छेदः पाँच**

**५.उपसंहार १२२**

**सन्दर्भ ग्रन्थसूची**

क प्रमुख सन्दर्भ ग्रन्थसूची १२५
ख. सहायक सन्दर्भ ग्रन्थसूची १२५
अ. पुस्तक १२७
आ. पत्रिका १२८
इ. अप्रकाशित शोधपत्र १२८
ग. सन्दर्भ व्यक्तित्व १२९

**परिशिष्ट**

१ लिखित तथा मौखिक अन्तर्वार्ता लिएका व्यक्तिहरुको विवरण १३०
२ छायाचित्रहरू १३१
२.१ शोधनायकको छायाचित्र १३१
२.२ शोधनायक र धर्मपत्नीका छायाचित्र १३२
२.३ जगतराज पौडेलले प्राप्त गरेका सम्मान तथा अभिनन्दन पत्रका प्रतिलिपिहरू १३२

# तालिकासूची


| क.सं. | तालिकाको विषय | पृष्ठ |
| --- | --- | --- |
| १. | जगतराज पौडेलको राजनीतिक क्षेत्रमा संलग्नता विवरण | १२ |
| २. | जगतराज पौडेलको सामाजिक क्षेत्रमा संलग्नताको विवरण | १४ |
| ३. | जगतराज पौडेललाई प्रदान गरिएका सम्मान तथा पुरस्कारको विवरण | १७ |
| ४. | प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण | ३७ |
| ५. | श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रहको संरचना विवरण | ४० |
| ६. | श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रहका भावहरू | ५६ |
| ७. | जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहको संरचना विवरण | ७७ |
| ८. | जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहका प्रमुख भावहरू | ८३ |
| ९. | तीज गीत सङ्ग्रह भाग ५ को संरचना विवरण | ९६ |
| १०. | तीज गीत सङ्ग्रह भाग ७ को संरचना विवरण | १०१ |
| ११. | तीज गीत सङ्ग्रह भाग ८ को संरचना विवरण | १०९ |

# परिच्छेदः एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर छतह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ शोधसमस्या

गीत र कविता क्षेत्रमा संलग्न जगतराज पौडेल नेपाली साहित्यका एक परिश्रमी साधक हुन् । चालिसको दशकदेखि नै साहित्य सिर्जनामा लागेका कवि जगतराज पौडेलको नेपाली साहित्यमा महत्वपूर्ण योगदान रहेको छ । जगतराज पौडेलको साहित्यकारिताका सम्बन्धमा सामान्य टीकाटिप्पणी र कृतिगत रूपमा गरिएका छोटा चर्चाबाहेक हाल सम्म कुनै निकायबाट पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन भएको छैन । तसर्थ तिनै समस्याहरूलाई लिएर सुव्यवस्थित विवेचनाका लागि प्रस्तुत शोधशीर्षक छनोट गरिएकोले जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.४. शोधकार्यको उद्देश्य

जहाँ स्रष्टाहरूको सम्मान हुन्छ त्यहाँ भाषा र साहित्यको विकास भएको हुन्छ । स्रष्टाहरूले देशको कुनैपनि क्षेत्रमा रहेर साहित्यको श्रीबृद्धिमा उल्लेखनीय भूमिका निभाएका हुन्छन् । मोफसलमा रहेर नेपाली साहित्यमा कलम चलाएका स्रष्टालाई कुनै क्षेत्र बिशेषका सीमामा सीमित राख्नु श्रेयस्कर हुँदैन । यस्ता राष्ट्रिय निधिहरूका बारेमा सुव्यवस्थित रूपमा अध्ययन एवं अनुसन्धान हुनु नितान्त आवश्यक छ । यस क्रममा नेपाली लोकगीत र कविताका क्षेत्रमा लामो समयदेखि निरन्तर सेवा र साधना गर्दै आएका जगतराज पौडेलको बारेमा अध्ययन

अनुसन्धान हुनु औचित्यपूर्ण देखिन्छ । यस आधारमा साहित्यकार जगतराज पौडेलको जीवन आजसम्म कसरी व्यतित हुँदैछ ? उनको साहित्यिक र साहित्येतर व्यक्तित्वका मूल पाटाहरू कुन् कुन् हुन् ? नेपाली साहित्यमा उनको कृतिगत योगदान के रहेको छ ? र उनको साहित्यिक कृतिमा के कस्ता वैशिष्ट्य रहेका छन् ? भन्ने जस्ता विषयलाई लिएर जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु नै प्रस्तुत शोध-पत्रको मूल उद्देश्य हो ।

## १.५. पूर्वकार्यको विवरण

नेपाली साहित्यको इतिहासमा तीन दशक सेवा गरिसकेका कवि जगतराज पौडेल चितवनका एक अनुसन्धानयोग्य साहित्यिक व्यक्तित्व भएर पनि आजसम्म यिनका व्यक्तित्व र कृतित्वको बारेमा साहित्यिक वृत्तमा एकाध टीकाटिप्पणी बाहेक विशेष चर्चा परिचर्चा भएको छैन । उनी र उनका रचनाका बारेमा विद्वान् समालोचकहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकामा छोटो चर्चा मात्र गरेका छन । तिनको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) जनकवि केशरी धर्मराज थापाको मन्तव्य, जगतराज पौडेल, **जेलभित्रको एक सानो संसार,** चितवन : छवी प्रकाशन, २०४२, पृष्ठ क- घ ।

माडीको वास्तविकता कवितामा पोखेर जगतराज पौडेलले माडीका हजारौं जनताको भावनाको प्रतिनिधित्व गरेका छन् । माडीको अव्यवस्थित जीवन कति भयावह र असन्तुलित छ भन्ने कुरा यो सानो जेल संसार भित्र गीतका पारामा पोखिएका छन् । कवि माडीका जनजीवनको दु:ख हैरानीसित भिजेको मात्र हैन प्रकृतिसित आफू घुलमिल भएको भन्ने कुरा पनि कविताका पङ्क्तिहरूबाट प्रष्ट हुन्छ भनी उल्लेख गर्नुले माडीका जनताले खेप्नु परेको हैरानीसँग जगतराज पौडेलको भावनात्मक सम्बन्ध गाँसिएको प्रष्टिन्छ ।

(ख) हरिहर खनाल, साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन, **विवेक,** (वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन) वर्ष ५, अङ्क २, २०४६ ।

यस लेखको पृष्ठ ८२ मा दु:खी र पीडित मानिसहरूका मर्म र व्यथालाई शब्दहरूको मालामा उनेर गीत र कविता रच्ने श्री पौडेलले आफ्नो प्रकाशित कृतिमा चितवनको माडी क्षेत्रको मर्म

र व्यथा उतारेका छन् । सामाजिक सेवामा संलग्न कवि श्री पौडेलले केही बर्ष यतादेखि बर्षेनी तीजको गीत लेखेर प्रकाशित गर्ने क्रम पनि चलाएका छन्  भनी उल्लेख गरिएको छ ।

(ग) मोदनाथ प्रश्रितको मन्तव्य, जगतराज पौडेल, **श्रद्धाञ्जलीका फूलहरू,** चितवनः छवी प्रकाशन, २०५१ ।

कविहरूद्वारा व्यक्त तिनै श्रद्धा सुमनमध्येको एउटा काव्य हो । ४१ वटा शीर्षकमा विभिन्न छन्दमा रचिएको यस काव्यमा मदन र आश्रितको जीवनका सबैजसो पक्षहरूलाई कवितात्मक रूप दिइएको छ । वर्तमान कायर प्रतिक्रियावादीहरूद्वारा भएको यस जघन्य हत्याकाण्डलाई ढाकछोप गर्न खोज्ने सरकारी नपुंसक प्रवृत्तिलाई र त्यस काण्डले जनतामा उठेको बिराट आक्रोश र जागरणको स्थितिलाई कवि जगतराज पौडेलले सजीव ढङ्गले स्थापित गरेका छन् भनी उल्लेख गरिएको छ ।

(घ) लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण**, चितवनः चितवन वाङ्मय प्रतिष्ठान, २०५२.पृष्ठ ३८- ३९ ।

यस लेखको पृष्ठ ३८ देखि ३९ मा जगतराज पौडेल चितवनका व्यथा र कथालाई शब्दमा उतार्ने कवि हुन् । प्रगतिवादी साहित्यका गहन अध्येता नभए पनि प्रगतिवादी सीमाभित्र रहेर शोषित पीडित जनताका बारेमा उनी कलम चलाउँछन् भनी उल्लेख गरिएको छ ।

(ङ) बालकृष्ण पौडेल, सप्तगण्डकी बहुमुखी क्याम्पस : एक शब्द चित्र, **सप्तगण्डकी**, (सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन) २०५५, पृष्ठ ४–६ ।

यस लेखको पृष्ठ ४ मा वि.सं. २०४७ साल श्रावण १७ गते अमिक शेरचनको अध्यक्षतामा सप्तगण्डकी बहुमुखी क्याम्पसको सञ्चालक समितिको पुर्नगठन गरिएको र जगतराज पौडेल समितिको उपाध्यक्ष चयन भएका, अमिक शेरचनको अध्यक्षतामा गठित ९ सदस्यीय सेक्रेटरीयटका उपाध्यक्ष, ९ सदस्यीय भवन निर्माण समितिको अध्यक्षमा चयन हुनुले  जगतराज पौडेलको शिक्षा क्षेत्रप्रति बढी लगाव देखिन्छ ।

(च) हरिहर खनाल, **स्मारिका**, (चितवनको साहित्यिक प्रकाशन) चितवन महोत्सव विशेषाङ्क, २०५७ ।

जगतराज पौडेलको जेलभित्रको एक सानो संसार (२०४२) कविता सङ्ग्रह पनि त्यही समयमा प्रकाशनमा आयो भनी चितवनका साहित्यकारहरूको साहित्यिक प्रकाशनको सन्दर्भ केलाउने क्रममा कवि जगतराज पौडेलको बारेमा चर्चा गरेका छन् ।

(छ) मदनमोहन जोशी, नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध, **नौलो राँको,** बर्ष ३९, अङ्क १, २०६४ ।

चितवनका साहित्यकारहरू चुप लागेर बस्ने खालका होइनन् । साहित्यिक गतिविधिको अभावमा देशको र जनताको बारेमा तथा परिवर्तनको निम्ति आफ्ना अभिव्यक्तिहरू हुन नपाएको र विचारहरू कुण्ठित हुन गएका कारण चितवनका साहित्यकारहरू स्रष्टाहरू रामहरि श्रेष्ठको घरमा वि.सं. २०४४ कार्तिक २८ गते भेला हुन पुग्छन् । सबैको सहमतिमा मदनमोहन जोशीको संयोजकत्वमा साहित्य सङ्गम, चितवनको जन्म हुन्छ । साहित्य सङ्गम चितवनका संस्थापक ११ जनामा ५ औं क्रममा जगतराज पौडेलको समेत नाम उल्लेख गरिएको छ ।

(ज) प्रलेस:चितवन, **स्रष्टा परिचय अङ्क**, चितवन: प्रगतिशील लेखक सङ्घ, २०६६ ।

प्रलेस चितवनले स्रष्टा सम्मान तथा कृति लोकार्पण कार्यक्रमअन्तर्गत चितवन जिल्लालाई कार्यक्षेत्र बनाएर सिर्जना गर्ने स्रष्टामध्येबाट निश्चित कार्यविधि बनाई सम्मान गर्न सिफारिस गर्न गठित समितिले छनोट गरेअनुसार २०६३मा लोकलय र गीति कविताका क्षेत्रमा उल्लेख्य योगदान गर्ने व्यक्तिका रूपमा जगतराज पौडेललाई सम्मान गरिएको पाइन्छ ।

(झ) भवनाथ सडौला, 'एक प्रेरक व्यक्तित्व: जगतराज पौडेल', **चितवन पोष्ट**, बर्ष -१३, अङ्क २५२, २०६७ जेठ ।

मूलत: कविता र गीत लेखनमा आफ्नो पहिचान बनाएका जगतराज पौडेल साहित्य सङ्गम चितवनका संस्थापक र आजीवन सदस्य हुन् । राष्ट्रप्रेमको भावना भएका समाज सुधारको सन्देश बोकेका र जीवनको सकारात्मक सोचलाई आत्मसात गरी लेखिएका पौडेलका रचनाहरू जनचेतना जगाउने खालका छन् ।

यसप्रकार छिटफुट रूपमा जगतराज पौडेलका सम्बन्धमा केही चर्चा भए पनि समग्र रूपमा अध्ययन हुन नसकेको अवस्थामा प्रस्तुत शोधपत्रमा समग्र रूपमा जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.६. शोधको क्षेत्र र सीमा

कवि जगतराज पौडेलको जीवनीको अध्ययन गर्नुका साथै व्यक्तित्वको परिचय दिनु र उनका २०६७ सालसम्म प्रकाशित साहित्यसम्बन्धी पुस्तकाकार कृतिहरूको अध्ययन गर्नु यस शोधकार्यको क्षेत्र रहेको छ भने अप्रकाशित तथा प्रकाशित फुटकर कृतिहरूको सुचीमात्र प्रस्तुत गर्नु यस शोधकार्यको सीमा रहेको छ । पुस्तकाकार कृतिको विश्लेषणका क्रममा सामान्यतः विधातत्वलाई आधार बनाइएको छ र अप्रकाशित कृतिको विधागत सुची मात्र प्रस्तुत गरी समग्रमा नेपाली साहित्यमा पौडेलको योगदानको मूल्याङ्कन गरिएको छ ।

## १.७. सामग्री सङ्कलन र शोधविधि

कवि जगतराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कनका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । शोधनायक जीवित नै भएकाले आवश्यकतानुसार अन्तर्वार्ता, छलफल तथा लिखित प्रश्नावलीका माध्यमबाट अध्ययन सामग्री सङ्कलन गरिएको छ । जीवनी र व्यक्तित्वसँग सम्बन्धित थप जानकारीहरू सङ्कलन गर्ने क्रममा अन्य विद्वान, समालोचक एवं आवश्यकतानुसार आफन्तजनहरूसँगको मौखिक अन्तर्वार्ता र भेटघाट लाई पनि सामग्रीको स्रोतको रूपमा लिइएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि आवश्यकतानुसार वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको र  जीवनी व्यक्तित्व पक्षको अध्ययनका लागि जीवनीपरक समालोचना प्रणाली तथा कृतित्व पक्षको अध्ययनका लागि वस्तुपरक विधापरक समालोचना प्रणालीको समेत अवलम्वन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

शोधपत्रको बाह्य संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि परिच्छेद, शीर्षक, उपशीर्षक, सन्दर्भ ग्रन्थसूची, परिशिष्ट आदिमा विभाजित गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्न बमोजिम रहेको छ :

**परिच्छेद एकः शोध परिचय**

यस परिच्छेद अन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि तथा शोधपत्रको रुपरेखा उपशीर्षक रहेका छन् ।

**परिच्छेद दुईः जगतराज पौडेलको जीवनी**

यस परिच्छेदमा जगतराज पौडेलको जीवनी र साहित्यबीचको अन्तर्सम्बन्धलाई वंशपरम्परा र जन्म, बाल्यकाल र शिक्षादीक्षा, विवाह तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेशा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश र निरन्तरता, रुचि र भ्रमण, अविस्मरणीय घटना, सम्मान तथा पुरस्कार, र जीवन दर्शन उपशीर्षकहरूमा अध्ययन गरिएको छ ।

**परिच्छेद तीनः जगतराज पौडेलको व्यक्तित्व**

यस परिच्छेदमा विशेष गरी जगतराज पौडेलको बाह्य व्यक्तित्व र स्वभाव, आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व (कवि, गीतकार), साहित्येत्तर व्यक्तित्व (समाजसेवी, राजनैतिक, प्रशासकीय, साँस्कृतिक, संवाददाता, शिक्षक, सङ्गठक व्यक्तित्व), विभिन्न व्यक्तिहरूका दृष्टिमा जगतराज पौडेल उपशीर्षकहरूमा विभाजन गरि उनको विविध व्यक्तित्व र साहित्यबीच कायम रहेको अन्तर्सम्बन्धको अध्ययनलाई विश्लेषण गरिएको छ ।

**परिच्छेद चारः जगतराज पौडेलको कृतित्वको अध्ययन**

यस परिच्छेदमा जगतराज पौडेलका समग्र कृतित्वको वर्गीकरण, अध्ययन तथा जेल भित्रको एक सानो संसार र श्रद्धाञ्जलीका फूलहरु कविता सङ्ग्रह एवं तीजको आवाज गीति सङ्ग्रह (भाग एक देखि आठ सम्म)को अध्ययन तथा फुटकर र अप्रकाशित रचनाहरूको सूचीमात्र प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँचः उपसंहार**

यस परिच्छेदमा प्रत्येक अध्यायको सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । अन्तमा सन्दर्भ ग्रन्थसूची र परिशिष्ट दिइएको छ ।

# परिच्छेद दुई
# जगतराज पौडेलको जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनभर गरेका काम कुराको क्रमबद्ध लेख वा कथन, जीवनचरित्र एवं जीवनका उतारचढावलाई जीवनी भनिन्छ ।[१] मानिसका जीवनयात्राका क्रममा विभिन्न किसिमका आरोह, अवरोह, व्यक्तित्वको निर्माण उत्थान र पतनमा जीवनका विविध घटना सन्दर्भहरू परिपूरक भएर आएका हुन्छन् । जीवनीमा सम्पूर्ण घटनाक्रमहरू नसमेटिए पनि महत्वपूर्ण घटनाक्रमहरू भने अवश्य समेटिन्छन् जसले व्यक्तित्व निर्माणमा अहम् भूमिका खेलेको हुन्छ । यसरी कुनै पनि व्यक्तिको जीवनका घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो ।

हरेक मानिसका जीवनमा विभिन्न किसिमका घटनाहरू अवश्य नै घटेका हुन्छन् र ती सानाठुला घटना अविस्मरणीय पनि हुन्छन् । तिनै घटनाक्रमहरूले कुनै मानिसलाई विशिष्ट बन्ने प्रेरणा मिल्छ भने कुनैलाई निकृष्ट पनि बनाउन सक्छ अनि कुनै व्यक्तिको घटनाक्रम ऊ आफैसँग जान सक्छ भने समाजमा विशेष उल्लेखनीय कार्य गरेका व्यक्तिहरूको घटनाक्रमबारे अरूबाट लेखिएर कालान्तर सम्म पनि रहन सक्छ ।

जीवनीले धेरै साहित्यकारहरूलाई प्रेरणा, उत्साह र हौसलाका साथै मार्गदर्शन र पथप्रदर्शन गरेको देखिन्छ । साहित्यकार जगतराज पौडेलको जीवनी पनि अन्य साहित्यकारहरूको जस्तै रहेको छ । विभिन्न क्षेत्रमा कार्यव्यस्तताको कारण उचित परिवेश प्राप्त नगरे पनि नेपाली साहित्यका क्षेत्रमा उनको योगदान मुल्याङ्कनयोग्य देखिन्छ ।

## २.२ वंश परम्परा र जन्म

जगतराज पौडेलका पुर्खाहरू आत्रेय ऋषिका सन्तान हुन् ।[२] मुस्लिम अत्याचार खप्न नसकेर उदय भट्टका खलक धर्मरक्षार्थ वर्तमान कन्नोज छोडेर टेहरी गढवालको श्रीनगर भन्ने स्थानमा गएर बसेका थिए । पछि उनीहरू पौडी हुँदै नेपाल प्रवेश गरेका हुन् भनिन्छ । यिनीहरू

---

१ बालकृष्ण पोखरेल, (नि.) **नेपाली बृहत् शब्दकोश** (पाँचौं संस्करण) काठमाडौं: ने.रा.प्र.प,२०५८,पृ ४७० ।

२ आत्रेय बंश अनुसन्धान प्रतिष्ठान- **पौडेल वंश राष्ट्रिय समिति**, भरतपुर-१, देवघाट, २०६०बाट प्राप्त जानकारीअनुसार ।

उत्तरकाशी (पौडी) भएर तत्कालीन डोटी राज्यको अजयमेरू, बझाङको पौडी (कालीकोट), जुम्ला भएर पूर्वतिर सर्दै आए र बाह्रौं शताब्दीपूर्व नै नेपाल प्रवेश गरी नेपालका विभिन्न स्थानहरूमा बसोबास गरेको पाइन्छ । नेपालको मध्य भागमा अवस्थित कास्की जिल्लाको पोखरा नजिकको सल्यानमा साहित्यकार जगतराज पौडेलका पुर्खा शङ्करानन्द आएर बसेका थिए । यिनका सन्तान दरसन्तानहरू पछि त्यहाँबाट कास्की जिल्लाकै पुरञ्चौर भन्ने गाउँमा आई बसोबास गरेको देखिन्छ ।[३] उनीहरूको वंशजमा जिजुहजुरबुवा रविलाल पौडेल, हजुरबुवा पूर्णखर पौडेल र बाबु छविलाल पौडेल भएको जानकारी प्राप्त हुन्छ ।[४]

जगतराज पौडेलको जन्म वि.सं. १९९८ जेठ दुई गते शुक्रबारका दिन कास्की जिल्लाको पुरञ्चौरमा माता नन्दकला र पिता छविलाल पौडेलबाट भएको हो । बाबुआमाका दुई छोरा र दुई छोरीमध्ये उनी जेठो छोराका रूपमा जन्मेका हुन् । उनको जन्म कुण्डलीको नाम जगन्नाथ पौडेल हो ।[५]

## २.३ बाल्यकाल र शिक्षादीक्षा

दोस्रो सन्तानका रूपमा जन्मिएका जगतराज पौडेल बाबु आमाको अत्यन्त प्यारा थिए । बाबु घरमा नभएका कारण आमालाई काममा सहयोग गर्नु पर्ने भए पनि बाबु भारतीय सेनामा जागिरे भएका कारण घरमा खान लाउन भने खासै दु:ख थिएन । कवि जगतराज पौडेल बाल्यकालमा अत्यन्त चुलबुले स्वभावका भए पनि उनले पढाइ र घरको कामलाई सँगसँगै लगेका थिए ।[६] पढाइमा तेजिला जगतराज सात कक्षा सम्म सँधै तेस्रा हुन्थे । तीक्ष्ण स्वभावका जगतराजको क्रियाकलाप देखेर गाउंलेहरू उनलाई चंखे नामले बोलाउँथे । बाबुको अनुपस्थितिमा समेत बाल्यकालदेखि नै परिपक्व र व्यावहारिक भएको देखेर सबै गाउँलेहरू छोरा हुनु त जगतराज जस्तो पो भनेर भन्ने गर्दथे ।

---

[३] पौडेल वंशावलीबाट प्राप्त जानकारी अनुसार ।

[४] शोधनायकको जन्मकुण्डलीबाट प्राप्त जानकारी अनुसार ।

[५] पूर्ववत् ।

[६] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

जगतराज पौडेलको शिक्षारम्भ घरबाट नै भएको भएतापनि औपचारिक रूपमा भने वि.सं.२००७मा कास्की जिल्लाको भुर्जुङ्ग खोलाबाट भएको हो । भुर्जुङ्ग खोला संस्कृत पाठशालामा केही समय अध्ययनपश्चात् पौडेलले वि.सं. २००९मा पोखरास्थित संस्कृत प्रधान पाठशालामा अध्ययन गरेका थिए । पौडेल अत्यन्त अनुशासित रहेकाले सोही पाठशालामा अध्ययन गर्दाका बखत गुरु लीलाधर पौडेलबाट सुयोग्य छात्र र शिरोमणि छात्रको उपमा दिएका थिए । त्यस पछि पुरन्चौरमा तत्कालीन भारती भवन निम्न माध्यमिक विद्यालय (हाल उच्च मा.वि.) मा उनले २०१२ मा कक्षा सात सम्म अध्ययन गरे । [७]

वि.सं २०१६मा पोखराको अमरसिंह चोकमा रहेको अमर माध्यमिक विद्यालयमा कक्षा आठमा अध्ययन् गरेका जगतराजले अन्तिम परीक्षामा अनुत्तीर्ण भएपछि पुनः कक्षा आठदेखि कक्षा दससम्म मल्टी पर्पोज स्कुलमा अध्ययन गरे । सो स्कुलबाट २०१९ सालमा प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेपश्चात् उच्च शिक्षा अध्ययनको सिलसिलामा पृथ्वीनारायण कलेजमा प्रवीणता प्रमाण पत्र तहमा अंग्रेजी विषय लिई अध्ययन सुरु गरेका भएपनि व्यावहारिक कारणले सो तह पूरा हुन नपाएको कुरा जगतराज पौडेल स्वयंले व्यक्त गरेका छन् । [८]

## २.४ विवाह तथा पारिवारिक स्थिति

जगतराज पौडेलको विवाह वि.सं. २००८मा बाबु पुर्णभद्र पराजुली र आमा राधिका पराजुलीकी छोरी बिमलासँग भएको हो । बाबु आमाको सहमति लिई वि.सं. २०२१मा उनले कमलासँग दोस्रो विवाह गरे । हाल पौडेलका दुई श्रीमती, एक छोरा, तीन छोरीहरू, एक बुहारी, छ नातिनी र पाँच जना नाति रहेका छन् । [९]

पौडेलका जेठा छोरा योगेन्द्रराज पौडेलले आई एस्सी तहमा राम्रो अङ्क ल्याएर विदेशमा छात्रवृत्ति पाई अध्ययन गर्ने लक्ष्य राखेर पढाइलाई दोहोऱ्याउँदा समेत राम्रो नतिजा ननिस्केपछि आत्मग्लानी भई वि.सं.२०४५ भाद्र १५मा नारायणी नदीमा हामफालेर देह त्याग गरे । कान्छा

---

[७] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[८] पूर्ववत् ।

[९] शोधनायककी कान्छी श्रीमती कमलाबाट प्राप्त जानकारी अनुसार ।

छोरा भुपेन्द्रलाई नसाको दीर्घ रोग लागेको थियो । दाजुको असामयिक मृत्युको घटनाले थपिएको पिरले भुपेन्द्रको रोगमा थप असर पुऱ्यायो । [१०]

सामाजिक, राजनीतिक र साहित्यिक क्षेत्रमा समेत परिचित जगतराज पौडेलको जीवनमा जेठो छोराको मृत्यु र कान्छो छोराको नसाको रोगका कारण थप चिन्ता थपियो र २।४ वर्षको निरन्तर उपचार पश्चात कान्छा छोरा भुपेन्द्रको रोग निको भएपछि केही राहत महसुस भएको छ ।[११]

साहित्यकार जगतराज पौडेलकी तीन छोरीहरूमध्ये जेठी छोरी मधुधारा काफ्लेको बसोबास नारायणगढ बेलचौकमा, युगधारा गौतम र गँगाधारा दाहालको काठमाडौंमा रहेको छ । छोरा भुपेन्द्र पौडेल कलेज अफ मेडिकल साइन्सेस भरतपुरमा कर्मचारीका रूपमा कार्यरत छन् भने बुहारी पवित्रा ज्ञवाली सप्तगण्डकी बहुमुखी क्याम्पसकी कर्मचारी हुन् । जगतराज पौडेलका नाति नातिनाहरू माध्यमिक विद्यालय तहको अध्ययन पुरा गरी उच्च माध्यमिक शिक्षा हासिल गर्नका लागि विभिन्न कलेजहरूमा अध्ययनरत छन् । नाति पल्लवराज पौडेल एम.वि.वि.एस.पढ्दै छन् भने नातिनी अस्मिता र राधिका कक्षा १२ मा अध्ययनरत छन् । [१२] दुई श्रीमती भएपनि उनीहरूबीच कहिल्यै कटुता नभई मेलमिलाप नै रहेको देखिन्छ ।[१३]

वि.सं. २०१९मा जगतराज पौडेलका पिता छविलाल पौडेल चितवनको माडीमा आई बसोबास गरेको पाइन्छ । उनका बाबुको वि.सं. २०२७मा र आमाको २०४५मा देहान्त भएको हो । [१४] पौडेल वि.स. २०३९ देखि भरतपुर नगरपालिका वडा नं १० दीपेन्द्रनगरमा बसोबास गर्दै आएका छन् ।[१५]

---

[१०] शोधनायककी  जेठी श्रीमती बिमलाबाट प्राप्त जानकारी अनुसार ।

[११] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[१२] शोधनायकका छोरा भुपेन्द्रबाट प्राप्त जानकारी अनुसार ।

[१३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[१४] पूर्ववत् ।

[१५] पूर्ववत् ।

## २.५ आर्थिक अवस्था र पेशा

कास्कीको मध्यमवर्गीय परिवारमा जन्मेका पौडेलको खेती किसान बाहेक थप आय भनेको भारतीय सेनामा रहेका बाबुको पारिश्रमिक नै थियो । जगतराज पौडेलमा सानैदेखि केही गर्नुपर्छ भन्ने कर्तव्यबोध हुन्थ्यो र पढाइका अतिरिक्त घरायसी काममा पनि दिलचस्पी दिने गर्थे । त्यसैले उनले प्रवीणता प्रमाणपत्र तहको अध्ययन पश्चात् जीविकोपार्जनका लागि विभिन्न पेशा र व्यवसाय सञ्चालन गरेको देखिन्छ । सर्वप्रथम वि.सं. २०२१।२२मा पोखरामा होटल व्यवसाय सञ्चालन गरेका र २०२३ बाट २०२९ सम्म चितवन जिल्लाको माडीमा अवस्थित जनजीवन माध्यमिक विद्यालयमा प्रधानाध्यापकका रूपमा कार्यरत रहेका थिए । त्यसपछि अध्यापन पेशाबाट सन्तुष्ट हुन नसकी केही समय गल्ला व्यापारी भई धान खरिदमा लागेका र २०२९ मंसिर देखि २०३४ सम्म राईस मिल सञ्चालन गरेको पाइन्छ ।[१६]

वि.सं. २०३९ देखि साना केटाकेटीको पढाई सहज बनाउने भनी भरतपुर १० मा अवस्थित दीपेन्द्रनगरमा आई बसोबास गरे । भरतपुर आगमनपश्चात साहित्य लेखनमा बढी सक्रियताका साथ लागेका पौडेलले समाजसेवा र राजनीतिलाई पनि निरन्तरता दिएका छन् । शिक्षा क्षेत्रको सेवामा अत्यन्त सक्रिय पौडेल भरतपुरको सप्तगण्डकी बहुमुखी क्याम्पस स्थापनाकाल देखि नै यसको उत्थान र विकासको लागि निरन्तर लागिपरेको देखिन्छ ।[१७] सप्तगण्डकी बहुमुखी क्याम्पसको उपाध्यक्ष र भवन निर्माण समितिको अध्यक्ष भएर उनले सप्तगण्डकी क्याम्पसको शिक्षण भवन र पुस्तकालय भवन निर्माणमा सक्रियरूपमा सेवा गरेका छन् ।

## २.६ सेवा

कास्की जिल्लाबाट चितवन आएपछि वि.सं. २०२३ बाट २०२९ सम्म अध्यापन पेशा अंगाली प्रधानाध्यापकका रूपमा कार्यरत जगतराज पौडेलले जम्मा ६ वर्ष सरकारी सेवा गरेका

[१६] शोधनायकको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी अनुसार ।

[१७] शोधनायकको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी अनुसार ।

छन् र शिक्षण सेवालाई निरन्तरता दिन असमर्थ देखिन्छन् । उनको ध्यान व्यापार व्यवसाय हुँदै राजनीति, समाजसेवा र साहित्य तिर केन्द्रित रहेको पाईन्छ । [१८]

वि सं. २०३५ देखि राजनीतिमा सक्रिय भई अयोध्यापुरी गाउँ पञ्चायतको प्रधानपञ्चमा निर्विरोध निर्वाचित भएका पौडेलले २०३५ देखि २०३९ साल सम्म चार वर्ष प्रधानपञ्चका रूपमा रहेर कार्य गरेको पाइन्छ । राजनीतिमा संलग्न रहेर पौडेलले विभिन्न क्षेत्रमा निम्नानुसार कार्य गरेका छन्:

तालिका नं.: १ जगतराज पौडेलको राजनीतिक क्षेत्रमा संलग्नता विवरण

| क्र.सं. | संलग्न संस्था | पद | अवधि |
|---|---|---|---|
| १ | नेपाल विद्यार्थी सङ्गठन, गण्डकी अञ्चल, बन्दीपुर | सभापति | २०१९ |
| २ | अयोध्यापुरी गा.वि.स., माडी | प्रधानपञ्च | २०३५-२०३९ |
| ३ | जिल्ला पञ्चायत, चितवन | सदस्य | ०३९ - २०४६ |
| ४ | राष्ट्रिय पञ्चायत सदस्य उम्मेदवार, चितवन | पराजित | २०४३ |
| ५ | जनमञ्च चितवन | सचिव | २०४४ |
| ६ | राष्ट्रिय प्रजातान्त्रिक एकता मञ्च, चितवन | सचिव | २०४६ |
| ७ | ने.क.पा.एमाले, जिल्ला कमिटि, चितवन | सदस्य | २०५० |
| ८ | भरतपुर नगरपालिकामा नेकपा एमालेका तर्फबाट | प्रतिनिधि | २०५१ - ०५४ |
| ९ | ने.क.पा.एमाले, जिल्ला कमिटि, चितवन | कार्यालय सचिव | २०५४ |
| १० | ने.क.पा.एमाले, नारायणी अञ्चल प्रचार विभाग | सदस्य | २०५७ |

१८ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## २.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश र निरन्तरता

साहित्यकार जगतराज पौडेलले सामाजिक, राजनीतिक र साहित्यिक क्षेत्रमा पुऱ्याएका योगदान उल्लेखनीय देखिन्छ । चितवन जिल्लाको माडी क्षेत्र कृषि उत्पादनका दृष्टिले निकै उर्वर भूमि मानिन्छ । तर यहाँ आजसम्म पनि बाटो घाटो, पुल र अस्पताल आदिको विकास हुन सकेको छैन । जगतराज पौडेल त्यस क्षेत्रमा वि.सं. २०२१ देखि नै बसोबास गर्दै आएका हुन् र उनले सामाजिक चेतनाका कारण माडीको उत्थान र उन्नयनका लागि धेरै पहल र प्रयत्न गरेको पाइन्छ ।[१९]

शैक्षिक क्षेत्रमा पनि उनको विशेष रूचि रहेकाले जनजीवन माध्यमिक विद्यालयलाई अग्रगति दिनमा उनको बिशेष भूमिका रहेको पाइन्छ । माडीलाई जेलभित्रको एक सानो संसारको उपमा दिई उनले आफ्नो कृतिको नाम नै त्यही भावमा राखेका छन् । सर्वप्रथम माडी क्षेत्र विकास समितिका क्षेत्रीय अध्यक्ष बनेर समाजसेवीको परिचय दिन सफल पौडेल भरतपुर आगमनपश्चात सप्तगण्डकी बहुमुखी क्याम्पसको भवन निर्माण समितिको अध्यक्ष र सञ्चालक समितिको बरिष्ठ उपाध्यक्षका रूपमा उनले सेवा गरेका छन् ।[२०]

उनी भरतपुर आएपछि चितवन माध्यमिक विद्यालय व्यवस्थापन समिति सदस्य, चितवन माध्यमिक विद्यालयकै निर्माण समितिका सदस्य बने । सप्तगण्डकी सुमन वाटिका निर्माण समितिका अध्यक्ष, चित्रसेन प्राथमिक विद्यालयका निर्माण समितिका सदस्य र व्यवस्थापन समितिको समेत सदस्य, भरतपुर अस्पतालको बी ब्लकको सदस्य, भवन निर्माण समितिको सदस्य, भरतपुर १० विभिन्न टोलको बाटो कालोपत्रे गर्दा बाटो निर्माण समितिको अध्यक्ष रही सामाजिक कार्यमा संलग्न रहेको देखिन्छ । [२१]

भरतपुर १० मा अवस्थित नेपाल रेडक्रस सोसाइटी भरतपुर उपशाखाका आजीवन सदस्य पौडेलले उक्त उपशाखाको भवन निर्माण कार्यमा पनि प्रशस्त सहयोग गरेका छन् । [२२]

---

[१९] पोषराज पौडेलसंगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[२०] शोधनायकको व्यक्तिगत विवरणबाट प्राप्त जानकारी अनुसार ।

[२१] पूर्ववत् ।

[२२] पूर्ववत् ।

तालिका नं.: २ जगतराज पौडेलको सामाजिक क्षेत्रमा संलग्नताको विवरण

| क्र.सं | संलग्न संस्था | पद | अवधि |
|---|---|---|---|
| १ | जनजीवन नि.मा.वि. भवन निर्माण समिति | संस्थापक सचिव | २०२४ |
| २ | माडी मा.वि.,माडी | सदस्य | २०३१।३२ |
| ३ | माडी क्षेत्र विकास समिति | संस्थापक अध्यक्ष | २०३७ |
| ४ | सोमेश्वर मा.वि., गर्दी, माडी | सल्लाहकार सदस्य | २०४४ |
| ५ | साहित्य सङ्गम, चितवन | संस्थापक सदस्य | २०४४ |
| ६ | मुक्ति सांस्कृतिक परिवार, चितवन | संस्थापक अध्यक्ष | २०४७ |
| ७ | नारायणी मा.वि. व्यवस्थापन समिति, भरतपुर | सदस्य | २०४७ |
| ८ | सप्तगण्डकी बहुमुखी क्याम्पस, सञ्चालक समिति | उपाध्यक्ष | २०४७ |
| ९ | सप्तगण्डकी बहुमुखी क्याम्पस, भवन निर्माण समिति | अध्यक्ष | २०४७ |
| १० | राष्ट्रिय जन सांस्कृतिक मञ्च, चितवन | केन्द्रीय सदस्य | २०४७–२०५१ |
| ११ | मदन आश्रित स्मृति भवन निर्माण समिति | अध्यक्ष | २०५०–०५८ |
| १२ | नेपाल मदन आश्रित स्मृति प्रतिष्ठान | सचिव | २०५१ |
| १३ | नेपाल रेडक्रस सोसाइटी, चितवन | आजीवन सदस्य | २०५३ |
| १४ | दीपज्योति बचत तथा ऋण सहकारी संस्था लि., भरतपुर | सल्लाहकार सदस्य | २०५७ |
| १५ | नेपाल नेत्रज्योति सङ्घ, चितवन | आजीवन सदस्य | २०६० |
| १६ | बृद्ध कल्याणकारी सङ्घ, चितवन | आजीवन सदस्य | २०६१ |
| १७ | प्रगतिशील लेखक सङ्घ, चितवन | साधारण सदस्य | २०६५ |

## २.८ रूचि र भ्रमण

सानैदेखि सामाजिक कार्य गर्न मन पराउने जगतराज पौडेल पाहुनाको स्वागत सत्कार गर्न विशेष मन पराउँछन् । सामान्यतः दालभात, तरकारी र अचार मन पराए पनि बिशेष अवसरमा खिर, लट्टे, सेलरोटी, भुटेको वा रसिलो दुवै प्रकारको खसीको मासु मन पराउने पौडेल गुन्द्रुकको झोल पिउन निकै रूचाउँछन् । [२३]

लगाउने कुरामा पौडेलको त्यति शोख नभए पनि सफा कपडा लगाउन चाहन्छन् । खैरो रंगको सर्ट, पाइण्ट र त्यस माथि थप इष्टकोट लगाउन बिशेष मन पराउंछन् । [२४]

आँफु सानो हुँदा गाईवस्तु चराउन वन पाखा जाँदा साथी भाइबीच चल्ने दोहोरी खेलको प्रभावबाट अन्य साहित्यिक विधामा भन्दा कविता र गीतमा बढी आकर्षित पौडेल गीत र कविता पछि नाटकमा रूचि राख्दछन् । १०।१२ वर्षदेखि नै साहित्यिक यात्रामा लागेका जगतराज अमर माध्यमिक विद्यालयको शुक्रवासरीय कार्यक्रममा प्रथम हुने गरेका थिए । उनको माछापुच्छ्रे हिमालको फेदैमा भन्ने कविता त्यतिवेला निकै चर्चित भएको थियो । नाटक विधामा स्कुल जीवनमा नै कलम चलाएका उनले मल्टी पर्पोज विद्यालयमा अध्ययन गर्दा चाउरे जैसे नाटक लेखेर पुरस्कार समेत प्राप्त गरेका थिए । [२५]

जगतराज बाल्यकालमा कपर्दी खेल्न खुब रूचाउँथे । पहाडतिर प्रचलित माफी खेलमा त प्रायजसो उनी प्रथम हुने गर्थे । सङ्गीतमा पञ्चै बाजा अझ विशेष गरी झ्याली बजाएको सुनेपछि नाच्नको लागि जुरूक जुरूक हुने जगतराज खैंजडी र मुजुरा पनि त्यत्तिकै मन पराउँछन् । [२६]

---

२३ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

२४ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

२५ पूर्ववत् ।

२६ पूर्ववत् ।

भ्रमण तर्फ नेपालको पश्चिममा महाकाली, पुर्वमा इटहरी, उत्तरमा मुक्तिनाथ सम्मको भ्रमण गरेका जगतराजले भारतको पटना, मुजफ्फरपुर, लखनउ, कानपुर र राँची सम्मको भ्रमण गरेका छन् । [२७]

स्वच्छ हावाले श्वास प्रश्वासमा थप सुविधा हुने हुँदा आज भोलि बिहानको समयमा घुम्न पनि उत्तिकै मन पराउँछन् । गाउँघरमा गोठाले जीवनमा रचेका दोहोरी गीतबाट १०।१२ वर्षको उमेर देखि नै साहित्यको क्षेत्रमा कलम चलाएका जगतराज हालसम्म पनि त्यसै विधालाई पछ्याइरहेका छन् । [२८]

## २.९ अविस्मरणीय घटना

मानिसको जीवनमा अनेक खाले घटनाहरू घट्छन । कुनै घटनाले क्षणिक समयमा मात्र सम्झना गराउँछन् भने कुनै घटनाले दुरगामी प्रभाव पारेका हुन्छन् । कतिपय घटनाहरू मानिसको मानसपटलमा जीवन्त र अविस्मरणीय भएर रहेका हुन्छन् । जगतराज पौडेलका जीवनमा पनि यस्ता केही घटनाहरू अझ पनि ताजा बनिरहेका छन् । ती हुन् :

### २.९.१. पारिवारिक जीवनसँग सम्बन्धित

कवि जगतराज पौडेलको जीवनमा एउटा यस्तो बज्रपातको क्षण आयो जुन चाहेर पनि उनले कहिल्यै भुल्न सक्दैनन् । जगतराज पौडेलको जेठा छोराको बीस बर्षको रहरलाग्दो उमेरमा भएको असामयिक निधनको घटना उनको जीवनमा सदा अविस्मरणीय रहेको कुरा स्वयं उनी बताउँछन् ।[२९]

### २.९.२. राजनीतिसँग सम्बन्धित

अयोध्यापुरी माडीमा प्रधानपञ्च र उपप्रधानपञ्च निर्विरोध निर्वाचित भई बडो हर्षोल्लास र उन्मादका साथ जिल्लास्तरीय चुनावमा भाग लिन भरतपुर आउँदा होटलमा आंफुसँग एउटै कोठामा सुतिरहेका आफ्नै सहयोद्धा साथी रघुनाथ अधिकारीको रहस्यमय अपहरणबाट उत्पन्न बेचैनी र तीन दिन पछि नारायणी नदीको किनारमा यत्रतत्र शरीर भरी निलडाम, बँगारा

---

२७ पूर्ववत् ।

२८ पूर्ववत् ।

२९ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

नभएको, घाँटीमा डोरीको डाम सहितको शव भेटिएको खबर थाहा पाएर हेर्न जाँदा नतमस्तक भएर लासलाई हेर्नु सिवाय केही गर्न नसकिएको घटना कवि जगतराज पौडेलको मष्तिष्कमा आज सम्म पनि ताजै छ ।[३०]

## २.१०. सम्मान तथा पुरस्कार

कुनै व्यक्तिको कार्यको आधारमा आफ्नो कार्यप्रति थप उर्जा मिलोस् र दत्तचित्त भई भविष्यमा उत्कृष्ट कार्य गर्नाका लागि प्रेरणा मिलोस् भन्ने उद्देश्यले सम्मान तथा पुरस्कार दिने गरिन्छ । जगतराज पौडेलमा रहेका बहुमुखी प्रतिभाको कदर गर्दै उनलाई विभिन्न क्षेत्रबाट सम्मान तथा पुरस्कार प्रदान गरिएका छन् । जुन् यस प्रकार छ :

तालिका नं.: ३ जगतराज पौडेललाई प्रदान गरिएका सम्मान तथा पुरस्कारको विवरण

| क्र.सं. | पुरस्कृत गर्ने संस्था | पुरस्कारको किसिम | वर्ष |
|---|---|---|---|
| १ | जनजीवन नि.मा.वि., चितवन | अभिनन्दन | २०३५ |
| २ | राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपाल | प्रशंसापत्र | २०५३ |
| ३ | जनजीवन नि.मा.वि., चितवन | अभिनन्दन | २०५६ |
| ४ | ने.क.पा. एमाले, १० नं वडा कमिटी, भरतपुर | अभिनन्दन | २०५९ |
| ५ | चितवन मा.वि., भरतपुर | अभिनन्दन | २०६१ |
| ६ | सप्त गण्डकी बहुमुखी क्याम्पस, भरतपुर | अभिनन्दन | २०६३ |
| ७ | प्रगतिशील लेखक सङ्घ चितवन | सम्मान पत्र | २०६४ |
| ८ | सप्त गण्डकी बहुमुखी क्याम्पस, भरतपुर | कदरपत्र | २०६५ |
| ९ | भारती भवन उच्च मा.वि. पुरञ्चौर कास्की | अभिनन्दन | २०६६ |
| १० | साहित्य सङ्गम, चितवन | अभिनन्दन | २०६७ |
| ११ | स्व. मदन मोहन जोशी स्मृति पुरस्कार | सम्मान पत्र | २०६७ |

३० पूर्ववत् ।

## २.११. जीवन दर्शन

जगतराज पौडेल कर्मठ र लगनशील व्यक्ति हुन् । उनी स्पष्ट वक्ता, बोलेको कुरा पुरा गरि छाड्ने र  कुनै काम गर्न सुरू गरेपछि सिद्ध नगरेसम्म लागिपर्ने स्वभावका व्यक्ति हुन् । भावुकता उनको मौलिक विशेषता हो । [३१] नेताको चाकडी गर्ने बानी उनमा देखिंदैन । आफ्नो स्वाभिमानमा गर्व गर्ने व्यक्तित्वका रूपमा परिचित छन् । साहित्यतिर सानै उमेरदेखि फाट्फुट्रूपमा कलम चलाए पनि जगतराज पौडेलको साहित्यिक व्यक्तित्वको विकास भने २०४०।४१ साल देखि हुन थालेको हो । साहित्यका अतिरिक्त राजनीतिक र सामाजिक व्यक्तित्वको रूपमा बढी परिचित छन् । उनी कुनै काममा लागेपछि लागेको लाग्यै गर्छन् । उनी कर्ममा विश्वास राख्छन् । गुटबन्दी, दलाली नरूचाउने स्वभावका भएर नै राजनीतिमा त्यति अघि आउन नसकेका हुन् । उनको मुख्य विशेषता भनेकै सामाजिक सेवा भाव हो । कहिले शिक्षक, कहिले गाउँको प्रधानपञ्च, कहिले राजनीतिकर्मी, कहिले समाजसेवी कहिले शिक्षाप्रेमी र प्रगतिवादी साहित्यकार बनेर उनले सात दशक पार गरिसकेका छन् । व्यक्तिगत स्वार्थमा नलागी आफ्नै परिश्रम र लगनशीलताले आजको अबस्थामा आएका बताउने पौडेल स्पष्ट वक्ता र स्वच्छ छविका रूपमा समेत परिचित छन् । [३२]

मार्क्सवादी चिन्तनबाट अत्यन्त प्रभावित पौडेल सबै वामपन्थी शक्तिहरू एक हुनुपर्छ भन्ने विचार राख्दछन् । कहिल्यै प्रलोभनमा नलागी कर्ममा रमाउनु पर्छ भन्ने उनको मान्यता रहेको छ । सबैले देश र जनताप्रति उत्तरदायी भएर राष्ट्रभक्ति भाव देखाउनुपर्छ भन्ने विचार राख्ने पौडेल अर्काको कुभलो चिताउन हुँदैन भन्ने दृष्टिकोण राख्दछन् । [३३]

## २.१२. निष्कर्ष

गण्डकी अञ्चल कास्की जिल्लाको पुरञ्चौरमा वि.सं. १९९८मा पिता छविलाल पौडेल र माता नन्दकलाको जेष्ठ सुपुत्रका रूपमा जन्मिएका जगतराज पौडेलको पुर्ख्यौली थलो भने कास्की जिल्ला अन्तर्गतकै सल्यान हो । संस्कृत प्रधान पाठशालाबाट शिक्षारम्भ गरेका

---

[३१] साहित्यकारहरुसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

[३२] पूर्ववत् ।

[३३] पूर्ववत् ।

जगतराजले मल्टी पर्पोज स्कुलबाट एस एल सी परीक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनका लागि पृथ्वी नारायण कलेजमा प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्दागर्दै औपचारिक शिक्षाको समापन गर्छन् र विभिन्न व्यवसाय अपनाउन पुग्छन् । पर्यटकीय नगरी पोखरामा होटल व्यवसायबाट आफ्नो पेशा थालनी गरेका पौडेलले थुप्रै क्षेत्रमा अनुभव संगालेका छन् । जनजीवन माध्यमिक विद्यालयमा प्रधानाध्यापक भई शिक्षा क्षेत्रमा आबद्धता जनाएका पौडेल खाद्यान्नको गल्लाव्यापारी समेत बनेका छन् । दुई श्रीमती र परिवार भए पनि उनको परिवारमा पारिवारिक विग्रह कहिल्यै थाहा पाइएन । पारिवारिक मेल र स्थिर स्वभावका पौडेल मार्क्सवादी चिन्तनका पक्षधर मानिन्छन् र पार्टीको निर्णय बमोजिम प्रधानपञ्चमा निर्विरोध निर्वाचित हुन पुग्छन् । सामाजिक क्षेत्रमा पनि आफ्नो पहिचान बनाइसकेका पौडेल शैक्षिक क्रियाकलापमा पनि अग्रपंक्तिमा उभिन पुगेका छन् । उनले जनजीवन माध्यमिक विद्यालय, माडीको लागि निकै योगदान दिएका छन् । सामाजिक, राजनीतिक र साहित्यिक तीन व्यक्तित्वलाई सँगसँगै लगेको पाइन्छ । साहित्य सङ्गम चितवनको स्थापनाकालदेखि नै सक्रिय रूपमा कार्य गरेका पौडेललाई साहित्य सङ्गम चितवनले दुई पटक अभिनन्दन गरिसकेको छ ।

एक पटक ठुलो रोगले थलिएर बाँच्ने आशा समेत मारिसकिएका पौडेल हाल स्वस्थ जीवन बाँचिरहेका छन् । आफ्ना छोरा बुहारी, दुई धर्मपत्नी र नातीनातिनाहरुसँग जीवन बिताइरहेका छन् ।

# परिच्छेद तीन

# जगतराज पौडेलको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण वा व्यक्ति विशेषको निजीपनलाई व्यक्तित्व भनिन्छ ।[३४] व्यक्तित्वकै आधारमा मानिस चिनिएको हुन्छ । व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ । व्यक्तिको प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकता र विचार जस्ता विविध आधारमा व्यक्तित्वको निर्धारण हुन्छ ।[३५] एक जना साहित्यकार कलाकार हुन सक्छ, वैज्ञानिक हुन सक्छ, समाजसेवी हुन सक्छ, प्रवक्ता, राजनीतिज्ञ, खेलाडी, दार्शनिक आदि धेरै हुन सक्छ र अन्य विविध क्षेत्रसँग उसको सम्बद्धता हुन सक्छ ।[३६]

हरेक व्यक्तिमा बाह्य र आन्तरिक व्यक्तित्व हुन्छ । शारीरिक वनावटको रूपमा देखिने व्यक्तित्व बाह्य व्यक्तित्व हो भने व्यक्तिका जीवनका अन्तदर्शनबाट निसृत व्यक्तित्व आन्तरिक व्यक्तित्व हो । बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वलाई आभूषणको रूपमा उजिल्याउने काम गरेको हुन्छ । समाजका प्रतिष्ठित व्यक्तिहरूको व्यक्तित्वले समाजमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यस्तै प्रतिष्ठित व्यक्तिमध्ये एक हुन् जगतराज पौडेल । उनी बहुआयामिक व्यक्तित्वका रूपमा देखा पर्छन् । उनका व्यक्तित्वलाई पनि आन्तरिक र बाह्य गरी दुई किसिमले हेर्न सकिन्छ ।

## ३.२ बाह्य व्यक्तित्व र स्वभाव

बाहिरबाट हेर्दा स्पष्ट रूपमा देखिने शारीरिक बनावट नै बाह्य व्यक्तित्व हो । यसलाई जो कोहीले पनि स्पष्टसँग देख्न सक्तछ । जगतराज पौडेलको आन्तरिक व्यक्तित्व संगै बाह्य व्यक्तित्व पनि आकर्षक देखिन्छ । पाँच फिट पाँच ईञ्च उचाइ र लगभग ६२ किलोग्राम तौल

---

३४ बालकृष्ण पोखरेल, (नि.) **नेपाली बृहत् शव्दकोश** (पाँ.) काठमाडौंः ने.रा.प्र.प,२०५८,पृ ११७५ ।

३५ मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९, पृ २१ ।

३६ बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५६, पृ २२ ।

भएका गहुँ गोरो वर्ण, रातोपिरो देखिने अनुहार, ठाडो मोहडा, ठीक्कको ललाट, उनान्सत्तरी बसन्त पार गरिसकेका अस्वस्थ अवस्थामा समेत फुर्तिलो देखिने शरीर, सम्मानजनक व्यवहार, मीठो बोली, निष्कपटपूर्ण बानी व्यवहारले जगतराज पौडेलको व्यक्तित्व प्रभावशाली देखिन्छ । सबैसँग मित्रवत् व्यवहार गर्ने, पाहुनाको स्वागत सत्कार गर्ने, भावुक, कोमल ह्दय, सहयोगी भावना जस्ता गुण उनमा पाइन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिले आफ्नो व्यक्तित्वको निर्माण समाजबाट नै गर्दछ । समाजमा उसले देखेभोगेका र अनुभव गरेका क्रिया प्रतिक्रियाबाट जुन अन्तर्वोध जन्मन्छ त्यसैले उसको व्यक्तित्व निर्माणमा सहयोग गर्दछ । व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेश तथा शिक्षादीक्षा जस्ता कुराले व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । [३७] जगतराज पौडेलको समग्र व्यक्तित्वको आधारशीलाको रूपमा उनले जन्मे हुर्केका परिवेश, सामाजिक, आर्थिक अवस्था र शिक्षादीक्षालाई लिन सकिन्छ । उनको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

३.३.१. साहित्यिक व्यक्तित्व

३.३.१.१. कवि व्यक्तित्व

३.३.१.२. गीतकार व्यक्तित्व

३.३.२. साहित्येत्तर व्यक्तित्व

३.३.२.१.सामाजिक तथा सांस्कृतिक व्यक्तित्व

३.३.२.२.राजनैतिक व्यक्तित्व

३.३.२.३ प्रशासकीय व्यक्तित्व

३.३.२.४.संवाददाता व्यक्तित्व

३.३.२.५.शिक्षक व्यक्तित्व

३.३.२.६.सङ्गठक व्यक्तित्व

---

[३७] विनोद पौडेल, **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०६५, पृ २४ ।

### ३.३.१. साहित्यिक व्यक्तित्व

विद्यालय तहमा अध्ययन गर्दादेखि नै फुटकर कविता कोर्ने र शुक्रवासरीय साहित्यिक कार्यक्रममा भाग लिएर वारम्बार पुरस्कार प्राप्त गरेका जगतराज पौडेल अन्य साहित्यकार जस्तै कविता विधाबाट साहित्य सिर्जनातर्फ प्रेरित भएका हुन् । बिदाका दिनमा गोठालो जाँदा साथीहरुबीच खेलिएका प्रतियोगितात्मक लोकदोहारी खेलले पनि उनको साहित्य सिर्जनालाई पुनर्वल मिलेको विश्वास लिएका छन् । साहित्यलाई मानवताको दर्पण मान्ने कवि पौडेल साहित्य जनवादी हुनुपर्छ र लोककल्याणकारी काम लेखिनुपर्छ भन्छन् भने निरङ्कुश व्यवस्था, अन्याय र अत्याचारले गर्दा त्यसको भण्डाफोर गर्ने माध्यमको रूपमा साहित्यलाई लिन्छन् । [३८]

युगधारा पत्रिकामा. सतहभित्र खोतलिंदा शीर्षकमा कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका पौडेलको साहित्ययात्रा क्रमश गीत, नाटकमा समेत फैलिएको पाइन्छ । साहित्यको विधा मध्ये निबन्ध विधामा कहिल्यै हात नहालेको बताउने जगतराजले धेरै वर्षको मेहनत लगाएर उखान टुक्का पनि सङ्ग्रह गरेका छन् । साहित्यमा सानै उमेरदेखि कलम चलाए पनि उनको साहित्यिक लेखनको विकास भने चालिसको दशकपछि मात्र भएको देखिन्छ । उनले समाजमा व्याप्त अन्याय, अत्याचार, भ्रष्टाचार, उत्पीडन र हत्या हिंसाका विरूद्धमा साहित्यको माध्यमबाट खवरदारी गरेका छन् । उनका हालसम्म दुई वटा कविता सङ्ग्रह र तिजका गीतहरू तिजका आवाज नामक शीर्षकमा भाग १ देखि भाग ८ सम्म प्रकाशित भएका भए पनि तिजका आवाजका केही भाग अप्राप्य छन् ।

#### ३.३.१.१. कवि व्यक्तित्व

साहित्य साधनामा सानै उमेरदेखि रूचि भएका जगतराज पौडेल विभिन्न पत्रपत्रिकामा फुटकर कविता प्रकाशन पछि पुस्तकाकार कृतिको रूपमा 'जेल भित्रको एक सानो संसार' कविता सङ्ग्रह लिएर साहित्यको फाँटमा सार्वजनिक रूपमा देखा परेका हुन् । यस कृतिको प्रकाशनले उनलाई उदियमान कविको रूपमा चिनाएको छ । यस कविता सङ्ग्रहमा १३ वटा कविता सङ्ग्रहित छन् । उनका कवितामा चितवन जिल्लाको दुर्गम मानिने माडीको यातायात, विद्युत, पुल, स्वास्थ्य उपचार जस्ता समस्यालाई उतारिएको छ । त्यस्तै प्रकृति, निकुञ्ज, ताल

३८ शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

तलैया, गरिवी, भरिया आदिमा आधारित भएर कविता लेखिएका छन् । उनका कवितामा मानवतावादी स्वर, विसङ्गतिप्रति आक्रोश, क्रान्तिकारी चेत, मार्क्सवादी चिन्तन, प्रकृति प्रेम पाइन्छ ।

'श्रद्धाञ्जलीका फूलहरु नामक कविता सङ्ग्रह' जगतराजको दोश्रो कविता सङ्ग्रह हो । वि.सं २०५० जेठ ३ गतेका दिन तत्कालीन ने.क.पा. मालेका महासचिव मदन भण्डारी र सङ्गठन विभागका प्रमुख जीवराज आश्रितको असामयिक निधनले देश र जनता शोकाकुल बनेको विषयवस्तुलाई आधार मानेर लेखिएको छ । यो कविता सङ्ग्रह विभिन्न पाँच खण्डमा विभाजित छ । पहिलो खण्डमा तेह् वटा कविताहरू, दोस्रो खण्डमा तीन वटा, तेस्रो खण्डमा एघार वटा, चतुर्थ खण्डमा नौ वटा र अन्तिम खण्डमा पाँच वटा कविताहरू समेटिएका छन् । प्रस्तुत कवितामा पनि प्रगतिशील चिन्तन, विद्रोही स्वर, क्रान्तिकारी र बहुदलीय जनवादलाई नयाँ दर्शन भनेका छन् ।

### ३.३.१.२. गीतकार व्यक्तित्व

जगतराज पौडेलको गीतकार व्यक्तित्व पनि त्यत्तिकै सशक्त रहेको छ । नेपाली जनताले पाएका पीडा र व्यथाबाट महिलाहरूलाई प्रेरणा दिन र उत्पीडन सहेर नबसी हक र अधिकार लिन जागरूक बनाउन आफुले तीजका गीत लेखेको बताएका छन् । 'तीजको आवाज' शीर्षकमा भाग १ देखि भाग ८ सम्म लेखेर नेपाली हिन्दु नारीहरूको महान चाड हरितालिकाको अवसर पारेर प्रकाशन गरी महिला मुक्तिको निम्ति आवाज सशक्त गर्दै लोक साहित्यको फाँटलाई समेत अगाडि बढाउन सहयोग गरेका छन् ।

### ३.३.२. साहित्येतर व्यक्तित्व

साहित्यको श्रीबृद्धि गर्न साहित्यिक लेख रचनाको सृजना गर्नु र साहित्यिक सङ्घ संस्थामा आबद्ध रहनुले साहित्यिक व्यक्तित्वको उजागर गर्छ भने साहित्यको अतिरिक्त समाज र राष्ट्रको हकहितको लागि मानवीय भावनाले प्रेरित भई निस्वार्थ सेवा भावबाट साहित्येतर व्यक्तित्वको परिचय दिन्छ ।

सामाजिक कार्य गर्दा आफूलाई गौरवान्वित गर्ने जगतराज पौडेलले माडीको तत्कालीन जनजीवन नि.मा.वि. भवन निर्माण देखि पठनपाठन सम्मका विभिन्न क्रियाकलापहरूमा योगदान

दिएका छन् । सप्तगण्डकी बहुमुखी क्याम्पसको स्थापनाकालदेखि देउसी भैलो कार्यक्रम गरेर क्याम्पसको भवन निर्माणमा उनले अविस्मरणीय योगदान पुऱ्याएको देखिन्छ ।

विद्यालय तहदेखि नै नेतृत्व गर्न मन पराउने पौडेल शुक्रवासरीय कार्यक्रममा सभापति हुने उनको आकांक्षा रहे पनि विद्यार्थीले प्रस्ताव ल्याउँदैनन् कि भन्ने पिरलोले सुटुक्क भाइलाई प्रस्ताव राख्न अघि सारेको घटनाबाट पनि थप पुष्टि हुन्छ । [३९]

जगतराजले राजनीतिलाई कर्मथलो बनाएका भए तापनि फट्याई गरेर माथि जानुभन्दा इमान्दार रहन उचित मान्ने आदर्शले गर्दा लामो समयसम्म ने.क.पा. एमाले जिल्ला कमिटि सदस्य भएर राजनीतिमा सक्रिय रहेका थिए । हाल उनी ने.क.पा. एमाले चितवन जिल्ला कमिटिको सल्लाहकार सदस्यका रूपमा रहेका छन् ।

### ३.३.२.१ सामाजिक तथा सांस्कृतिक व्यक्तित्व

जगतराज पौडेलका विभिन्न व्यक्तित्वहरूमध्ये सामाजिक व्यक्तित्व तुलनात्मक दृष्टिकोणले उच्च रहेको छ । सामाजिक उत्थानका लागि विभिन्न सङ्घ संस्थामा विशेषगरी शैक्षिक संस्थाको स्थापना गर्न र निर्णायक पदमा रही महत्वपूर्ण जिम्मेवारी बहन गर्ने कार्यमा उत्सुकताका साथ लागि परेका देखिन्छन् ।

जनजीवन निम्न माध्यमिक विद्यालय अयोध्यापुरीको सदस्य सचिव, उक्त विद्यालयको भवन निर्माण समितिको सचिव, माडी मा.वि.को सञ्चालक समिति सदस्य, सोमेश्वर मा.वि.का सल्लाहकार सदस्यका रूपमा रही उनले माडीको शैक्षिक उन्नयनमा सक्रिय योगदान दिएका छन् । त्यसै गरी सप्तगण्डकी बहुमुखी क्याम्पसको स्थापना र भवन निर्माण कार्यमा पौडेलको योगदान विशिष्ट मानिएको छ ।

जगतराज पौडेलमा सांस्कृतिक व्यक्तित्व पनि त्यत्तिकै सशक्त रहेको छ । उनले साँस्कृतिक अभियानबाट जनचेतना र जनजागरण ल्याउने काम गरेका थिए । उनले साँस्कृतिक कार्यक्रममा भाग लिएर गीत गाएका ठाउंमा वान्स मोर, वान्स मोर भनेर पुनः गीत गाउन उत्प्रेरित गरिएको पाइन्छ । चितवनको माडीमा पार्टीले आयोजना गरेका विभिन्न कार्यक्रममा

[३९] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

सहभागी भई साँस्कृतिक टोलीलाई अघि बढाउन उनले उर्जा प्रदान गरेका थिए । यसैगरी हिन्दु नारीहरूको महान चाडको अवसर पारेर तीजको आवाज नामको शीर्षकमा भाग १ देखि भाग ८ सम्म लेखेर तत्कालीन कुरीति र शोषणको भण्डाफोर गर्नुका साथै नारीहरूलाई एकाकार पारेर छमछम नचाएका थिए ।

### ३.३.२.२ राजनैतिक व्यक्तित्व

जगतराज पौडेलको राजनैतिक व्यक्तित्व पनि उच्च रहेको छ । विद्यार्थी जीवनबाटै राजनीतिमा प्रवेश गरेका पौडेलले वि.सं २०१९मा बन्दीपुरबाट नेपाल विद्यार्थी सङ्गठनको अञ्चल सदस्य भई आफ्नो राजनैतिक यात्रा सुरू गरेका थिए । ने.क.पा. एमाले पार्टीसँग आबद्ध जगतराज पौडेल सानो उमेरदेखि नै राजनीतिमा सचेत भएर समाजसेवामा सक्रिय व्यक्तित्व हुन् । विभिन्न पदमा रहेर जनताको सेवामा लागेका पौडेल अयोध्यापुरी गाउँ पञ्चायतको प्रधानपञ्च (२०३५-२०३९), जिल्ला पञ्चायतका सदस्य (२०३९-२०४६), राष्ट्रिय पञ्चायतको उम्मेदवार (२०४३) भए भने २०४६ को राजनैतिक परिवर्तन पछि ने.क.पा. एमाले पार्टीमा सक्रिय भई उक्त पार्टीको जिल्ला कमिटि सदस्य ( २०५०-२०५४), पार्टीको कार्यालय सचिव (२०५४-२०५७) का साथै जिल्ला सांस्कृतिक एवं प्रचार विभाग प्रमुख र नारायणी अञ्चल प्रचार विभाग सदस्य भई कार्य गरेका छन् । यसका अतिरिक्त पौडेल मदन-आश्रित स्मृति प्रतिष्ठान चितवनका सचिव र राष्ट्रिय जनसांस्कृतिक मञ्चका केन्द्रीय सदस्य भई सांस्कृतिक फाँटमा सक्रिय छन् । [४०]

### ३.३.२.३ प्रशासकीय व्यक्तित्व

कास्की जिल्लाबाट चितवनको माडीमा बसाईं सरे पश्चात जगतराज पौडेलले शिक्षण पेशा अपनाएको पाइन्छ । सुरूमा नै प्रधानाध्यापकमा नियुक्त भएका पौडेलले वि.सं २०२३ फागुन १ गतेबाट २०२९ मंसिर सम्म जनजीवन नि.मा.वि.मा ६ बर्ष विद्यालय प्रशासक भई कार्य गरेको देखिन्छ । उनी कुशल विद्यालय प्रशासकका रूपमा परिचित थिए । [४१]

---

[४०] भवनाथ सडौला: **एक प्रेरक व्यक्तित्वः जगतराज पौडेल**, चितवन पोष्ट, २०६७ जेठ २ वर्ष १३ अङ्क २५२ ।

[४१] शोधनायककी कान्छी श्रीमती कमलाबाट प्राप्त जानकारी अनुसार ।

जगतराज पौडेल शिक्षा भनेपछि हुरूक्क हुने व्यक्ति भएकाले विद्यालयको लागि जे जस्तो सहयोग गर्न पनि पछि हटेनन् । [४२]

### ३.३.२.४ संवाददाता व्यक्तित्व

जगतराज पौडेलले संवाददाताको रूपमा पनि आफ्नो परिचय बनाएका छन् । सम्पादक भएर कार्य नगरे पनि रातो युगधारा, नवयुग, छलफल र दृष्टि पत्रिकाको समाचार सङ्कलित गरी संवाददाता भई कार्य गरेका थिए । [४३]

### ३.३.२.५ शिक्षक व्यक्तित्व

जगतराज पौडेलको विभिन्न व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्व पनि एक हो । उनी कुशल शिक्षकका रूपमा कार्यरत रहेको पाइन्छ । समयमा विद्यालय जाने र पठनपाठन कार्यलाई सुचारू रूपले सञ्चालन गर्ने जस्ता कार्यबाट उनले आफूलाई एक कुशल शिक्षकको रूपमा पनि चिनाएका छन् ।

### ३.३.२.६ सङ्गठक व्यक्तित्व

जगतराज पौडेलको सङ्गठक व्यक्तित्व पनि अत्यन्त उच्च रहेको छ । कुनै पनि सङ्घ संस्थाको स्थापनार्थ सङ्गठन गर्ने कार्यमा जगतराज कहिल्यै पछि परेका छैनन् । दुई चार जना साथी मिलेर केही गरौं भन्ने प्रस्ताव आए पछि कहिल्यै पछि नहट्ने, कामको थालनी गरिहाल्ने उनको स्वभाव रहेको छ । मुक्ति साँस्कृतिक परिवारको स्थापना गर्न, नेपाल रेडक्रस सोसाइटी भरतपुर उपशाखा स्थापना गर्न, साहित्य सङ्गम चितवनको स्थापनामा उनको भूमिका अविस्मरणीय रहेको छ ।[४४]

यसका अतिरिक्त जगतराज पौडेल एक होटल व्यवसायी पनि हुन् । उनले पहिलो पेशाको रूपमा होटल व्यवसाय नै अवलम्वन गरेका थिए । त्यसपछि केही समय माडीमा आएपछि गल्ला व्यापारी र मिल मालिक भएर पनि कार्य गरेको पाइन्छ भने उनको प्रमुख व्यक्तित्व त कृषक

---

[४२] शोधनायककी जेठी श्रीमती बिमलाबाट प्राप्त जानकारी अनुसार ।

[४३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[४४] रवी किरण निर्जीवबाट प्राप्त जानकारी अनुसार ।

व्यक्तित्व लाई मानिन्छ । उनी काममा भेदभाव नगर्ने, जस्तोसुकै काम गर्न पनि पछि नहट्ने, चोयाबाट डोको बुन्ने, नाम्लो बुन्ने, घरको ट्याङ्की आँफै बनाउने आदि काम आफ्नै हातबाट गर्न रुचाउँछन् ।[४५]

## ३.४ विभिन्न व्यक्तिहरूका दृष्टिमा जगतराज पौडेल

अनुसन्धानको क्रममा शोधार्थीले जगतराज पौडेलको व्यक्तित्वका सम्बन्धमा उनलाई नजिकबाट चिन्ने व्यक्तिहरूसँग लिखित अन्तर्वार्ता एवं मौखिक कुराकानी गर्दा उनीहरूले प्रस्तुत गरेका दृष्टिकोण उनीहरूकै भाषामा वर्णानुक्रमिक आधारमा यस प्रकार दिइएकोछ :

क) **अरुण पीडित भण्डारी**, भनपा १० का अनुसार समाजमा विद्यमान कुरीति, असङ्गति, अन्याय अत्याचारको विरुद्धमा दृढ भई समाज रूपान्तरणका लागि राजनीतिका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नुका साथै ने.क.पा. एमालेको पार्टी जीवनमा जिल्लामा नेतृत्वदायी भूमिकामा रही लामो समय कार्य गरेका छन् ।[४६]

ख) **किसान प्रेमी**, भनपा १२ का अनुसार जनजागरणलाई विशेष ध्यान दिने र जीवन जगतसँग जोडिएको यथार्थवादी धरातललाई लिएर लेख्न मन पराउँछन् । प्रगतिशील, उच्च विचारका जनसाहित्यप्रेमी कवि एवं गीतकार हुन् ।[४७]

ग) **खेमराज बराल**, भनपा १० का अनुसार आफ्नो घरको काम भन्दा सामाजिक काममा बढी ध्यान दिने, शिक्षा भनेपछि हुरुक्कै हुने, कुनै काममा लागेपछि फत्ते गरेर मात्र छाड्ने, सप्तगण्डकी क्याम्पस, रेडक्रस, नेत्रज्योति सङ्घ आदिमा उनको योगदान रहेको छ ।[४८]

घ) **चेतकान्त चापागाईं**, गीतानगरका अनुसार साहित्यिक व्यक्तित्व भन्दा पनि सामाजिक, राजनैतिक पाटो अगाडि छ । प्रधानपञ्च, जनताको लोकप्रिय नेता, सप्तगण्डकी बहुमुखी

---

४५ शोधनायककी जेठी श्रीमती विमलाबाट प्राप्त जानकारी अनुसार ।

४६ अरुण पीडित भण्डारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४७ किसान प्रेमीसँग लिइएको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४८ खेमराज वरालसँग लिइएको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

क्याम्पसको निर्माणमा बलियो भूमिका खेलेका, प्रष्टवक्ता र शालीन व्यक्तित्वका रूपमा रहेका छन् ।[४९]

ङ) **डी.आर.पोखरेल,** भनपा १० का अनुसार राजनीति र साहित्यको दोभान, राजनैतिक, साहित्यिक र समाजसेवी व्यक्तित्व, राजनीतिक क्षेत्रमा प्रधानपञ्चदेखि ने.क.पा..एमालेको जिल्ला समिति सदस्य रहेका, कमलो मनका, काममा लागे पछि लागेको लाग्यै गर्ने, स्पष्टवक्ता, भावुक व्यक्तित्व हुन् । [५०]

च) **तिलु पुरी**, का अनुसार जगतराज पौडेल कृषक, शिक्षक, कवी, समाजसेवी, राजनीतिमा पनि इमान्दार व्यक्तित्व हुन् । उनको स्वभाव खरो र मिलनसार तथा महत्वाकांक्षी अनुभव गरेको छु । [५१]

छ) **तेजेन्द्र खड्का**, भनपा ११ का अनुसार जगतराज पौडेलको सप्तगण्डकी बहुमुखी क्याम्पसमा महत्वपूर्ण भूमिका रहेको छ । उनमा समाजसेवी व्यक्तित्व प्रवल छ र दीपज्योति बचत तथा ऋण सहकारी संस्था लि. मा पनि महत्वपूर्ण सल्लाह सुझाव दिंदै आएका छन् । उनी स्वच्छ छवि भएका व्यक्ति हुन् ।[५२]

ज) **देवराज पौडेल**, पटिहानीका अनुसार जगतराज पौडेलसँग सादा जीवन उच्च विचार, प्रष्ट वक्ता, निडर र सहयोगी भावना छ । उनले काम गरको ठाउँमा भ्रष्टाचार र आर्थिक अनियमितता हुँदैनथ्यो । अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमन को विरुद्धमा डटेर लाग्दथे ।[५३]

झ) **नमुना शर्मा,** भनपा २ को धारणामा वैचारिक आस्थाका क्रममा ने.क.पा..एमालेका विभिन्न कमिटिहरूमा आफ्नो महत्वपूर्ण जिम्मेवारी पूरा गरेको पाइन्छ र पार्टीको भातृ

---

[४९] चेतकान्त चापागाईंसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५०] डी आर पोखरेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५१] तिलु पुरीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५२] तेजेन्द्र खड्कासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५३] देवराज पौडेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

सङ्गठनको रूपमा रहेको रा.ज.सा. महासङ्घको केन्द्रीय समितिको सदस्य थिए । साथै जिल्ला कमिटि चितवनको कार्यालय सचिवको रूपमा पनि कार्यरत थिए ।[५४]

ञ) **पोषराज पौडेल,** भनपा ११ को धारणाअनुसार बढी राजनीतिक कम साहित्यिक व्यक्तित्व हुन् । सामाजिक सेवामा बढी ध्यान दिने, शिक्षक व्यक्तित्व, सांस्कृतिक व्यक्तित्व, हक्की, निडर, समाज सेवामा रूची राख्ने, दुई परिवार भए पनि पारिवारिक विग्रह कहिल्यै नभएको, सहनशील उनको गुण हो । [५५]

ट) **बल वहादुर आचार्य**, भनपा १० का अनुसार जगतराज पौडेल शैक्षिक संस्थामा काम गर्न भने पछि कुनै पनि समय पछि नहट्ने, जनजीवन नि.मा.वि.को लागि धानका वोरा समेत बोकेर हिंडेको देखेको छु । साना देखि ठूला सम्मको लागि समान व्यवहार गर्ने सम्मानजनक व्यक्तित्व हो ।[५६]

ठ) **बालकृष्ण पौडेल**, भनपा १० का अनुसार जगतराज पौडेल तत्कालीन अवस्थामा प्रधानपञ्च हुँदा जनजीवन मा. वि. को प्रमुख संस्थापक बनेर त्यसलाई अगाडि बढाएको मलाई जानकारी छ । त्यसपछि माडी हाइस्कुलको व्यवस्थापन समितिको सदस्य हुँदा र जि.वि.स. सदस्य हुँदा माडी क्षेत्रका सबै विद्यालयहरुलाई टिन पाता र आर्थिक सहयोग पऱ्याउन सफल, २०४५ मा सप्तगण्डकी बहुमुखी क्याम्पसको संस्थापक र प्रथम अवस्थामा सहसचिव त्यसपछि वरिष्ठ उपाध्यक्ष बनेर अविच्छिन्न सेवा, समाजसेवी गञ्जसिंह गुरुङ्गको मन जितेर कुरा बुझाई सप्तगण्डकी क्याम्पसको पुस्तकालय भवन बनाउने एक व्यक्तित्व नै जगतराज पौडेल हो । उनकै प्रयासमा सप्तगण्डकीको सुमन वाटिका निर्माण भएको हो । सप्तगण्डकी क्याम्पसका सवै भवनहरूको निर्माणमा भवन निर्माण समितिको अध्यक्ष भई निर्माण सम्पन्न गरेका काम प्रति पनि म पूर्ण परिचित छु । [५७]

---

[५४] नमूना शर्मासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५५] पोषराज पौडेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५६] बल बहादुर आचार्यसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[५७] बालकृष्ण पौडेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

ड) **रमाकान्त सापकोटा**, भनपा १० को धारणामा ने.क.पा. एमाले तथा मदन भण्डारी फाउण्डेशनको सल्लाहकार, मदन आश्रित भवन चितवन निर्माण, ने.क.पा एमालेको मुखपत्र नवयुगको प्रचार प्रसार र नियमित पाठक बनाउन र ग्राहक बनाउन उल्लेख्य भूमिका रहेको छ । उनले राजनीतिलाई आफ्नो पद, प्रतिष्ठा र व्यवसायको लागि होइन समाजसेवाको रूपमा इमान्दारीपूर्वक प्रयोग गरेका निस्कलङ्क राजनैतिक व्यक्तित्व भएको ठान्दछु ।[५८]

ढ) **रविकिरण निर्जीव,** भनपा १२ का अनुसार जगतराज पौडेल राजनीतिकर्मी, समाजसेवी, साहित्यकार, विविध व्यक्तित्वका सङ्गम, निडर, प्रखरवक्ता, जनपक्षीय राजनीतिकर्ता, जेष्ठलाई कदर गर्ने र कनिष्ठलाई प्रेम गर्न सचेष्ट छन् । बोलीवचनमा मधुरता र आत्मीयता उनको विशेष गुण हो । [५९]

ण) **रामप्रकाश अधिकारी**, भनपा ११ का अनुसार राजनीतिक, सामाजिक कार्यकर्ता, सहयोगी भावना भएका, सप्तगण्डकी क्याम्पसको स्थापना काल देखि वर्तमान सम्म यसको चौतर्फी विकासका लागि वारम्बार सल्लाह सुझाव र सहयोग  गर्ने व्यक्तित्व हुन् ।[६०]

त) **राम प्रसाद भण्डारी**, का अनुसार  जगतराज पौडेल शिक्षक, राजनैतिक कार्यकर्ता, समाजसेवी, सिर्जनशील व्यक्ति हुन् । सरल, मृदुभाषी, साना बालबच्चा देखि ठूला व्यक्तिलाई समान व्यवहार गर्ने खालको स्वभाव छ ।[६१]

थ) **रामहरि श्रेष्ठ,** भनपा ३ का अनुसार स्वच्छ छवि भएका, आर्थिक लाभमा नफस्ने, शुद्ध, संस्थालाई मात्र ध्यान दिने, पार्टीको कुराभन्दा माथि उठेर सामाजिक कार्य गर्ने, संस्थाको काममा कुनै पनि समयमा हाजिर हुने, समयमा नै उपस्थित हुने, ठीक समयमा

---

[५८] रमाकान्त सापकोटासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी  अनुसार ।

[५९] रविकिरण निर्जीवसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६०] राम प्रकाश अधिकारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६१] राम प्रसाद भण्डारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

सही निर्णय गर्न सक्ने खुवी भएका, कसरी संस्थामा आर्थिक लाभ गर्न सकिन्छ भनेर लागि पर्ने ।[६२]

द) **लक्ष्मीकान्त शर्मा पौडेल**, भनपा १० का अनुसार राजनैतिक हिसाबले उनी वामपन्थी कम्युनिष्ट विचारका व्यक्ति हुन्. । जनमुक्ति र गणतन्त्रका लागि समर्पित व्यक्ति हुन् । ने.क.पा.. एमाले र यसका विभिन्न जनवर्गीय सङ्गठनमा उनले विभिन्न पदीय जिम्मेवारी सम्हालेका छन् । समाजको उत्थान नै आफ्नो महत्वपूर्ण कार्य ठान्छन् ।[६३]

ध) **सरिता तिवारी**, भनपा ७ का अनुसार जगतराज पौडेल प्रगतिशील विचारको पक्षपोषण गर्ने, राष्ट्रियस्तरमा त्यति व्यापक बन्न नसके पनि स्थानीय रूपमा साहित्य लेखन र साहित्यिक सङ्घ संस्थाको निर्माणमा उनको योगदान प्रशंसनीय छ ।[६४]

न) **हरिहर सविता,** भनपा ले बहुआयामिक व्यक्तित्वका धनी, इमान्दार, जनपक्षीय साहित्यकार, शितल स्वभाव, भावुक र निष्कपटपूर्ण व्यवहार पाईन्छ भनेका छन् । [६५]

## ३.५. निष्कर्ष

व्यक्तित्वले कुनैपनि व्यक्तिको परिचय गराउँछ । शारीरिक बनावटले पूरा गर्न नसकेका गुण व्यक्तित्वले गर्दछ । त्यसैले व्यक्तित्व कुनै पनि मानिसको गहना हो । व्यक्तिले समाजमा भोगेका तीता मीठा अनुभवबाट नै व्यक्तित्व निर्माण गरेको हुन्छ । जगतराज पौडेलमा पनि विभिन्न व्यक्तित्व देखा पर्छन् । साहित्यिक व्यक्तित्वमा कवि तथा गीतकारका रूपमा देखा परेका छन् भने साहित्येतर व्यक्तित्वमा समाजसेवी, राजनैतिक, विद्यालय प्रशासक, सङ्गठक, शिक्षक, साँस्कृतिक, सँवाददाता जस्ता भिन्न प्रकारका व्यक्तित्व देखा पर्दछ । समग्रमा हेर्दा जगतराज पौडेलको व्यक्तित्वलाई बहुमुखी व्यक्तित्व मानिन्छ ।

---

[६२] रामहरी श्रेष्ठसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६३] लक्ष्मीकान्त शर्मा पौडेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६४] सरिता तिवारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६५] हरिहर सवितासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

# परिच्छेद चार

# जगतराज पौडेलको कृतित्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा जगतराज पौडेलको प्रवेश र लेखन-यात्रा

### ४.१.१ नेपाली साहित्यमा जगतराज पौडेलको प्रवेश

हरेक मानिसमा आफ्-आफ्ना भावना र कल्पना हुन्छन्, हरेक मानिसमा नयाँ नयाँ विचार उठ्छ, हरेक मानिसको आपसमा केही न केही काम र कुराहरू पर्छन्- यिनै व्यावहारिक सिलसिलामा मानिस आफ्ना मनको भाव अरूका सामुन्ने व्यक्त गर्न थाल्छ ।[६६] जगतराज पौडेल सानै उमेरदेखि लोक साहित्यप्रति रूचि राख्दथे । गाउँमा कान्छा बा नाता पर्ने शोभाकर पौडेलले सँधैं चुड्का, बालुन नाच, भजन र दोहोरी गीत गाउने र उल्लासमय वातावरण बनाउने हुँदा त्यसैबाट प्रभावित भएर जगतराज पौडेलले पनि गीत गाउने र लेख्ने गर्दथे । विद्यालयमा आयोजना गरिने शुक्रवासरीय साहित्यिक कार्यक्रममा सहभागी भई गीत, कविता, भजन, र श्लोक प्रस्तुत गर्ने तथा कलेजमा अध्ययन गर्दा नाटक लेखन र अभिनयमा सहभागी बन्दै सिर्जनात्मक क्रियाकलापमा अग्रसर हुँदै जगतराज पौडेल नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।

### ४.१.२ लेखनको लागि प्रेरणा र प्रभाव

सर्जकको मन मस्तिष्कमा जीवन जगत्का नानारुप दृष्य र घटनाहरूले प्रभावित पारिरहन्छ तर ती मध्ये केही प्रभाव यस्ता हुन्छन् जस्ले सर्जकको चेतनालाई अत्याधिक प्रेरित गर्दछन् । जगतराजलाई साहित्यको सागरमा ओराल्ने प्रेरणा र प्रभावका स्रोतहरूमा घरायसी कारण, साहु महाजनहरूबाट प्राप्त दुःख, बाबु भारतीय पल्टनमा कुकम्यान(भान्छे)भएकाले एक्ली आमालाई गाउँलेहरूबाट होच्याएको दृश्य प्रमुख हुन् । त्यसैगरी व्यक्तिगतरूपमा मोदनाथ प्रश्रित, गुरुदत्त पौडेल, लीलाराज पौडेल र मिनाधर पराजुली एवं जनकवि धर्मराज थापा र लोककवि अलि मियाको सङ्गत र भेटघाटबाट बढी प्रभावित भएका थिए । पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा अध्ययन गर्ने समय ताका 'याज यु लाइक इट' भन्ने नाटक ५-७ दिनमा सफलतापूर्वक लेखन र अभिनय गरेको देखेपछि क्याम्पसका तत्कालीन प्राचार्य एवं शिक्षाविद् जर्ज जोनबाट सुयोग्य छात्र भनेर सबैका सामु स्यावासी पाए पछि साहित्यतर्फ लाग्ने हौसला बढेको हो ।

[६६] कृष्ण प्रसाद पराजुली, **राम्रो रचना, मीठो नेपाली**, काठमाण्डौः सहयोगी प्रेस, २०५५, पृ १३ ।

साहित्य सामाजिक परिवर्तनको निम्ति उत्प्रेरकको भूमिका निर्वाह गर्ने एउटा दरिलो र भरपर्दो माध्यम हो ।[६७] लोकगीत लोकसंस्कृतिको महत्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् ।[६८] लोकसाहित्य लोकजीवनकै समग्र पक्षपक्षान्तरहरूको प्रतिविम्ब भएकाले यिनमा लोकजीवनका सँस्कार, परम्परा, रीतिरिवाज, सुख, दुःख र त्यसक्रममा आंफूले भोगेका सामाजिक, आर्थिक, प्राकृतिक एवम् ऋतुगत प्रभाव समेत देखिन्छ ।[६९] जगतराज पौडेलका गीत, कवितामा पनि उनका जीवनका भोगाइहरू सरल र यथार्थपरक तवरबाट प्रस्तुत भएका छन् ।

### ४.१.३ लेखनको परम्परा

जगतराज पौडेलले हालको श्री भारती  भवन उच्च मा.वि., पुरनचौरमा आठ कक्षा सम्म अध्ययन गरेका थिए । बिदाको दिनमा गाईवस्तु चराउन गोठालो जाँदाको समयमा गाउने लोक दोहोरीको प्रभावले त्यतिवेला विद्यालयमा सञ्चालन हुने शुक्रवासरीय साहित्यिक कार्यक्रममा निकै सक्रियतापूर्वक सहभागी हुने गर्दथे । यसक्रममा  "माछापुच्छ्रे हिमालको फेदैमा सेती गङ्गा बहने, फेवाताल मैदानको छेवैमा बराह मन्दिर पर्ने" भाकाको गीत गाउँदा दर्शकले मन पराएर 'वान्स मोर' भनेर गाउन अनुरोध आउने गर्दथ्यो । वि.सं २०१० सालतिर लेखिएको जातिको जाँतो कविता नै जगतराजको पहिलो रचना हो । २०४२ सालमा 'जेलभित्रको एक सानो संसार' नामक कविता सङ्ग्रह प्रकाशित गरेपश्चात् जगतराजले सक्रियतापूर्वक साहित्यमा कलम चलाउन थालेका हुन् ।

### ४.१.४ साहित्ययात्रा र चरण विभाजन

साहित्यकारहरूको साहित्ययात्रालाई विभाजन गर्ने कुनै खास आधारहरू रहेका हुन्छन् । साहित्यकारको लेखनको इतिहासमा देखा परेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन,

---

[६७] सावित्री मल्ल, **आधुनिक नेपाली कथाको विकासमा महिला कथाकारको योगदान**, गुञ्जन (बर्ष ७, अङ्क ४) काठमाडौं, पद्मकन्या क्याम्पस,२०६१, पृ २९-५७ ।

[६८] ओमप्रकाश आचार्य, **लोकसंस्कृति र लोकगीतको विविधतामा कर्णाली**, गरिमा, अशोज २०६८, बर्ष २४, अङ्क १०, पूर्णाङ्क ३४६, पृ १५१ ।

[६९] रामनाथ ओझा र मधुसुदन गिरी, **लोक साहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्धको स्नातकोत्तर शृङ्खला-४**, काठमाडौं, वाङ्मय प्रकाशन गृह ।

रचनाहरूका परिमाण र गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन आदि जस्ता आधारहरूलाई लिएर साहित्ययात्राको चरण विभाजन गर्ने गरिन्छ । २०१० साल देखि नै लेखन यात्रा प्रारम्भ गरेका जगतराज पौडेल अहिले पनि लेखनमा त्यत्तिकै क्रियाशील देखिन्छन् । जगतराजको पाँच दशक लामो साहित्यिक यात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| प्रथम चरण | : आभ्यासिक काल | वि.सं.२०१० देखि २०४१ साल सम्म |
| दोस्रो चरण | : विकास काल | वि.सं.२०४२ देखि २०५० साल सम्म |
| तेस्रो चरण | : प्रौढ र परिष्कृत काल | वि.सं.२०५१ देखि हाल सम्म |

**क) प्रथम चरण: वि.सं.२०१० - २०४१ (आभ्यासिक काल)**

वि.सं. २०४२मा छवि प्रकाशनबाट प्रकाशित भएको 'जेल भित्रको एक सानो संसार' पुस्तकाकार कृति प्रकाशन हुनुभन्दा अघिको समयलाई उनको लेखनयात्राको प्रथम चरण वा आभ्यासिक कालका रूपमा विभाजन गरिएको छ । यस अवधिमा उनी विभिन्न पेशाको खोजीमा तल्लीन हुनु, राजनीति र समाजसेवामा सक्रिय बनेकाले साहित्य क्षेत्र निष्क्रिय बन्न पुगेको छ । २०२३ सालमा चितवन आएर बस्न थालेपछि साहित्य क्षेत्रले निश्चित गति लिन नसकेपनि शैक्षिक र सामाजिक सेवाका क्षेत्रमा भने सक्रिय भएर लागेको पाइन्छ । यस प्रकार जगतराजको साहित्य लेखनको प्रारम्भिक चरण निकै लामो समय व्यतित गरेको देखिन्छ । यस अवधिमा विविध बिषयसम्बन्धी रचनाहरू गरिएका भएपनि प्रकाशित रूपमा अगाडि आउन नसक्नुले उनको प्रवृत्ति आभ्यासिक रहेको देखिन्छ ।

बाल्यकालीन अवस्थामा रचेका रचनाहरूको सङ्ग्रह गरेर राख्न नसकेको भए तापनि डाँडा पाखा, गाउँ वेँसी आदि स्थानलाई बिषय वनाई गीतिलयमा कविता लेख्ने र सुनाउने गरेका जगतराजले बाह्र वर्षदेखि कविता र गीत सिर्जना गर्न थालेको पाइन्छ । क्रमशः प्रशंसा पाउँदै जान थालेपछि सिर्जनाप्रति सकारात्मक प्रभाव पर्दै गएको थियो । त्यतिबेला रचिएका गीत र कविताहरूमध्ये उनीसँग बाँकी रहेको एउटा अंश लाई २०४२ सालमा प्रकाशित जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहको परिचयमा प्रकाशित गरेका छन् । उक्त कविताको एक अंश:

जातिको जाँतो कानुनीरूपमा हामीलाई पिन्दछ
सम्पत्ति भए जात न भात कुलीन बन्दछ

छोई र छिटो चुला र चम्का अखेटा परेको
ईश्वरले जात दिएको हैन जालीले रचेको

त्यसैगरी २०११ साल मंसिरमा भुर्जुङ्ग खोलामा गुरुकहाँ पढ्न जाँदा लेखिएको एउटा गीत हालसम्म पनि अप्रकाशित नै छ । त्यस गीतको एक अंश यस्तो छ :

घर्मेलको रुखो डाँडो पहेंलो माटो छ
लौसी काफल बेची बेची धोतीमा गाँठो छ ।

यस चरणका रचनाहरूमा साँस्कृतिक तथा साहित्यिक कार्यक्रमहरूमा भाग लिने, गाउँघरमा हुने देउसी, भैलो कार्यक्रममा भाग लिने र रकम सङ्कलन गर्ने, सामाजिक सङ्घ संस्थाले आयोजना गरेका कार्यक्रममा भाग लिने, नाटक खेल्ने, पृथ्वीनारायण कलेजमा अध्ययन गर्दा जर्ज जोनको आग्रहमा नाटक लेख्ने आदि कार्यबाट प्रेरित भएर लेखिने फुटकर रचना आभ्यासिक खालका छन् । यी रचनाहरूमा प्रकृतिको चित्रण, सामाजिक क्षेत्रका विकृतिको वर्णन एवं वर्गीय विभेद, जातभात र छुवाछुतप्रति व्यङ्ग पाइन्छ ।

### ख) दोस्रो चरण: वि.सं.२०४२ - २०५० (विकास काल)

लेखन तथा प्रकाशनका दृष्टिले यो चरणलाई जगतराजको साहित्य यात्राको विकास काल मान्न सकिन्छ । यस अवधिमा जगतराजका पुस्तकाकार कृतिहरू जेलभित्रको एक सानो संसार कविता सङ्ग्रह (२०४२), तीजको आवाज भाग १ (२०४२) देखि भाग ६ (२०५०) सम्म गरी सात वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यस चरणमा गीत र कविता गरी दुई विधामा पुस्तक प्रकाशित रहेको देखिन्छ । यस अवधिमा कविले एकातर्फ मानिसले भोग्नुपरेका सामाजिक कठिनाई र विसङ्गतिले मन छोएकाले माडीलाई मुख्य केन्द्रविन्दु बनाएर जेलभित्रको एक सानो संसार, पाण्डव मेला, प्राकृत निकुञ्ज आदि कवितालाई सङ्ग्रहका रूपमा प्रस्तुत गरेका छन् भने अर्कातर्फ महिलाहरूको मुक्तिका लागि महिलाहरूकै महान् चाड तीज पर्वलाई समेटेर तीजको आवाज शीर्षकको तीज गीत सङ्ग्रह पनि प्रत्येक साल प्रकाशन गरेको पाइन्छ ।

यस चरणमा प्रकाशित ‘जेलभित्रको एक सानो संसार’ कविता सङ्ग्रहमा राजनीतिक रङ्ग को बदलामा विशुद्ध सामाजिक भाव पाइन्छ भने तीजको आवाजमा तत्कालीन शासन पद्धति प्रति कतै आक्रोश त कतै व्यङ्ग गरेको पाइन्छ । उनका कवितामा कलात्मक परिपुष्टता, सवल

कवित्व र काव्यात्मकताको अभाव देखिन्छ । यस चरणका प्रवृत्तिहरूलाई निम्नलिखित बुँदामा समेट्न सकिन्छ :

अ.विकृति र विसङ्गतिप्रति व्यङ्ग्य र समाज सुधारप्रति सचेतता

आ.आंफू जन्मे हुर्केको र जीवन विताएको क्षेत्रको प्राकृतिक रमणीयताको वर्णन

इ नारी अस्मिता र अस्तित्वको खोजी

ई. समाज सुधार गर्ने भावना व्यक्त

उ.राजनीतिक र प्रशासनिक सुधारको आग्रह

ऊ.मानव र मानवीय अस्तित्वको खोजी

ए.सामाजिक एवं वर्गीय विभेदको चिरफार

**ग) तेस्रो चरणः वि.सं.२०५१ - हाल सम्म (प्रौढ र परिष्कृत काल)**

यो अवधि जगतराजको लेखन तथा प्रकाशनका दृष्टिले उर्वर काल हो । यस चरणमा उनका तीन पुस्तकाकार कृति श्रद्धाञ्जलीका फूलहरु कविता सङ्ग्रह (२०५१), तीजको आवाज भाग ७ ( २०५१) र तीजको आवाज भाग ८ ( २०५३) प्रकाशित भएका छन् । ने.क.पा. एमाले का सक्रिय कार्यकर्ता जगतराजले श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रह चितवनको दासढुङ्गा घटनालाई लिएर मदन भण्डारी र जीवराज आश्रित प्रति गहिरो श्रद्धाभाव प्रकट गर्दै दासढुङ्गामा आयोजित बार्षिक पुण्यतिथिको अवसरमा महासचिव माधव नेपालबाट विमोचन गराएबाट सहजै बुझ्न सकिन्छ । त्यसैगरी तीजको आवाज भाग ७ (२०५१) र तीजको आवाज भाग ८ ( २०५३) मा मदन आश्रितप्रति श्रद्धा सुमन व्यक्त भएका गीतहरू उल्लेख हुनु तथा यी दुवै पुस्तकहरु उनीहरु प्रति नै समर्पण गरिएकाले जगतराज ने.क.पा. एमालेको राजनीति तर्फ प्रवृत्त भएको पाइन्छ ।

यस चरणमा उनका पत्रपत्रिकामा विभिन्न रचना प्रकाशित छन् । सप्तगण्डकी, प्रलेस, नौलो राँको, रातो युगधारा लगायतका पत्रपत्रिकामा प्रकाशित उनका लेख रचनाहरू, प्रलेसबाट साहित्य क्षेत्रमा योगदान स्वरुप प्रदान गरिएको कदरपत्रको भावना, प्रलेसमा आजीवन सदस्य भई क्रियाशील रहनु र सप्तगण्डकी बहुमुखी क्याम्पसबाट प्रकाशन गरिने सप्तगण्डकी स्मारिका

प्रकाशन समितिका संयोजक रहेर देखाएको क्रियाशीलताले यस्को थप पुष्टि गर्दछ । यस चरणका प्रवृत्तिहरू यस प्रकार छन्:

अ. सामाजिकताबाट राजनीतिक चेतनातर्फ आकर्षित

आ.महान् व्यक्तिहरूप्रति श्रद्धा भाव प्रकट गर्नु

इ. श्रद्धेय नेताहरूको निधन प्रति श्रद्धाञ्जलि

ई. नारीहरूप्रति सम्मान व्यक्त

उ. आदर्श, मर्यादा, नैतिकता र इमान्दारिताप्रतिको मोह

वि.सं.२०६०मा उनी गम्भीर बिरामी भएर धेरै समय ओछ्यानमा नै बिताएका भए पनि जगतराजको कलम भने अप्रकाशित रचना मै भएपनि कलम रोकिएन ।

### ४.१.५ जगतराज पौडेलका कृतिहरूको विवरण

#### ४.१.५.१ प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण

| | |
|---|---|
| 'जेलभित्रको एक सानो संसार' | कविता सङ्ग्रह |
| 'श्रद्धाञ्जलीका फूलहरू' | कविता सङ्ग्रह |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग १ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग २ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ३ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ४ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ५ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ६ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ७ |
| तीजको आवाज | तीजको गीत सङ्ग्रह भाग ८ |

### ४.१.५.२ प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण

**तालिका नं ४: प्रकाशित फुटकर रचनाहरूको कालक्रमिक विवरण**

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन मिति | प्रकाशक |
|---|---|---|---|---|---|
| १ | घायल राष्ट्रियता | कविता | सप्तगण्डकी | २०५५ | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन |
| २ | सप्त-सुधा : चितवन | कविता | कवितामा चितवन | २०६१ | चितवन साहित्य परिषद् |
| ३ | समाजसेवाको पर्याय: गञ्जसिंह गुरुङ् | व्यक्तित्व चिनारी | सप्तगण्डकी | २०६२ | सप्तगण्डकी बहुमुखी क्याम्पस, |
| ४ | सप्तस्मारिका | कविता | सप्तगण्डकी | २०६३ | सप्तगण्डकी बहुमुखी क्याम्पस, |
| ५ | औंसीको रातका प्रकाश: कविवर युद्ध प्रसाद मिश्र | कविता | प्रलेसः चितवन | २०६४ | प्रगतिशील लेखक सङ्घ, चितवन |
| ६ | सप्तगण्डकी आत्मीय स्पन्दन बन्यो | कविता | सप्तगण्डकी | २०६५ | सप्तगण्डकी बहुमुखी क्याम्पस |
| ७ | प्रातःस्मरणीय दाजु मदनमोहन जोशीज्यूमा हार्दिक श्रद्धाञ्जली | स्रष्टा परिचय | नौलो राँको | २०६६ | साहित्य सङ्गम, चितवन |
| ८ | सप्त सुमन वाटिका | कविता | प्रलेसः चितवन | २०६६ | प्रगतिशील लेखक सङ्घ, चितवन |
| ९ | उभिनेहरूले सयौं घाउ बोक्न पर्दो रहेछ | शोक कविता | रातो युगधारा | २०४५ | |

### ४.१.५.३ प्रकाशोन्मुख पुस्तकाकार कृतिहरूको विवरण

१. उखान टुक्का सङ्ग्रह — सङ्कलन

२. मेरी अनुपमा — कविता सङ्ग्रह

३. सन्तली — गीति काव्य

### ४.२ पुस्तकाकार कृतिको अध्ययन

### ४.२.१ 'श्रद्धाञ्जलीका फूलहरू' कविता सङ्ग्रहको अध्ययन एवं विश्लेषण

### ४.२.१.१ परिचय

वि.सं. २०५१ मा अक्षांश प्रिन्टिङ्ग प्रेस, नारायणगढमा मुद्रित र छवि प्रकाशन, चितवनबाट प्रकाशित श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रह कवि जगतराज पौडेलको दोस्रो प्रकाशित कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा लघु रूपमा १२ पंक्तिका कविता देखि बृहत् रूपमा १२९ पंक्ति सम्मका ४१ वटा कविताहरू सङ्कलित छन् । ने.क.पा. एमालेका तत्कालीन महासचिव क. मदन भण्डारी र सङ्गठन विभाग प्रमुख क. जीवराज आश्रितको चितवनको दासढुङ्गामा वि.सं. २०५० जेठ ३ गते भएको रहस्यमय हत्याको प्रथम वार्षिकीको अवसरमा मदन र आश्रितको जीवनका सबैजसो पक्षहरूलाई समेटेर यस साहित्यको रचना गरिएको छ । नेताहरुको प्रारम्भिक जीवनदेखि प्रतिभा, क्षमता र कामका विशेषताहरुलाई संक्षिप्त र विस्तृत रूपमा काव्यमार्फत् जनता सामु उजागर पारिएको छ । कविले कायर प्रतिक्रियावादीहरूद्वारा भएको यस जघन्य हत्याकाण्डलाई, त्यसलाई ढाकछोप गर्न खोज्ने सरकारी नपुङ्सक प्रवृत्तिलाई र त्यस काण्डले जनतामा उठेको विराट् आक्रोश र जागरणको स्थितिलाई सजीव ढङ्गले स्थापित गरेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूलाई विभिन्न शीर्षकमा यसप्रकार अध्ययन गर्न सकिन्छः

### ४.२.१.२ संरचना

जगतराज पौडेलले मदन आश्रितको दुखद् घटनाप्रति अभिव्यक्त गरेका जम्मा ५७ पृष्ठमा संरचित 'श्रद्धाञ्जलीका फूलहरू' कविता सङ्ग्रहमा विभिन्न शीर्षकहरूमा ४१ कविता सङ्कलित छन्, जसमा बृहत् रूपको ६ पृष्ठ भएको १२९ पंक्तिमा संरचित कवितादेखि लघु रूपको १ पृष्ठ र १२ पंक्तिका कविता रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित कविता पाँच खण्डमा विभाजित छन् । प्रथम खण्डमा १३, द्वितीय खण्डमा ३, तृतीय खण्डमा ११, चतुर्थ खण्डमा ९ र पञ्चम खण्डमा ५ कविता रहेका छन् । कविताको शीर्षक, पंक्ति संख्याका आधारमा प्रस्तुत कविता सङ्ग्रहको कविताका संरचनालाई निम्न लिखित तालिका अनुसार देखाउन सकिन्छ :

**तालिका नं.: ५ 'श्रद्धाञ्जलीका फूलहरू' कविता सङ्ग्रहको संरचना विवरण**

| क.सं | खण्ड र कविताको शीर्षक | पृष्ठ | कविता संख्या | पंक्ति संख्या |
|---|---|---|---|---|
| **क** | **प्रथम खण्डः श्रद्धाञ्जलीका छालहरू** | **१–१३** | **१३** | **२९९** |
| १ | मदन - आश्रित स्मृति सुमन | १–२ | | २७ |
| २ | सूर्यास्तसँगै अस्ताएका दुई तारा | २–३ | | २७ |
| ३ | श्रद्धाञ्जलीका फूलहरू | ३–४ | | ३६ |
| ४ | राष्ट्रकै लालसलाम ! | ४–५ | | १९ |
| ५ | लाल तारा ! लाल सलाम !! | ५–६ | | २१ |
| ६ | ........अभाव त खट्किनेछ तर........ | ६–७ | | २० |
| ७ | .......काल ? तं मख्ख नपर | ७–८ | | २४ |
| ८ | ...........सगरमाथाका योद्धा | ८–९ | | २२ |
| ९ | मारेर पनि जीवन्त नक्षत्र | ९ | | २३ |
| १० | कमरेड तिम्रा केश फुल्न पाएनन् | १० | | २३ |
| ११ | प्रहरीहरू सँधै वाल्ल | ११ | | २६ |
| १२ | अभय कवच त कस्को पो छ र ? | १२ | | १४ |
| १३ | कस्तो संयोग ! वियोग ! | १३ | | १७ |
| **ख** | **द्वितीय खण्डः जीवन गाथा** | **१४–२४** | **०३** | **२५८** |
| १४ | जननेता क.मदनको जन्म र जीवनी | १४–१९ | | **१२९** |
| १५ | क. जीवराज आश्रितको जन्म र जीवनी | १९–२३ | | **९५** |
| १६ | भूमिगत हुनु वाध्यता थियो | २३–२४ | | **३४** |
| **ग** | **तृतीय खण्डः मदनका उद्गारहरू** | **२५–३७** | **११** | **३०८** |
| १७ | समयले शँखनाद गरी सक्यो | २५–२६ | | २५ |
| १८ | ............कालगतिले मर्दिन | २६–२७ | | २२ |
| १९ | अन्तिम लडाईं लड्नै छ | २७–२८ | | २३ |
| २० | क्रान्ति ध्वँस हैन निर्माण हो | २८–२९ | | ३० |
| २१ | राजनीतिमा थकाई शब्द नै कैद हुन्छ | २९–३० | | ३६ |
| २२ | २०१७ साल यसरी आउँछ | ३१–३२ | | ५० |
| २३ | पीडाबाट परिवर्तनको जन्म हुन्छ | ३३ | | २४ |
| २४ | मालिक भाग्य हैन/ पाखुरा हुन् | ३४–३५ | | ३२ |
| २५ | सांसद् त के परे जीवनकै राजीनामा दिनेछौं | ३५–३६ | | २४ |
| २६ | सडक शरण/शाश्वत शक्ति | ३६ | | २० |
| २७ | संघर्षको कुनै सीमा र अवधि हुंदैन | ३७ | | २२ |
| **घ** | **चतुर्थ खण्डः दुर्घटनाको चक्रव्यूह** | **३८–४९** | **०९** | **२९०** |
| २८ | दासढुङ्गाको कालो घटना | ३८–४० | | ७१ |
| २९ | षडयन्त्रको रहस्य | ४१–४२ | | ४३ |

| | | | | |
|---|---|---|---|---|
| ३० | नोक्कर आयोगको जोक्कर रिपोर्ट | ४३–४४ | | ३४ |
| ३१ | न्यायको छातीमा गोलीका पर्रा | ४४–४५ | | ३६ |
| ३२ | पृष्ठ भागले चलाएको आतङ्क | ४५–४६ | | २० |
| ३३ | जङ्गली आतङ्क/पागल चितुवा | ४६ | | १२ |
| ३४ | सन्तको शान्ति सेना | ४७ | | १४ |
| ३५ | यी मुट्ठीभर मान्छे | ४७–४८ | | ३२ |
| ३६ | शिशु प्रजातन्त्र जोगाउने नमूना | ४८–४९ | | २८ |
| **ङ** | **अन्तिम खण्डः प्रतिज्ञा** | **५०–५७** | **०५** | **१५७** |
| ३७ | तिमी चट्टान भएर उठ | ५० | | २० |
| ३८ | सागर वनिद्यौ तिमी | ५१ | | १६ |
| ३९ | जनताकी छोरी क. विद्या भण्डारी | ५२–५३ | | ३५ |
| ४० | माया तिम्रा दृढ अठोठ फुल्दैछन् | ५४ | | २४ |
| ४१ | मैले कसम खाएको छु | ५५–५७ | | ६२ |
| | **जम्मा** | **१–५७** | **४१** | **१३१२** |

## ४.२.१.३. केन्द्रीय कथ्य

विषयवस्तु कविताको केन्द्रीय तत्व हो जसको आधारमा सर्जकको सिर्जनशील व्यक्तित्व केन्द्रित हुन्छ, त्यहाँ विषयवस्तुहरू जीवन भोगाइका प्रत्येक दुःखद सुखद क्षणका अनुभूति एवं सामाजिक घात प्रतिघातमा आधारित हुन्छ । कवि जगतराज पौडेलले पनि आफ्ना कविताहरूमा मानवता, राष्ट्रप्रेम, प्रकृतिप्रेम, विकृति विसङ्गति, विडम्वना र मानवीय कुण्ठालाई कविताको विषयवस्तु बनाएका छन् । यस सङ्ग्रहमा सङ्कलित प्रत्येक कविताहरुको केन्द्रीय कथ्यको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

**प्रथम खण्डः श्रद्धाञ्जलीका छालहरू**

दासढुङ्गा दुर्घटनामा परी रहहस्यमय निधन भएका नेता द्वय क. मदन भण्डारी र क. जीवराज आश्रितको व्यक्तित्वलाई प्रकाश पारिएका तेह्र वटा कविताहरू यस खण्डमा सङ्कलित छन् । ती हुन् :

### १. मदन आश्रित स्मृति सुमन

यस कवितामा दुवै नेतालाई साहस र वीरताको प्रतीक मानेर ए धर्ती पुत्र ! ए जननायक ! ए ध्रुवतारा ! ए महामानव ! जस्ता शव्दबाट सम्बोधन गरिएको छ । दुवै नेताहरूले जनताको अन्तहृदयमा वास गरेका र उनीहरू दुवैले जनतामा अद्भूत प्रभाव

पारेका छन् । नेताहरूको बोलीमा जादु भएको र शोषक सामन्तहरूका विरुद्ध जेहाद छेड्ने साहसी भाषणद्वारा जनताहरू अत्यन्त प्रभावित छन् । सूक्ष्म विश्लेषण क्षमता र सोचका कारण पार्टीको सङ्गठन विस्तार हुन सकेको र सङ्गठन सुदृढ हुन सकेको भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २. सूर्यास्तसँगै अस्ताएका दुई तारा

दासढुङ्गाको परिवेशसंगै उक्त भयानक दुर्घटनाबाट आफू स्तव्ध भएको र अकल्पनीय अवस्थामा पुगेको यस अप्रत्यासित घटना सबैका निम्ति विस्मयकारी र प्रलयकारी भएको छ । यस दारुण घटना सुनेर जनताहरू मौरीको रानु हराएसरि भएको र शोक सन्तप्त हुँदै मूर्च्छित भएको अनि पुनः आफ्ना प्यारा नेतालाई पाउन अथवा देख्न मात्र पनि सकिएला कि भनी जनतामा अझै झिनो आशा रहेको भावलाई यस कविताको केन्द्रीय कथ्य बनाइएको छ ।

## ३. श्रद्धाञ्जलीका फूलहरू

नेताद्वयको आर्यघाटमा अन्त्येष्टि क्रियाका क्रममा उर्लिएको जनताको छिचोलिनसक्नु महासागरले नेताद्वयमाथि अपूर्व श्रद्धा सुमन अर्पण गरेका छन् । षडयन्त्रको भुंवरीमा परी दुवै कमरेडहरूको अप्रत्यासित निधन भएपछि शव हेर्न र अन्त्येष्टिमा भाग लिन सारा संसारै उल्टिएर आर्यघाटमा खनिएकोमा हत्यारा कमजोर भई हारेको छ । आततायीहरुको मनोवल घटेको र शोकसन्तप्त जनताले शोकलाई शक्तिमा बदल्ने विश्वास लिइएको छ । अत्येष्टिको क्रममा देशका कुना काप्चाबाट र विदेशबाट समेत श्रद्धाञ्जली वर्षाएका र राष्ट्रनै शोकले नतमस्तक बनेको भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ४. राष्ट्रकै लालसलाम !

देशका सम्पूर्ण राष्ट्रप्रेमी जनताहरू राष्ट्रियताको उम्लदो रगत लिएर अत्यन्त आक्रोशित हुँदै आफ्ना राष्ट्रिय नेताप्रति लालसलामको तुमुल ध्वनिद्वारा श्रद्धा अर्पण गरिएको छ । राष्ट्रियताको पदचिन्ह छाडेर जाने नेताहरूले चिन्तन र दर्शनको जुन खम्बा गाडेका छन् त्यो यद्यपि सुरक्षित छ । त्यसलाई हामी प्राण गए पनि भत्कन विग्रन दिने

छैनौं । आफ्ना सम्पूर्ण सुख सुविधाहरू त्यागेर नेताको पदचिन्हमा हिंड्ने छौं र राष्ट्रोत्थानमा लाग्ने छौं । न्याउली, कोइली, गौंथली जस्ता प्रकृतिका साना प्राणीहरुले समेत नेता द्वयको रहस्यमय निधनमा आक्रोश पोखेको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ५. लाल तारा ! लाल सलाम !!

मातृभूमिको अवस्था अत्यन्त दीनहीन भएकोले यिनको उद्धारका लागि नेताहरू आफै उत्रिएका र जनता र देशको निम्ति आफूलाई समर्पित गरी लोकमा अत्यन्त प्रिय बन्न पुगेका छन् । गरीब सर्वहारा किसानका साथी र श्रमजीवी जनताका मेरुदण्ड भएर पनि नेताहरूले ठूलो धोका पाएका छन् । शोषक सामन्तहरूको चक्रव्यूहमा फस्न पुगेको यथार्थता औंल्याउँदै त्यस्ता महान् तारा तथा सपूतहरूलाई लालसलाम अर्पण गरिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ६. अभाव त खट्कनेछ तर..........

यस देशमा उषाको मिर्मिरे प्रकाश छर्ने प्यारा नेताको निधनले सबैतिर अँध्यारो छाएको र अभाव खट्किएको कुरा व्यक्त गरिएको छ । अभावको गहिरो अनुभूतिले नै अभावको परिपूर्ति पनि होला कि भन्ने आशा कविमा देखिएको छ । अन्य राष्ट्रहरूसँग राष्ट्रघाती सन्धि हुँदै गर्दा र राष्ट्रियता नै धरापमा पारी नदीनालाहरू बेचिंदा खवरदारी गर्ने र राष्ट्रियताको घाउमा मल्हमपट्टि गर्ने नेताहरूको अभाव हुनु साह्रै पीडाको कुरा भएको छ । कविलाई उनको भौतिक शरीर नभए तापनि उनका विचारहरू क्रान्तिको देदीप्यमान प्रकाश बनेर आउनेछन् भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ७. ............काल ! तँ मख्ख नपर

कमरेडहरूको नश्वर शरीर लुछेर एकैछिनको स्वाद त कालले लियो तर उनको विचार चाहिं अजर अमर भएर बसेको कुरा वर्णन गरिएको छ । मानवताका विरोधीहरूलाई हुँकार गरेर सातो लिने कमरेडको साहसी स्वभावबाट डाहले जलेका र

त्यसै गरी काललाई पनि आफ्नो अधीनमा पार्न सक्ने खुवी देखेकाले छल गरेर उनीहरूलाई लगेको भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ८. सगरमाथाको योद्धा

सर्वोच्च शिखर सगरमाथाको गौरव र गरिमा माथि प्रकाश पार्नुका साथै सगरमाथाको हावापानी र माटोले परिपुष्ट बनेको साम्यवादी चिन्तनले एकदिन संसारलाई राज्य गर्ने छ । सगरमाथाको नवीन उर्जा र खुराक पाएर गोर्खाली वीर योद्धाहरू जनता र राष्ट्रियताको फूल अन्तरात्माभित्र सजाएर सङ्घर्षको मैदानमा उत्रँदै छन् । उनीहरूकै उत्सर्ग र आत्मवलिदानले एक दिन व्यक्ति समाज र सम्पूर्ण विश्व नै समतायुक्त हुनेछ भन्ने वीर रसपूर्ण भाव केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ९. मारेर पनि जीवन्त नक्षत्र

यस कवितामा तत्कालिन सरकारका कायर पिचासहरूले कमरेडहरूलाई लोकप्रियताको चरम उचाई छोएको देखेर डाहले खप्न नसकी विष खुवाएर मारेको जिकिर गरिएको छ । राष्ट्रका अमूल्य निधि जननायक कमरेड मरेर पनि नक्षत्र झैं जीवन्त रहेको र यस किसिमको घृणास्पद घटना घटाउनेहरू बाँचेर पनि मरेका स्याल वरावर भएको भाव व्यक्त गरेका छन् । नेताद्वयलाई मारेर आफू बाँचेको भन्नेहरू जनताद्वारा तिरस्कृत छन् । त्यस्ता व्यक्तिहरू सामन्ती शोचका अवशेषहरू हुन् । आफ्नो निजी स्वार्थका लागि उनीहरू देशलाई टुक्राटुक्रामा खण्डित गरिदिन पनि पछि पर्दैनन् भन्ने भाव यस कवितामा व्यक्त छ ।

## १०. कमरेड तिम्रा केश फुल्न पाएनन्

जस्तोसुकै परिस्थितिका बाबजुद पनि जनताका खातिर समर्पित भई मरिमेट्ने सङ्कल्प क. मदनमा थियो । त्यस्ता होनहार व्यक्तित्वलाई असमयमा नै कालले चटक्क चुँडेर लैजाँदा कवि अत्यन्त मर्माहत बनेका छन् । घनघोर रात्रीमा नडराईकन जनताको घर घरमा जाने र देशप्रेमको सन्देश दिने कमरेडमा अनुकरणीय प्रवृत्तिहरु थिए भन्दै मदनको चम्किलो व्यक्तित्व र परिपक्व व्यवहारमाथि प्रकाश पार्दै उनको सूक्ष्म विश्लेषण गर्ने खुवीलाई यस कवितामा केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ११. प्रहरीहरू सँधै वाल्ल

विलक्षण प्रतिभाका धनी कमरेड मदन भण्डारी पार्टीको काममा धनकुटा जाँदा उनलाई खोज्दै पुलिसहरूको जत्था आइपुगेको र पुलिसहरूको सामु खाइलाग्दो व्यक्ति देखा परेको र पुलिसहरूलाई उनीहरुकै पक्षमा बोलेझैं गरी होशियार हुने आदेश दिएर फुत्त बाहिर निस्केको अचम्म लाग्दो तथ्य कविले अघि सारेका छन् । सच्चा राजनेताले समय परिस्थिति र पात्र अनुसार उपयुक्त कुराहरु जाने बुझेको हुनुपर्छ अन्यथा उसको राजनीति सफल हुन सक्तैन भन्ने सन्देशयुक्त भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### १२. अभय कवच त कस्को पो छ र ?

कमरेड मदन आश्रितको उक्त घटना स्वाभाविक दुर्घटना नभई दुश्मनको घोर जालसाजी हो भन्ने कुरा मेची महाकालीका सारा संसारले पनि सहज अनुमान गर्न सक्छन् । दुश्मनका सम्पूर्ण षड्यन्त्रका जालहरू च्यातिएको, सबै भेद खोलिएको र सर्वाङ्ग रूपमा ऊ नग्न हुन पुगेको कुरा व्यक्त गरिएको छ । हिम्मत भए जनतासँग लड्न आइज अब जनतासँग सहनशीलताको बाँध फुट्न लागेको छ । बाँध फुटेको खण्डमा दुश्मनको अस्तित्व नै समाप्त हुने छ भन्ने भाव यस कवितामा केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### १३. कस्तो संयोग/वियोग

ताप्लेजुङ्ग जिल्लाको ढुङ्गेसाँघुमा क. मदन भण्डारीको जन्म हुँदा मानौं एउटा सुनौलो सूर्यको उदय भएको भान भएको थियो । त्यसवेला त्यहाँको परिवेशमा हर्षोल्लास छाएको थियो । जीवनको दोस्रो प्रहरमा उनको कार्यक्षेत्र ढुङ्गेसाँघुबाट चारढुङ्गेमा सऱ्यो । त्यहींबाट मदनले सत्ताधारी सामन्तहरूका विरुद्ध जेहाद् छेड्ने काम गरे । आफ्ना ओजस्वी वाक बज्रद्वारा तानाशाहहरूको मुटु थर्काउने काम गरे । तत्कालीन राजसंस्थालाई राजनीति गर्नु छ भने श्रीपेच खोलेर मैदानमा उत्रने हाँक दिंदा दुश्मन पक्षमा ठूलै सनसनी मच्चियो । यसबाट विचलित भएका दुश्मनहरूले क. मदन आश्रितलाई षड्यन्त्रपूर्वक चितवनको दासढुङ्गामा कार खसालेर हत्या गरिएको भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

**द्वितीय खण्डः जीवन गाथा :** यस खण्डमा मदन भण्डारी र जीवराज आश्रितका जीवनगाथासँग सम्बन्धित तिन कविता सङ्कलित छन् । ती हुन्:

## १४. जननेता क. मदनको जन्म र जीवनी

ताप्लेजुङ्ग जिल्लाको ढुङ्गेसाँघुमा बाबु देवीप्रसाद भण्डारी र आमा चन्द्रकला भण्डारीका  माहिला सुपुत्रको रूपमा वि.सं.२००९ असार १४ गते शुक्रवारका दिन जन्मेका मदन भण्डारीको बालकको नाम मोतीराम राखियो । बालक जन्मंदाको वातावरण अत्यन्त मनमोहक र शुभ मुहुर्तले युक्त भएका कारण पछि जननेता बन्न सकेको कुरा यस कवितामा व्यक्त गरिएको छ । मदन अत्यन्त ओजस्वी र तेजस्वी भएकाले भविष्यमा देशकै कर्णधार हुन सक्ने भविष्यवाणी समेत ज्योतिषीहरूले गरेका थिए । तत्कालीन समयमा गाउँघरमा फटाहा, शोषक र सामन्तहरूको राईंदाई चल्ने र उनीहरूको विरुद्ध बोल्ने हिम्मत समेत कसैको हुँदैनथ्यो तर बाल्य अवस्थामा पनि मदनले निडर भई प्रतिकार गर्थे भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## १५. क.जीवराज आश्रितको जन्म र जीवनी

यस कवितामा गुल्मी जिल्ला अन्तर्गत शान्तिपुर गा.वि.स.को चन्द्रकोट थुम्कामा वि.सं २००० असारमा जन्मेका जीवराज आश्रितलाई धर्ती नै जुरुक्क उचाल्ने वीर सपुतको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ ।  संधैभरि के खाउँ र के लाउँको दयनीय घर परिवारमा जन्मेका जीवराजको बाल्यकाल साह्रै नै सङ्कटपूर्ण थियो । आमाको निधनले बाल्यकालमै टुहुरो बन्न पुगेको भएतापनि स्नातक तह सम्मको औपचारिक अध्ययन पूरा गरेका आश्रितले मानव जीवन र मार्क्सवादी विज्ञान एक अर्काका पूरक तथा अन्योन्याश्रित भएकोले आजको युगमा मार्क्सवाद अपरिहार्य भएको व्याख्या र विश्लेषण गर्ने आश्रितको साहित्यप्रति पनि गहिरो अभिरूचि थियो भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## १६. भूमिगत हुनु बाध्यता थियो

एकतन्त्रीय हुकुमी शासनको समय देशमा सबै राजनैतिक पार्टीहरु प्रतिबन्धित थिए । पार्टीको नाम पनि सुन्न नचाहने त्यो युग एकदमै कालरात्रीमय थियो । तत्कालीन

पञ्चायती शासनले पार्टीहरूलाई प्रतिबन्ध मात्र लगाएको थिएन पार्टी कार्यकर्ताहरुरूलाई अनेकौं जेल नेल र यातनाद्वारा सताउने काम पनि गरेको थियो । कति लालसपुतहरुले आफ्नो बलिदानी दिनु परेको थियो । तत्कालीन प्रशासनले अत्यन्त निर्मम व्यवहार गर्ने भएकोले जनताको भावनालाई मर्न नदिन उनीहरूको प्रजातन्त्रप्रतिको प्रेम र सङ्घर्षलाई बचाई राख्न नेताहरूले भूमिगत भई लुक्नुपर्ने बाध्यता थियो भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

**तृतीय खण्डः मदनका उद्‌गारहरू :** यस खण्डमा मदन भण्डारीका विभिन्न समय र परिवेशका भनाइसँग सम्बन्धित ११ वटा कविताहरू सङ्कलित छन् । ती हुन्:

## १७. समयले शङ्खनाद गरिसक्यो

देशलाई अन्याय र अत्याचारबाट मुक्त गर्नुछ भने समयको माग अनुसार सङ्घर्षको मसाल सल्काउनु जरुरी छ । जनहत्यारो फासिष्ट शासन अब देशले सहन सक्दैन । कुनै उजुरीको सुनुवाई नभएको, प्रतिपक्षले बोलेका कुराहरू हावामा उडाइएको, देशको भौतिक तथा प्राकृतिक सम्पत्तिमाथि विदेशी दलालहरूको आधिपत्य भएको, देशको उद्योग धन्धा, नदीनालाहरू धमाधम बेचिएका, चेलीवेटीको दिनदहाडै ईज्जत लुटिएको र भ्रष्टाचारले सीमा नाघिसकेको हुँदा सम्पूर्ण जनताहरू एकताबद्ध भएर उत्रनु वर्तमानको आवश्यकता हो भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## १८. कालगतिले मर्दिन

विश्वका साम्राज्यवाद र विस्तारवादका मतियारहरूद्वारा सञ्चालित विभिन्न गुप्तचर संस्थाहरू विश्वबाट नै साम्यवादी व्यवस्था समाप्त पार्न सक्रिय भइरहेको अवस्थामा क. मदन लगायत अनेकौं नेपाली कम्युनिष्ट नेता तथा कार्यकर्ताहरूले भूमिगत जीवन यापन गरिरहेको यथार्थ व्यक्त गरिएको छ । यस्तो त्रासदीपूर्ण अवस्थामा जनताको पक्षमा आवाज बुलन्द पार्दै साम्राज्यवाद र विस्तारवादका विरुद्ध बोल्ने नेताहरूलाई कालगतिले मर्न नदिने कुराको सङ्केत गरेका छन् । क्युवाका फिडेल क्यास्ट्रो जस्ता उच्च नेतालाई एक सय सत्र पटक सम्म मार्ने उपक्रम गरियो र अन्य कतिपयलाई मारिएको भएता पनि साम्राज्यवादी ती कायरहरुसँग आफू कत्ति नडराएको र

हरेश नखाई जनमुक्तिका खातिर निरन्तर लागि रहने प्रण व्यक्त गरिएका भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## १९. अन्तिम लडाईं लड्नै छ

शोषक सामन्तको थोत्रिएको जीर्ण संस्कृति मार्फत् हुर्किएको समाजलाई परिस्कृत र परिमार्जन गर्न अत्यन्त कठिन हुने र यसका निम्ति क्रान्ति गर्नु शाश्वत सत्य हो । साम्यवादका प्राप्तिका लागि अन्तिम लडाईं लड्नै बाँकी छ । यहाँको हावा पानी र माटो सुहाउँदो राजनैतिक परिवर्तन गरेर जनताले वास्तविक मुक्तिको स्वाद चाख्न र वर्गविहीन समाजको निर्माणार्थ प्रत्येक जनता अन्तिम लडाईंमा उत्रने छन् भन्ने क. मदनका उद्गारलाई व्यक्त गरिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २०. क्रान्ति ध्वंस हैन बरू निर्माण हो

क्रान्तिले समाजमा विद्यमान तथाकथित कुटिलतामय जातभातको पर्खाल भत्काई सुनौलो आकर्षक संसारको निर्माण गर्दछ र वर्गसङ्घर्षका कुरा उठाउँदै प्रत्येक जनतालाई सार्वभौम बनाउने छ । क्रान्ति न त  समर्पणवाद हो न मानव अधिकारको हनन् गर्ने तत्व नै हो बरू क्रान्ति त उत्कृष्ट कार्यहरुद्वारा चेतना जगाउने र नव निर्माण ल्याउने प्रकाशपुञ्ज हो । क्रान्ति वर्तमान समाजको विकृति र विसङ्गति समाप्त पार्ने अपरिहार्य तत्व हो भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २१. राजनीतिमा थकाई शव्द नै कैद हुन्छ

नेपालको कम्युनिष्ट पार्टीले सामन्तवादको पतन गर्नका लागि अनेकौं सङ्घर्षहरू गरेको, कठोर भूमिगत जीवनका क्रममा कैयौंले सहादत प्राप्त गरेका र तानाशाहलाई निस्तेज पार्ने क्रममा काठमाडौ, चितवन, इलाम, झापा लगायत देशका कैयौं स्थानहरूमा सच्चा देशभक्त सपुतहरूले रगतको खोला बगाएको तथ्य अघि सार्दै अझ पनि रक्तरञ्जित बलिदानीका लागि युवाहरू तत्पर भएकोले देश र देशवासीका अङ्ग अङ्गमा नव क्रान्तिको ज्वालामुखी उम्लन्छ त्यसवेला साम्राज्यवादको कस्तै अभेद्य कवच पनि ध्वस्त हुन पुग्छ भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २२. २०१७ साल यसरी आउँछ

प्रजातन्त्रको पूर्व इतिहास एकदमै लज्जास्पद तथा कलङ्कयुक्त भएको भनी हिजोको निरङ्कुश, सामन्तवाद, तानाशाही जमिन्दारी र विर्ता पद्धति आज पनि बाँचिरहेको छ । ३० वर्षे पञ्चायती व्यवस्थालाई सवै राष्ट्रवादी शक्ति एक भई ढाल्न सफल भएको हो । नेपालको प्रजातन्त्रको पृष्ठभूमितर्फ फर्केर हेर्दा २००७ सालको दिल्ली सम्झौता पनि धोकापूर्ण रहेको थियो । त्यतिवेला भारतीय सेनाहरू देशमा प्रवेश गराई गोली हानी मार्ने काम गरिएको थियो । तत्कालीन समयमा नेपाल कम्युनिष्ट पार्टीले संविधान सभाको माग गरेको र जमिन जोत्नेको हुनु पर्छ भन्ने आवाज बुलन्द पारेको थियो तर नेपाली काङ्ग्रेसले नमानेका कारण राजासँग साँठगाँठ गर्दा सत्र साल जन्मन पुगेको हो । काङ्ग्रेसहरू पञ्चायतभित्र छिरेर विभिन्न पद एवं कुर्सीमा टाँसिन पुगे भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २३. पीडाबाट परिवर्तनको जन्म हुन्छ

जनमानसको परिवेशमा जव घात प्रतिघात बढ्न जान्छ, अन्याय अत्याचार बढेर सहनै नसकिने हुन्छ, धैर्यको अन्तिम बाँध पनि जब फुट्छ त्यस अवस्थामा परिवर्तनको जन्म हुनका लागि उर्वर अवस्था सृजित हुन्छ । मानवीय हक अधिकार माथि अवरोध गर्दा र आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्ने क्रममा जेल नेलको यातना भोग्नुपर्दा मानव अन्तरात्मा विक्षिप्त बन्न पुग्छ । त्यसको प्रतिकारमा ऊ जुर्मराउँछ । यसप्रकारको विकराल प्रदुषणबाट बच्न व्यक्ति व्यक्तिले कम्मर कस्दा र अदम्य आँट लिएर उठ्दा परिवर्तनको नयाँ बिहानी हुन्छ भन्ने भाव नै यस कवितामा केन्द्रीय कथ्यको रूपमा पाईन्छ ।

## २४. मालिक भाग्य हैन पाखुरा हुन्

पुरुषार्थीहरुका लागि आफ्ना पाखुरा र मुट्ठीमा विश्वास हुन्छ । उद्योगीले जोगी हुनु पर्दैन । हाम्रा सबैभन्दा असली साथी भनेकै हाम्रा पाखुरी हुन् । दश नङ्ग्रा खियाएर परिश्रमको फल खानु भनेको अमृतपान गरे बराबर हो । यो कर्मशील दुनियाँमा मुट्ठी नै इश्वर हो र वैज्ञानिक सत्य हो जसका माध्यमबाट मान्छेले हिजोको असम्भव भन्ने कुरा

आज सत्य सावित गरिदिएको छ । त्यसैले आफ्नो भाग्यरेखा कोर्ने काम आफ्नै हातबाट हुनुपर्छ न कि भगवान्को भरोसाबाट भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २५. सांसद त के परे जीवनकै राजिनामा दिन्छौं

यस देशका समर्पित सपूत तथा कार्यकर्ताहरूको उत्साह र त्यागले पार्टी उन्नत र उच्च त भएकै छ कथंकदाचित यी मातृभूमिमाथि कलङ्क लाग्ने खतरा उपस्थित भयो भने यो सांसदको पद त के हो र खाँचो भयो भने जीवनकै राजिनामा दिन पनि पछि पर्दैनौं । हाम्रो इतिहास नै आहुतिको इतिहास हो, उत्सर्ग र समर्पणको इतिहास हो । पद र प्रतिष्ठाको लागि कुर्ची र सिंहासनको लागि मोह देखाउने बानी हाम्रो छैन यदि त्यो प्रवृत्ति कसैमा छ भने त्यो गद्दार हो, देशघाती हो । देशभक्त सपुतहरूले देश र जनताका लागि रगत दिए जीवन समर्पित गरे त्यस्तै थिए मदन पनि अत्यन्त कठोर आपद् विपद्ले युक्त लामो जेल जीवन बिताएर नेल्सन मण्डेलाको उपाधि पाउन लायक व्यक्ति यदि कोही थिए भने मदन भण्डारी थिए भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २६. सडक शरण/शाश्वत शक्ति

कम्युनिष्ट पार्टी सर्वहारा किसान, मजदुर, गरीब श्रमजीवीहरुको पार्टी हो । कम्युनिष्ट पार्टी सडकमै जन्मन्छ, सडकमै हुर्कन्छ, सडकमै विकास र विस्तार हुन्छ । चाहे जर्मनीको हिटलरशाही होस् या रस्सियाको जारशाही होस् वा कम्वोडियाको पोलपोटको हुकुमी शासन होस् अथवा अग्रेजहरूको विस्तारवादी शासन सबैको पतन गरिदिने सशक्त शक्ति नै सडक हो । सडकको जनसागरले नै राणाशासनलाई वगायो र पञ्चायती व्यवस्थालाई हावामा उडायो । त्यसैले सडकलाई सानो सोच्नु हुँदैन । सडकको शक्तिलाई शाश्वत शक्ति ठान्ने र राजनीतिको मूल चुरो समाउने आधार सडकलाई मानिएको भाव केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २७. सङ्घर्षको कुनै सीमा र अवधि हुँदैन

झापा काण्ड लगायतका विभिन्न सङ्घर्षशील घटनाहरूमा पार्टी अगाडि बढि रहेको, जनताबाट प्राप्त हुने सद्भाव र सहयोग मिली नै रहेको छ । राजनीतिका नीति नियमहरु आ-आफ्नै हुन्छन् तर देश काल परिस्थिति र पात्र अनुसार फरक हुन्छन् र हुनु पर्छ । हामीले वैदेशिक अनुकरण र अनुसरण गर्नुको साटो आफ्नै हावापानी र माटो अनुसार आफ्नै सोच तथा समय विशिष्ट नीति नियम र शैली अपनाई आफ्नो उद्देश्य पूरा गर्नु पर्छ भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

**चतुर्थ खण्डः दुर्घटनाको चक्रव्यूह :** यस खण्डमा दासढुङ्गा दुर्घटनासँग सम्बन्धित ९ वटा कविता सङ्कलित छन् :

## २८. दासढुङ्गाको कालो घटना

वि.सं.२०५० जेठ ३ गते पोखरामा जिल्ला अधिवेशनको समापनपश्चात् भरतपुर आउने क्रममा चितवन जिल्लाको दासढुङ्गामा भएको क. मदन आश्रितको रहस्यमय मृत्युको घटनामा गाडी चालक अमर लामा समेतको संलग्नता रहेको अनुमान गरिएको छ । आफु धानको भुसमा हाम फालेर गाडी नदी तर्फ सोझ्याएका कारण जनताका मुक्तिका खातिर अहोरात्र खट्ने र जीवन अर्पण गर्ने राष्ट्रका सच्चा सपुतहरुको रहस्यमय अवशान हुन गएको घटना नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## २९. षड्यन्त्रको रहस्य

नेपालमा बढ्दै गएको कम्युनिष्टहरूको प्रभावबाट भयभित भएकी अमेरिकी राजदुत जुलिया चाङ्ग व्लकले कम्युनिष्टलाई सखाप पार्ने अभियान अन्तर्गत बर्दियाको ठाकुरद्वारामा प्रधानमन्त्री शेरबहादुर देउवासँग भएको वार्ताअनुरूप अमर लामालाई हातमा लिएर मदन आश्रितको षड्यन्त्रपूर्ण तवरले हत्या गरिएको हो । यस घटनाको पछाडि शेर वहादुर देउवा र जुलियाको मिलेमतो रहेको प्रष्ट हुन्छ । श्रद्धेय जन नेताहरूको विशाल सव यात्रा सहितको श्रद्धान्जली सभामा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको अनुपस्थितिबाट थप शङ्का उब्जिएको छ भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३०. नोक्कर आयोगको जोक्कर रिपोर्ट

देश र जनताका लागि केही गर्ने आकांक्षा राखेर देश निर्माणमा जुटेका सच्चा सपुतहरूको जघन्य हत्याको बारेमा सरकारद्वारा गठित जाँचबुझ आयोगका अध्यक्ष प्रचण्ड कुमार अनिलको रिपोर्ट पनि यथार्थ हुन सकेन भनी आयोगको रिपोर्ट र आयोगका अध्यक्षप्रति धिक्कारिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३१. न्यायका छातीमा गोलीका पर्रा

प्रजातन्त्र र मानव अधिकारको परिभाषा दिन नथाक्ने सरकार शान्तिपूर्ण बन्द र प्रदर्शनमा रोक लगाउने, न्यायका आवाज बोकेर हिंड्ने जनतालाई गोलीले भुटेर रक्ताम्य पार्ने, हत्यारालाई संरक्षण दिने, अपत्यारिलो रिपोर्ट पेश गर्ने आयोगको गठन गर्ने जस्ता निरङ्कुश सरकारी रवैया प्रति सबै मुक्तिकामी जनताहरू शोकलाई शक्तिमा बदलेर आँधी र हुरी बनेर पक्कै पनि बदला लिन आउने छन् भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३२. पृष्ट भागले चलाएको आतङ्क

तत्कालीन शासकहरूले आफ्नो स्वार्थका लागि निकृष्ट र जघन्य आतङ्क मच्चाएर जनताको रगतमा आहाल खेलेका छन् । शासकहरुलाई नव जार, राक्षस, पिचास जस्ता शब्दहरुले सम्बोधन गरिएको छ । विभिन्न राजनैतिक पार्टीहरूको अथक प्रयासले प्राप्त प्रजातन्त्रको दुरूपयोग भएको भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३३. जङ्गली आतङ्क/पागल चितुवा

हजारौं रङगी विरङ्गी फूल तथा मधुर स्वादिष्ट फूलहरू बगैंचामा पागल चितुवाको प्रवेश हुँदा जस्तो आतङ्कको अनुभव गर्दछन् ठीक त्यस्तै अनुभव सर्वसाधारण नागरिकले कांग्रेसी शासनका बेला गरिरहेका छन् । सर्वत्र हत्या, हिंसा, अन्याय, अत्याचार, भ्रष्टाचार बढेको छ । प्राकृतिक उर्वरताले भरिएको यस देशलाई वागवगैंचा, वन उपवन, पुष्पवाटिकाका रूपमा परिणत गर्नुपर्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३४. सन्तको शान्ति सेना

तत्कालीन राजनैतिक वातावरणमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा नेपाली काङ्ग्रेसको सुदृढताका लागि तयार पारिएको भनिएको युवा दल र तिनको विविध क्रियाकलापप्रति व्यङ्ग गर्दै उनीहरुको मुखमा राम राम बगलीमा छुराको नीतिप्रति व्यापक जनअसन्तोष प्रकट गरिएको छ । त्यस शान्ति सेनाले देशका विभिन्न भागहरूमा व्यापक अशान्ति मच्चाई सर्वसाधारण जनतालाई आतङ्कित पारेको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३५. यी मुट्ठीभर मान्छे

राष्ट्रका धन सम्पत्ति लुटेर मोजमस्ती गर्न पल्केका मातृभूमिको निकृष्ट सन्तानहरूका निम्ति राष्ट्रवादी सपुतहरु किन मन पर्दथे? कमरेड मदन आश्रितहरू जस्ता त उनीहरुका दुश्मन नै हुने भए जो नित्य निरन्तर शोषण र दमनका विरुद्ध लड्दथे । प्रतिपक्षबाट शान्तिपूर्ण आन्दोलन हुँदा समेत त्यसमाथि असिना बर्षाएझैँ गरी गोली बर्षाएर नीरिह महिला, बालकहरूलाई मारेर हत्याको शिखरमा पुगेको शाषकलाई नरसंहार गर्ने उल्लु नायक भन्दै दादा ईदि अमिन भन्दा भिन्न नरहेको असन्तुष्टि भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३६. शिशु प्रजातन्त्र जोगाउने नमूना

शिशु प्रजातन्त्रको वास्तविक रक्षक हामी हौँ भन्ने दावी गर्न नछाड्ने काङ्ग्रेसहरूले सरकारमा बसेर जनताको चित्कार नसुनेको, देशलाई हानी पुग्ने गरी असमान सन्धि गरेको, उद्योग कलकारखानाहरू सस्तो मूल्यमा विदेशीलाई बेचेको, कानूनी राजको खिल्ली उडाएको, मानव अधिकारको चरम उल्लङ्घन गरेको र देशमा वर्वर आतङ्क मच्चाएका कारण जनताहरु अब जुर्मुराउन थालेका हुँदा शाषकहरू भाग्नको लागि बाटो तताउन उपयुक्त हुने विचार नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

**ङ अन्तिम खण्डः प्रतिज्ञाः** यस खण्डमा मदनभण्डारीको प्रतिज्ञासँग सम्बन्धित पाँचवटा कविता सङ्कलित छन् । ती हुन्:

## ३७. तिमी चट्टान भएरै उठ

सदैव संसार हाँक्ने चिन्तन दिने आदरणीय नेताहरू गुमाउनु पर्दा विद्या भण्डारी मात्र हैन सिङ्गै देश विधवा भएको छ । नेताहरूलाई मारे पनि विचार र चिन्तन कदापि मर्दैन भन्ने दृढ अठोट र विश्वास राखिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३८. सागर बनिद्यौ तिमी

जीवन भरी ऐस आराम नलिईकन कठिन भूमिगत जीवनको समेत कुनै पर्वाह नगरी धैर्य र साहस लिएर अनवरत जनताको मुक्तिका आवाज बुलन्द पार्दै हिंड्ने यी लाल ताराहरूको कठिन जीवन र महान विचारमा साथ र सहयोग पुऱ्याएकी विद्या भण्डारी वास्तवमै सागर हुन् भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ३९. जनताकी छोरी क. विद्या भण्डारी

राजनीति गर्ने भए श्रीपेच खोलेर मैदानमा आउन तत्कालीन शक्तिशाली राजालाई समेत खुला हाँक दिएपश्चात निकै चर्चामा आएका क. मदन भण्डारीको मृत्यु षड्यन्त्रपूर्वक भएको आक्रोशमा देशका कुना, भीर, पाखा, पर्वत, फाँटबाट कडा चेतावनीसहित रोषका ज्वाला दन्काएर आम जनताहरू जस्तोसुकै कठिन परिस्थितिसँग पनि जुध्दै हत्याराहरूसँग बदला लिने अठोट सहित एकताबद्ध भएका छन् । चखेवाको जोडी जस्तो युगल जोडीलाई लुटेर लगेको यस्तो कठिन परिवेशमा समेत कत्ति पनि धैर्य नगुमाईकन उच्च मनोबल लिएर राष्ट्रिय अस्मिता बचाउन शोषित पीडित जनताकी प्यारी छोरी क. विद्या भण्डारी प्रति आह्वान गरिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ४०. माया तिम्रा दृढ अठोट फुल्दै छन्

एउटा नेताको जीवन सँगिनी भएर वास्तवमै निजी सुख सुविधालाई पर पन्छाएर, घरायसी कष्ट सहेर पनि कुशल नेता हुनका लागि मायाले आश्रितलाई पुऱ्याएको विविध सहयोगले नेपाली क्रान्तिको उचाई बढाउन र जनता र राष्ट्रिय हितका सवालमा थप

सहयोग पुगेको छ । प्यारा सन्तति सागर र उषाको सफलता र सद्मार्गले पक्कै पनि तिम्रा दृढ अठोट फूल झैं फक्रने छ भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ४१. मैले कसम खाएको छु

नेपाल आमाका सच्चा सपुतहरुको तार्किक विचार सामु अड्न नसकेकाहरू, ओजस्वी भावनाहरूलाई स्वीकार्न नसकेकाहरू, राष्ट्रलाई खण्डित पार्ने मनसायका राष्ट्रघातीहरूका लागि  क. मदनको उपस्थितिले वास्तवमै चुनौति दिई रहेको थियो । यसैको सामूहिक परिणामस्वरूप कायरहरूबाट दासढुङ्गामा षड्यन्त्रमूलक जीप दुर्घटना गराईएको हो । प्यारा नेताहरूको रहस्यमय मृत्युको खवरले समस्त न्यायप्रेमी जनताहरूले मुटु नै हराएको आभाष गरेका छन् । जनताको मुक्तिका लागि शोकको घडीलाई शक्तिमा बदल्दै आदरणीय नेताहरूको पदचाप कायम गर्ने दृढ अठोट सहित प्रतिशोधको आंधी बेहरी ल्याउने कसम खाईएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ४.२.१.४ मूलभाव

जीवन भोगाइका क्रममा प्राप्त विभिन्न भाव विचार र अनुभूति विशेषको तीव्र र सम्पूर्ण अभिव्यक्ति नै कविता हो । [७०] कविताको पहिलो आधारभूत संरचक घटक मानिने भाव वा विचार कविताको मूलवस्तु वा मूल कथ्य हो । कवितामा प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । [७१] जीवन जगत्को विकृति विसङ्गति र प्रतिकूलताको क्षणहरूबाट कविताको सिर्जना हुन्छ । कविलाई आफ्नो जीवन भोगाइको क्रममा जुन भाव वा विषयवस्तुले अन्तरमनमा गहिरो प्रभाव पार्दछ त्यसैको केन्द्रीयतामा कविले कविताको सृजना गर्दछन् । कवि जगतराज पौडेलले पनि जननायक मदन भण्डारी र जीवराज आश्रितको देश प्रतिको त्याग तपस्या र वलिदान, दासढुङ्गाको दुर्घटना र त्यस्ले आंफूलाई पारेको प्रभावलाई नै कविताको मूल विषयवस्तु बनाएका छन् । प्रस्तुत सङ्ग्रहमा आदरणीय नेताहरूको सादा जीवनशैली,

---

[७०] डा. हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौ, साझा प्रकाशन, २०५०, पृ ४३ ।

[७१] डा. खगेन्द्रप्रसाद लुईटेल, **नेपाली काव्य समालोचना**, काठमाडौं, पैरवी प्रकाशन, २०६७, पृ १६ ।

स्वभाव, साहस, विद्वता, बौद्धिकता, ओजस्वी उद्‌गारबाट कवि प्रभावित भएका छन् । कविताको शीर्षकअनुसार श्रद्धाजनक भाव, अमर भाव, समर्पण भाव, शोक भाव, सर्वोच्च भाव, चातुर्य भाव, आक्रोशित भाव, तीक्ष्ण भाव, जागृत भाव, प्रकृति प्रेम, ग्रामीण परिवेशको झलक जस्ता भावहरू मूल विषयवस्तुमा देखिन्छन् । यी विविध विषयहरूमा नेताहरू प्रति श्रद्धाजनक भाव व्यक्त गरिएका कविताहरू सशक्त देखिएका छन् । प्रस्तुत श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रहका कविताहरूलाई प्रमुख विषयवस्तुका आधारमा निम्नप्रकार वर्गीकरण गरेर हेर्न सकिन्छ ।

तालिका नं.: ६ श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रहका भावहरू

| क्र.सं. | भाव | कविताको शीर्षक |
|---|---|---|
| १ | श्रद्धाजनक भाव | मदन - आश्रित स्मृति सुमन |
| २ | चातुर्य भाव | प्रहरीहरू सँधै वाल्ल |
| ३ | तीक्ष्ण बौद्धिक क्षमता | जननेता क. मदनको जन्म र जीवनी |
| ४ | क्रान्ति प्रतिको दृष्टि | क्रान्ति ध्वंस हैन निर्माण हो, |
| ५ | शोक भाव | राष्ट्रकै लालसलाम ! |
| ६ | सर्वोच्च भाव | ...........सगरमाथाका योद्धा |
| ७ | तत्कालिन राजनीति प्रतिको दृष्टि | २० १७ साल यसरी आउंछ |
| ८ | आक्रोशित भाव | अभय कवच त कस्को पो छ र ? |
| ९ | अमर भाव | सूर्यास्तसँगै अस्ताएका दुई तारा |
| १० | जागृत भाव | यी मुट्ठीभर मान्छे |
| ११ | समर्पण भाव | श्रद्धाञ्जलीका फूलहरु |
| १२ | प्रकृति प्रेम | जननेता क. मदनको जन्म र जीवनी |
| १३ | ग्रामीण परिवेशको झलक | राष्ट्रकै लालसलाम ! |

**क) श्रद्धाजनक भाव**

देखिएको वा नदेखिएको कुनैपनि आदर्श गुण, विशिष्ट कुरा, महत्त्व, शक्ति आदिबाट मन प्रभावित भई तिनकाप्रति उत्पन्न हुने आदरपूर्ण भावना नै श्रद्धाजनक भाव हो । मदन आश्रित स्मृति सुमन कविताका निम्न अंशमा यस्तो भाव व्यक्त छः

ए धर्ती पुत्र ! साहसी वीर  ए जननायक !
सबैको अन्तर दिलमा तिमी रहेछौ नजिक
ए ध्रुवतारा ! ए महामानव ! छाप पार्‍यौ अमिट
जनताले आफ्नो धुकधुकी भित्र अरूलाई पाए त !

- **मदन आश्रित स्मृति सुमन, पृष्ठ - १**

### ख) चातुर्य भाव

कुशलता, होसियारी र बुद्धिमतापूर्वक कुनै काम गरिनुलाई चातुर्य भनिन्छ । क. मदन भण्डारीले जीवनका विभिन्न क्षणमा देखाएका विविध शैली र प्रकारका चातुर्यतायुक्त घटनाहरूलाई कवि जगतराजले बडो रोचक तवरले प्रस्तुत गरेका छन् । धनकुटामा पार्टी कामको सिलसिलामा क. मदनले प्रहरीलाई छकाएर चातुर्यपूर्वक हिंडेको घटनालाई यसरी प्रस्तुत गरेका छन् :

हरितयारले सजिसजाउ दुष्मनको घेरा
खाइलाग्दो मानिस जस्तो हाकिम आयो एक
होसियार हुने आदेश दिंदै निस्के फुत्त !
मदनलाई पुलिसले पर्खेका, हाकिम उनै बनेर फर्केका ॥

- **प्रहरीहरू संधै वाल्ल !, पृष्ठ - ११**

### ग) तीक्ष्ण बौद्धिक क्षमता

कवि जगतराजले सुक्ष्म र जटिल विषयलाई समेत गहिरिएर बुझ्ने शक्ति भएका व्यक्तिका रूपमा क. मदन भण्डारीलाई लिएका छन् । गुरू धरणीधर र साथी देवी वरालले पनि मदन भण्डारीको तीक्ष्ण बुद्धिको प्रशंसा गरेका थिए । द्रष्टव्य छन् तलका कवितांश

भैंमा कुरा खसे पछि टिपी हाल्ने बुद्धि
महिना दिनमै कण्ठै पारे दुर्गाकवच चण्डी ।
तीक्ष्ण थिए चतुर बुद्धि थिएन क्यै मात
हुने जात्का विरुवाका चिल्ला हुन्छन् पात ॥

- **जननेता क. मदनको जन्म र जीवनी, पृष्ठ - १५**

### घं) क्रान्तिप्रतिको दृष्टि

देशको विद्यमान सामाजिक अवस्था र शासन सत्ता परिवर्तनका निम्ति सञ्चालित जनक्रान्तिप्रति कविले आफ्नो दृष्टि यसरी प्रष्ट पारेका छन् ।

न प्रतिशोध हो क्रान्ति, न समर्पणवाद हो
न मानव अधिकार खोस्ने, बरू निर्माण क्रान्ति हो ।
क्रान्ति हो नव निर्माण, सन्दर्भ हैन ध्वस्तको
वर्गीय चेतना राख्ने, उचित उन्नत कार्य हो ॥

**- क्रान्ति ध्वंस हैन निर्माण हो, पृष्ठ - २८**

### ङ) शोक भाव

कवि जगतराजले प्रिय र गुणी व्यक्तिको मृत्यु र वियोगले उत्पन्न पीर, मानसिक कष्ट र चिन्ताले आकुल व्याकुल भएर शोक र करुण भाव यसरी पोखेका छन् ।

रोएर न्याउली कोइली डाक्छिन् को होला को हो को ?
गौंथली गर्छिन आक्रोश चीरवीर न लुका को हो त्यो ?
तराइ फाँटमा बाँडिए मिठा लेकाली काफल
डाँफे, मयुर, मुनाल मिलि बाँधेर आँचल ॥

**- राष्ट्रकै लाल सलाम !, पृष्ठ - ५**

### च) सर्वोच्च शिखर पुरूषका रूपमा चित्रण

नवीन र सुन्दर विचारका धनी नेताद्वय जननेता मदन भण्डारी र जीवराज आश्रितलाई कवि जगतराजले सर्वोच्च र शिखर पुरूषका रूपमा यसरी लिएका छन् ।

मनै लोभ्याउने सर्वोच्च शिखर सगरमाथाको
चम्कने अद्भूत ! स्वर्णीम छटा सौन्दर्य छानाको
श्यामल शैल मनोहर दृष्य क्या चमत्कार यो !
हिमालयको अन्तर निहित् लुकेको जादू यो ॥

**- ....सगरमाथाका योद्धा, पृष्ठ - ८**

### छ) तत्कालीन राजनीतिप्रतिको दृष्टि

देशको विद्यमान राज्य सञ्चालन प्रणाली प्रति कवि सन्तुष्ट नभएको र विविध विसङ्गतीहरूका कारण नै देशमा २०१७ साल आएको उल्लेख गरेका छन् ।

प्रजातन्त्रको पृष्ठभूमिमा इतिहास कालो छ

जमीन्दारी र विर्ता ठानेर निरंकुश बढ्दो छ

तानाशाहको फासिष्ट भोक राजालाई जगायो

प्रजातन्त्रको कलिलो टुसा राजालाई बुझायो ॥

- **२०१७ साल यसरी आउँछ, पृष्ठ - ३१**

**ज) आक्रोशित भाव**

आफ्ना प्यारा नेताहरूको असामयिक निधनले विह्वल बन्न पुगेका कविले क्रोधपूर्वक कठोर भावमा दुष्मन प्रतिको आक्रोश यसरी पोखेका छन् ।

तँ नाङ्गै सर्वाङ्गै पहिरन उध्यो जाल बुझियो

बुझिस् पैठारीको अभय कवचै नाङ्गिन पुग्यो

अझै खेल्छस् कुस्ती हिकमत भए आइज बरू

फुट्यो बाँधै छैनन् अब त सहने आसयहरू ॥

- **अभय कवच त कस्को पो छ र ?, पृष्ठ - १२**

**झ) अमरत्व भाव**

नेताहरूको देहावशान् भए पनि उनीहरूको दर्शन र विचार सदा जीवित रहिरहने छ भन्ने अमरत्व भाव कवितामा झल्केको छ । सन्दर्भित कवितांश

पार्थिव शरीर लुटिए पनि दर्शन अमर छन्

पहाड भन्दा गरुङ्गो मरण भावना मर्दैनन्

बादल कालो मडारे पनि प्रकाश छेकिन्नन्

अनन्त सम्म यो धर्ती हँसाई चम्किनै रहने छन् ॥

- **सूर्यास्तसँगै अस्ताएका दुई तारा, पृष्ठ - ३**

**ञ) जागृत भाव**

प्रिय नेताहरूको षडयन्त्रपूर्वक हत्या भएको घटनाको पर्दाफास गर्ने अभियानमा लामबद्ध हुँदै अघि बढ्न जनताहरूलाई जागरूकताका लागि अपिल गरेका छन् । सन्दर्भित कवितांश

समय परिवेश भन्छ उठ जागृत मानिस
होउ सामेल मोर्चामा पक्का हट्दछ राक्षस ॥

- **यी मुट्ठीभर मान्छे, पृष्ठ - ४८**

**ट) समर्पण भाव**

श्रद्धासाथ कसैलाई कुनै चीज दिने वा चढाउने काम, आदरपूर्वक अर्पण गरिनुलाई समर्पण भनिन्छ । [७२] द्रष्टव्य छन् निम्न कवितांश:

शोक स्तब्ध जनताका श्रद्धा लहर उर्ले
भाव विह्ल श्रद्धा सुमन अविरल बर्षे
कसम खाएँ बाँकी काम पुरा गर्न कुर्लें
अस्तु छोइ मुट्ठी कसें नयाँ सूर्य झुल्के ॥

- **श्रद्धाञ्जलीका फूलहरु, पृष्ठ - ३**

**ठ) प्रकृति प्रेम**

नैसर्गिक रूपमा प्राप्त भएका प्रकृतिका सुन्दर उपहारहरूमा कवि रमेका छन् । सन्दर्भित कवितांश:

स्वच्छ आकाश, सफा धर्ती क्षितिजले घेर्‍यो
छरी सुवाष प्रकृतिका सौन्दर्यले हेर्‍यो
समीरले सूचित् गर्‍यो ताजा सन्देश छर्‍यो
ढुङ्गेसाँघु मख्खै पर्‍यो पुष्प वृष्टि गर्‍यो ॥

- **जननेता क. मदनको जन्म र जीवनी, पृष्ठ - १४**

[७२] डा. हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौं, साझा प्रकाशन, २०५०, पृ ४४ ।

**ड) ग्रामीण परिवेशको झलक**

ग्रामीण समुदायमा प्रचलित र लोपोन्मुख शव्दहरूको प्रयोगले कवितालाई सुन्दर र रोचक बनाएका छन् । द्रष्टव्य छन् निम्न कवितांश...

गुनिया घाँघर घलेक बाँकाटे कर्मु चोलिता
सुन्यता चिर्दै उफ्रने सन्तान थरिनै थरिका
खर्पन डोको ठेलागाडीले जीवन चलाई
विभिन्न भाषा सँस्कृती उस्तै ती आफ्नै कमाई ॥

- **राष्ट्रकै लाल सलाम !, पृष्ठ-४**

## ४.२.१.५ शैलीशिल्प

गद्य अथवा पद्यमा अभिव्यक्त गर्ने ढाँचालाई शैली भनिन्छ । लेखकले आफ्ना भाव वा विचारलाई पाठकसामु राख्ने तरिका नै शैली हो । शैली विषयवस्तु प्रस्तुतगर्ने ढङ्ग भएकोले यसको महत्वपूर्ण भूमिका हुन्छ । लेखकले आफ्ना कृतिमा के कस्ता शब्द, वाक्य कसरी प्रस्तुत गर्दछ भन्ने कुरा शैलीशिल्पबाट थाहा पाउन सकिन्छ ।

**क) भाषाशैली**

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शव्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधानसमेत सिर्जित हुने कुरा हो ।[७३]

कविता बौद्धिक र विचारोत्तेजक हुने भएकाले स्वाभाविकरुपमा विचारतत्वमा सघनता हुन्छ । यसै बौद्धिकतत्वलाई सम्प्रेषणीय तुल्याउन कवितामा प्रयोग गरिने भाषा सहज, सरल र सरस हुन आबश्यक छ ।[७४] प्रस्तुत कविता सङ्ग्रहका कविताहरुमा गिती कविता र छन्देली कविताको प्रयोग छ । तत्सम, तद्भव र कथ्य भाषाको प्रयोग भएको देखिन्छ । छन्देली कवितामा

---

[७३] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी (सम्पा.), **नेपाली कविता भाग** ४(पां.),काठमाडौं, साझा प्रकाशन, २०६५ , पृ १९ ।

[७४] डा. हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौं, साझा प्रकाशन, २०५०, पृ ४४ ।

कतै कतै छन्दभङ्ग पनि पाईन्छ । अन्त्यानुप्रासको राम्रो प्रयोग भएको छ । गद्य भाषाको प्रयोग नगण्य नै देखिन्छ । वर्णेतर लेख्य चिन्हगतरुपमा हेर्दा अल्पविराम, विष्मयादिवोधक, योजक, युगल उद्धरण, कोष्टक र प्रश्नवाचक चिन्हहरुको ज्यादै प्रयोग भएको छ । अनेकौं विम्व र प्रतीकको प्रयोगले कवितालाई श्रुतिमधुर तुल्याएको छ । लोप हुंदै गएका ग्रामिण परिवेशका शव्दहरु पनि यस कवितामा भेटिन्छ । समग्रमा हेर्दा भाषा सरल, सहज, स्वाभाविक र सम्प्रेषणीय छ ।

**ख) छन्द/ लय**

छन्दको अर्थ प्रसन्न गर्नु, बाँध्नु र रक्षा गर्नु हो । छन्दको माध्यमद्वारा कविताले प्रसन्नता प्रदान गर्दछ ।[७५] छन्दले श्रुति माधुर्यता प्रदान गर्दछ । कवि जगतराज पौडेलको कवितामा पनि विभिन्न छन्दको प्रयोग भएको पाइन्छ । प्रायजसो कविता गीति लय अर्थात् लोक छन्दमा छन् भने केही कविताहरू अनुष्टुप, तोटक, वसन्ततिलका, शार्दूलविक्रीडित र शिखरिणी छन्दहरूमा छन्दोबद्ध छन् ।

श्रद्धाञ्जलीका फूलहरू कविता सङ्ग्रहमा छन्दोबद्ध कविता र गीति कविता गरी दुई प्रकारका कविताहरू छन् । यस सङ्ग्रहमा सङ्कलित छन्दोबद्ध र गीति लयमा आधारित कवितालाई यसरी देखाउन सकिन्छ :

| | |
|---|---|
| १. अनुष्टुप छन्द | १. क्रान्ति ध्वँस हैन निर्माण हो |
| | २. राजनीतिमा थकाई शव्द नै कैद हुन्छ |
| | ३. सन्तको शान्ति सेना |
| | ४. यी मुट्ठीभर मान्छे |
| २. तोटक छन्द | १. पीडावाट परिवर्तनको जन्म हुन्छ |
| ३. वसन्ततिलका छन्द | १. पृष्ठ भागले चलाएको आतङ्क |
| | २. जङ्गली आतङ्क/पागल चितुवा |
| | ३. माया तिम्रा दृढ अठोट फूल्दैछन् |
| ४. शिखरिणी छन्द | १. अभय कवच त कस्को पो छ र ? |

---

[७५] पूर्ववत्, पृ २८६ ।

५. शार्दूलविक्रीडित छन्द

१. शिशु प्रजातन्त्र जोगाउने नमूना

२. तिमी चट्टान भएर उठ

३. सागर वनिद्यौ तिमी

४. मालिक भाग्य हैन⁄ पाखुरा हुन्

५. सांसद् त के परे जीवनकै राजीनामा दिनेछौं

६. संघर्षको कुनै सीमा र अवधी हुंदैन

**अनुष्टुप छन्द**

यसका चार चरण हुन्छन् । चारै चरणमा आठ –आठ अक्षर रहन्छन् । सबै चरणमा पाँचौ लघु, छैटौँ गुरु, अनि पहिलो र तेस्रोमा सातौँ गुरु तथा दोस्रो र चौथोमा सातौँ लघु हुन्छ ।

जस्तैः

X X X X I S S X　　　　X X X X I S I X

X X X X I S S X　　　　X X X X I S I X

न प्रतिशोध हो क्रान्ति न समर्पणवाद हो ।

न मानव अधिकार खोस्ने वरु निर्माण क्रान्ति हो ॥

- **क्रान्ति ध्वँस हैन निर्माण हो, पृष्ठ - २८**

सामन्तवादको अन्त साम्राज्यवादको हनन् ।

विना सङ्घर्षले हुन्नन् जन सङ्घर्षका मनन् ॥

- **राजनीतिमा थकाई शव्द नै कैद हुन्छ, पृष्ठ - २९**

बुर्लुक्क उफिए सन्त गीजामा फींज देखियो ।

प्रतिकार नामको राक्षस् मरिचमान् विर्सने भयो ॥

- **सन्तको शान्ति सेना, पृष्ठ- ४७**

दिल्ली दर्वारको हैकम् पाला गर्छ दुष्ट यो ।

गाई मारी गधा पोस्ने असहाय नीच बुद्धिको ॥

- **यी मुट्ठीभर मान्छे, पृष्ठ - ४७**

**तोटक छन्द**

यसमा चारैवटा स गण भएका १२ अक्षर रहन्छन् अनि ३–३ मा विश्राम हुन्छ । जस्तैः

गण सङ्केतः IIS IIS IIS IIS

गणः स स स स

बुझ मानवमा सुखको अवशान

अति कष्ट भयो विपदी व्यवधान ।

सुन उद्‌गम श्रोत त हुन्छ त्यही

परिवर्तन जन्मिन जान्छ यही ॥

- **पीडाबाट परिवर्तनको जन्म हुन्छ, पृष्ठ - ३३**

**वसन्ततिलका छन्द**

यसमा १४ अक्षर रहन्छन् अनि ८ मा विश्राम हुन्छ । जस्तैः

गण सङ्केतः SSI SII ISI ISI S S

गणः त भ ज ज गु गु

ए ! राक्षसी ! नर पिचास ! कति ज्यान लिन्छस् ?

सुर्काउंदै रगतले अनि प्यास ! मेट्छस् ।

- **पृष्ठ भागले चलाएको आतङ्क, पृष्ठ - ४५**

भेटिन्छ पागल उही चितुवा घुमेको

देखिन्छ चित्र सहजै परिशर भुटेको ।

- **जङ्गली आतङ्क/पागल चितुवा, पृष्ठ - ४६**

ज्यादै अभाव कति परे तर हार नखाइ

सद्‌भावले समयको पहिचान गराइ ।

- **माया तिम्रा दृढ अठोट फूल्दैछन्, पृष्ठ - ५४**

**शिखरिणी छन्द**

यसमा १७ अक्षर रहन्छन् अनि ६ मा विश्राम हुन्छ । जस्तैः

गण सङ्केतः ISS SSS III IIS SII I S

गणः	य	म	न	स	भ	ल	गु

तँ नाङ्गै सर्वाङ्गै पहिरन उध्यो जाल बुझियो
बुझिस् पैठारीको अभय कवचै नाङ्गिन पुग्यो ।

**- अभय कवच त कस्को पो छ र ?, पृष्ठ- १२**

## शार्दूलविक्रीडित छन्द

यसमा १९ अक्षर रहन्छन् अनि ७ र १२ मा विश्राम हुन्छ । जस्तैः

गण सङ्केतः SSS IIS ISI IIS SSI SSI S

गणः	म	स	ज	स	त	त	गु

आ ! जोत हलो उठाउ घन गल् तड्पिन्छ भोकले कहाँ ?
हम्मर ठोक सजाउ आरन अहा ! को हुन्छ भोको यहाँ ।

**- मालिक भाग्य हैन/ पाखुरा हुन्, पृष्ठ- ३४**

हाम्रो लागि हुंदैन संसद विशाल यो हैन सर्वोपरी
जनताको हक सार्वभौम नभए त्यो हुन्न राम्रो घडी ।

**- सांसद् त के परे जीवनकै राजीनामा दिनेछौं, पृष्ठ- ३५**

संविधान अनि राजतन्त्र जव यो बस्छन् यथा स्थानमा
गर्छौं चिन्तन यो अवधिनै यही भौतिक पुरा साधना ।

**- संघर्षको कुनै सीमा र अवधी हुंदैन, पृष्ठ- ३७**

घोकीस् पाठ सुगा रटाइ दिन दिन शैशव प्रजातन्त्रको
ठानी वर्तन त्यै भयो सुरू गरीस हत्या प्रजातन्त्रको

**- शिशु प्रजातन्त्र जोगाउने नमूना, पृष्ठ- ४९**

भण्डारी अवता यसै हुन गए उ एक संस्थापक
नेपाली नव राष्ट्रमा अमर छन् देशभक्त सच्चा सुत ।

**- तिमी चट्टान भएर उठ, पृष्ठ - ५०**

शोकाकुल परिवार मात्र नभइ हो एक संस्था पुरा
बन्नै पर्दछ ए ! महान नमुना यी हुन् अकाट्यै कुरा ।

**- सागर वनिद्यौ तिमी, पृष्ठ - ५१**

## गीति कविता

गीति कवितालाई लोकलय वा झ्याउरे पनि भनिन्छ । लोकलय लोकजीवनमा प्रचलित जातीय लय वा छन्द हो । यो लय नेपाली जनजीवनमा गहिरोसँग भिजेको हुँदा साह्रै प्रिय छ । यिनमा ह्रस्वदीर्घ जुन अक्षर भए पनि हुन्छ – भन्दा र गाउँदा मिल्नुपर्छ । गण वा मात्राको रूपमा लोकगीतको सीमाङ्कन र विश्लेषण गर्न सकिन्न । आबश्यकता र विभिन्न ठाउँमा गाउने परिपाटीको आधारमा यसको रचना हुन्छ । जस्तैः

ए धर्ती पुत्र ! साहसी वीर ए जननायक !
सबैको अन्तर दिलमा तिमी रहेछौ नजीक

- **मदन - आश्रित स्मृति सुमन, पृष्ठ १**

लाग्दैन पत्यार अप्रत्यासित घटना घटेको
विष्मयकारी ! प्रलय ! भित्र सत्यता रहेको ।

- **सूर्यास्तसँगै अस्ताएका दुई तारा, पृष्ठ २**

आर्यघाटमा दुई महान पार्थिव शरीर दन्के
लाखौं लाखले भावपूर्ण श्रद्धाञ्जली अर्पे ।

- **श्रद्धाञ्जलीका फूलहरु, पृष्ठ - ४**

छंदैछ डोव तिमीले खामू गाडेको ठाउँमा
राष्ट्रियताका यी पदचिन्ह छन् तिम्रै नाउँमा ।

- **राष्ट्रकै लालसलाम !, पृष्ठ- ५**

सर्वहारा गरीव र किसानका साथी
ढाल थियौ मजदूरका प्राणै तिमी माथि ।

- **लाल तारा ! लाल सलाम !!, पृष्ठ- ६**

प्रकाश छर्ने मिर्मिरे उषा पारेर अप्ठ्यारो
अस्ताए हाम्रा चंकिला तारा ! धर्ती नै अंध्यारो ।

**-........अभाव त खट्किनेछ तर........, पृष्ठ - ६**

लागेको होला तलाई उन्का शरीर लुछेर

क्षणिक स्वार्थ लुटौला भन्ने नियती लिएर ।

**-.......काल ? तं मख्ख नपर, पृष्ठ- ७**

एकदिन पक्का विश्वकै शासन यसैले गर्नेछ

संसारैभर एउटै झन्डा यसैले दिनेछ ।

**- .....सगरमाथाका योद्धा, पृष्ठ- ८**

मरेर पनि बाँचेका तिमी ए जननायक !

राष्ट्रका तिमी अमुल्यनिधि ए पारदर्शक ।

**- मारेर पनि जीवन्त नक्षत्र, पृष्ठ - ९**

रातमा कुकुर भुकाई बरु घरघर जने रहर

सन्देश दिंदै पार्टी काममा सक्रिय पार्ने सुर ।

**- कमरेड तिम्रा केश फुल्न पाएनन्, पृष्ठ - १०**

एकपटक के.क. वैठक पुलिसले घेरे

ठूलो पार्टी हतियार छ कि भनी कुरे ।

**- प्रहरीहरू सँधै वाल्ल, पृष्ठ - ११**

रहस्यमय षडयन्त्रकारी पापी यो दासढुङ्गा

निचोड त्यही निकाली कार खसाले मार्नता ।

**- कस्तो संयोग/वियोग, पृष्ठ - १३**

सामन्ती र दासताले थिचेको युगमा

त्यस्तै शिक्षा शुभारम्भ गरे सात बर्षमा ।

**- जननेता क. मदन भण्डारीको जन्म र जीवनी, पृष्ठ- १५**

चौबिस साल तिर गए वनारस पढ्न

उतै मोका मिलीहाल्यो पुष्पलाल भेट्न ।

**- क. जीवराज आश्रितको जन्म र जीवनी, पृष्ठ -२२**

एकतन्त्रीय तानाशाहीको निरंकुश आँधीमा
पार्टीको नाम सुन्नै नसक्ने त्यो कालरात्रीमा ।

**- भूमिगत हुनु वाध्यता थियो, पृष्ठ- २३**

नदीका श्रोत उद्योग धन्दा विदेशी हातमा
सुम्पने सबै विदेशी दलाल के काम यो देशमा ?

**- समयले शँखनाद गरी सक्यो, पृष्ठ- २५**

जन मुक्तिका खातिर उठ्ने यी जन नेताको
डरले कम्प भएरै गऱ्यो खेतीनै हत्याको ।

- …………**कालगतिले मर्दिन, पृष्ठ- २६**

समर्पण गतिशीलता अनि दृढता यिनै हुन्
यो त्रिवेणीको अपरिहार्य मुलमन्त्र हाम्रा हुन् ।

- **अन्तिम लडाईं लड्नै छ, पृष्ठ -२७**

मसीहा ठान्छ आंफूलाई उता यो प्रजातन्त्रको
धैर्यको बाँध टुटाइ दियो यो नाम मात्रको ।

**- २०१७ साल यसरी आउँछ, पृष्ठ-३२**

सडक धान्न नसकेपछि आतङ्क भनियो
लांखौ लाख पीडितलाई मुट्ठीभर देखियो ।

- **सडक शरण/शाश्वत शक्ति, पृष्ठ -३६**

निष्ठुरीको ढुङ्गेमन थाल्यो होला सोच्न
त्रिसुलीको जस्तै छाल उठे होलान् जुध्न ।

**- दासढुङ्गाको कालो घटना, पृष्ठ- ३९**

त्यती ठूलो सव यात्रा प्रधानमन्त्री कता ?
श्रद्धाञ्जली दिन जान्थे सामान्य मृत्यु हुँदा ।

**- षडयन्त्रको रहस्य, पृष्ठ- ४२**

सौदावाजीमा कुरा नमिल्दा षडयन्त्रै भनेथ्यो
दासढुङ्गामा वारदात हुँदा झन बढी कुर्लेथ्यो

**- नोक्कर आयोगको जोक्कर रिपोर्ट, पृष्ठ-४३**

यी प्राण ! जस्ता प्यारा नेताको हत्याको खोजमा
सर्वसम्मत आयोग गठन आबश्यक पर्दामा

**- न्यायको छातीमा गोलीका पर्रा !, पृष्ठ - ४४**

परिवर्तित परिवेशले जीवन जगत हेरे
सृजनात्मक मार्क्सवादको नयाँ चिन्तन गरे

**- जनताकी छोरी क. विद्या भण्डारी, पृष्ठ - ५२**

## ग) रस

काव्य सौन्दर्यबाट प्राप्त आनन्द र त्यसको आस्वादलाई साहित्यको रस भनिन्छ । भौतिक रसको आस्वादन जिभ्राले गर्छ भने साहित्यिक रसको आस्वादन मन वा आत्माले गर्छ । [७६] रस विनाको साहित्यको कुनै औचित्य हुंदैन । साहित्यबाट पाईने आनन्दानुभूति नै रस हो । कवि जगतराज पौडेलका कविता सङ्ग्रहहरूमा पनि विभिन्न रसको प्रयोग भएको पाईन्छ ।

## वीर रस

युद्ध, वीरता एवं पराक्रमसँग सम्बद्ध उत्साह र जोसिला एवं क्रान्तिकारी गीत कविताहरू वीर रसयुक्त हुन्छन् । नेपाल र नेपाली समाजका लागि क. मदन भण्डारी र जीवराज आश्रितद्वारा गरिएको योगदान र वीरतापूर्ण कार्यको वयान कविता सङ्ग्रहमा यसरी गरिएको छ :

संघर्षशील कम्युनिष्टको लडाइ व्यस्त छ
संघर्षमय जीवनमा धेरै लडाइ लड्नु छ
कहिले शक्ति सञ्चय गर्नु कहिले पूर्वाधार
बनाइ निरन्तरता दिनु मिल्काइ निरधार ॥

**- अन्तिम लडाईं लड्नै छ, पृष्ठ- २७**

---

७६ मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार २०६३, पृ ४० ।

नक्कली बाघका खोक्रा नारा कागज मात्र नै
ज्वालामुखी बनी उठ्दा हुनेछन् अबशान् यिनै
कुंडा कर्कट सोहोरी आंधी वेरी उठाउंछ
पीडा शोषण कर्ताको खासै तह लगाउंछ ॥

**- क्रान्ति ध्वंस हैन निर्माण हो, पृष्ठ- २८**

## करुण रस

दुःख, मोह, ग्लानि, चिन्ता, सम्झना आदि सञ्चारीभाव भएको रसलाई करुण रस भनिन्छ । मनपरेको वस्तुको नाश, प्रिय व्यक्तिको वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ । दुई छोराको लास देख्नुपर्दा नेपाल आमा यसरी भाव विह्वल बनेकी छिन्:

कुपुत्रका डरले संधै नेपाल आमा रुनी
लथालिङ्ग पारी बेच्न थाले मातृभूमी
माया गर्ने सन्तान भए ! बचाउ भन्न थालिन्
आँसु पुछ्ने दुई छोराको लास उन्ले पाइन् ॥

**- लाला तारा ! लाल सलाम !!, पृष्ठ - ५**

## भयानक रस

भय स्थायीभाव भएको रसलाई भयानक रस भनिन्छ । मानवताका विरोधीलाई सदैव हुँकार गर्ने ती वीर योद्धाहरुको भयबाट दासढुङ्गामा रहस्यमय हत्या गरिएको भन्ने भाव कवितामा व्यक्त गरिएको छ ।

होसले ठाउँ छोडेछ तेरो उ कम्प पार्दथ्यो
यै धर्ती माथि कायापलटी आँटिलो युग त्यो
मानवताका विरोधीलाई हुँकार गर्ने त्यो
त्यसैले डाह गरेर लगिस मारे मर्दैन त्यो ॥

- ........**काल ? तँ मख्ख नपर, पृष्ठ - ७**

## रौद्र रस

शत्रुको अपमानपूर्ण व्यवहार देश र धर्मको अपकार एवं अपमानबाट रौद्र रसको अभ्युदय हुन्छ । प्यारा नेताहरूको रहस्यमय मृत्युको घटनाबाट कविले क्रोध भाव यसरी व्यक्त गरेका छन्:

धसे दाह्र नङ्ग्रा मदन कमरेड आश्रित दुवै
गए मारे कालो करतुत बुझ्े दुष्मन कुनै
महाकाली मेची रद क्षितिजै मात्र नभइ
सुने संसारैले रहस्यमयी आङ्कल बुझी ॥

**- अभय कवच त कसको पो छ र ?, पृष्ठ - १२**

अमीष्ट नीच हिंस्रक पशु हत्यारा मोराले
हत्या शृङ्खला बढाउँदै लगे जासुसी गोराले
गुप्तचर संस्था सि आई ए र विभिन्न जमात
साम्राज्यवादी फैलाउन थाले विश्वमा आतङ्क ॥

**- कालगतीले मर्दिन, पृष्ठ -२६**

**शान्त रस**

यस रसमा समानताको भावना विद्यमान रहन्छ । क.जीवराज आश्रितको कठोर भूमिगत समयमा माया ज्ञवालीको दुःख कष्ट सुन्दा कविले समानताको भाव यसरी देखाए:

ज्यादै अभाव कति परे तर हार नखाइ
सद्भावले समयको पहिचान गराइ
त्यो भूमिगत समयको दुःख कष्ट सुन्दा
होलान र आपद अरु ? यदि तथ्य बुझ्दा ॥

**- माया तिम्रा दृढ अठोट फुल्दैछन्, पृष्ठ - ५४**

**घ) अलङ्कार**

कसैको पनि शोभा बढाउनेलाई अलङ्कार भनिन्छ । [७७] अलङ्कार भनेको गहना हो । काव्यमा अलङ्कारको प्रयोगले काव्य उत्कृष्ट बन्दछ । कवि जगतराज पौडेलको कवितामा सहज र स्वभाविकरूपमा अलङ्कारहरूको प्रयोग पाईन्छ ।

[७७] डा. हिमांशु थापा, **साहित्य परिचय**, काठमाडौं, साझा प्रकाशन, २०५०, पृ २६० ।

**शब्दालङ्कार**

शव्दमा चमत्कार हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यो शव्दको प्रयोगमा आधारित हुन्छ । [७८] राम्रा राम्रा शव्दहरुको योजनाबाट अथवा शब्दको आधारमा हुने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ । यी अलङ्कारले शब्दको आधारमा काव्य शोभा बढाउँछन् । [७९] शब्दालङ्कार अन्तर्गत अनुप्रास अलङ्कार पर्दछ । उदाहरणका लागि :

अभिष्ट नीच हिंस्रक पशु हत्यारा मोराले
हत्या सृङ्खला बढाँउदै लगे जासुसी गोराले ।

- **कालगतिले मर्दिन, पृष्ठ २६**

**अर्थालङ्कार**

अर्थमा चमत्कार हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । [८०] यस अन्तर्गत उपमा, रुपक र दृष्टान्त अलङ्कारहरु पर्दछन् ।

**उपमा अलङ्कार**

उपमेय र उपमानका बीच रूप, गुण र क्रिया आदिको समानता देखाईएमा उपमा अलङ्कार हुन्छ । [८१] जस्तैः

विहानी जस्ता मनोरम् सुर्य दुवैलाई मराइस
हत्यारालाई संरक्षण गर्न उत्पात मच्चाइस
अनिलले नोक्कर जोक्कर बनाइ छारकाप्रो हालिथिस्
नेताको भूत चढेर होला ? विदेश भागिथिस् ॥

- **न्यायका छातीमा गोलीका पर्रा, पृष्ठ ४४**

---

[७८] मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुईंटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ ६२ ।

[७९] फणीन्द्रराज काफ्ले, **साहित्यका केही सैद्धान्तिक पक्ष**, लेखक स्वयं, २०४६, पृ ३० ।

[८०] मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुईंटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार, २०६३, पृ ६६ ।

**रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । जस्तै :

मारने तेरो मानवाधिकार बोलिथिस भियना
ए नर पिचास नक्कली मानव गोलीका पर्रा ती

- **न्यायका छातीमा गोलीका पर्रा, पृष्ठ ४५**

**दृष्टान्त अलङ्कार**

अघिल्लो पङ्क्तिको भनाईलाई पछिल्लो पङ्क्तिको भनाईले थप पुष्टि गरेमा दृष्टान्त अलङ्कार भनिन्छ । जस्तै :

कुमार सन्त सेनाको नियति नाङ्गियो कठै
दूधको मुखमा बीष पुरै दुर्भाग्य हुन्छ नै ।

- **सन्तको शान्ति सेना, पृष्ठ ४७**

**ङ) बिम्ब**

सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शव्दचित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु वा गुणलाई सङ्केत गर्ने सम्पूर्ण शव्दहरुलाई जनाउंछ ।[८२] बिम्ब प्रयोगले कविताको भावलाई ओजिलो तुल्याउँछ । कवि जगतराज पौडेलले आफ्ना कविताका भावहरुलाई गम्भीर तुल्याएर प्रस्तुत गर्न विशेषतः स्मृति, शिशु र ग्राम्य क्षेत्रका बिम्ब संयोजन र प्रयोग गरेका छन् । यसका उदाहरण निम्न छन् :

**स्मृति बिम्ब**

कल्पना निष्कृय रहेर जव स्मृतिद्वारा बिम्बको सिर्जना हुन्छ तव त्यस्ता बिम्बहरू स्मृति बिम्बकारूपमा देखिन्छन् ।[८३] यस्ता बिम्बहरू अतीतको सम्झनामा आधारित हुन्छन् । यसमा प्रेम,निराशा, पीर, चिन्ता जस्ता कुराहरू आएका हुन्छन् । उदाहरणका लागिः

---

८२ डा. खगेन्द्रप्रसाद लुईटेल, **नेपाली काव्य समालोचना**, काठमाडौं, पैरवी प्रकाशन, २०६७, पृ २८ ।

८३ डा. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुरः साझा प्रकाशन, २०६८, पृ २७ ।

राष्ट्रका सबै धड्कनहरू राष्ट्रिय नेतामा
राष्ट्रकै लाल सलाम अर्पे आक्रोश स्वरमा

- **राष्ट्र कै लाल सलाम !, पृष्ठ ४**

## शिशु बिम्ब

बालकका कार्यव्यापार, गति, बोली र अन्य विविध स्थितिको आभास दिने बिम्बहरू शिशुबिम्ब हुन् ।[८४] यसमा चन्द्र, सूर्य, तारा जस्ता बालकका खेलौनाको सन्दर्भ आएको हुन्छ ।

जन्म भयो चम्किला सूर्यको
मन्द मुस्कान खुशी र हर्षको

- **जीवन गाथा, पृष्ठ १४**

## ग्राम्य बिम्ब

जुन काव्यमा ग्रामीण परिवेशको सजीव चित्रण गरिएको हुन्छ त्यहाँ ग्राम्य बिम्बको प्रयोग भएको हुन्छ । यस कविता सङ्ग्रहका धेरै स्थानमा ग्रामीण परिवेशको चित्रण गरिएको छ ।

ढुङ्गेसाँघु  र चारढुङ्गे राक्षस दासढुङ्गा
जुरायो कस्तो इतिहासले संयोग तीन ढुङ्गा

- **कस्तो संयोग वियोग, पृष्ठ १३**

## च) प्रतीक

प्रतीक भन्नुनै ध्वन्यात्मक अभिव्यक्ति हो । यसको अर्थ लक्षणात्मक वा व्यञ्नात्मक हुन्छ । प्रतीक एक प्रकारको आरोप हो, तसर्थ आरोप्य वस्तुसित रुप, स्वभाव तथा गुणको दृष्टिले प्रतीक सादृष्य हुनुपर्दछ । वास्तवमा प्रतीक प्रयोग अभिव्यक्तिलाई प्रभावशाली बनाउनको लागि गरिएको हुनुपर्दछ । कविको अमूर्त चिन्तन प्रतीकहरुको माध्यमद्धारा नै कलात्मक रुपमा अभिव्यक्त हुन्छ ।[८५] कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । साहित्यमा चाहिँ कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शव्द वा पदसमूहका लागि मात्र प्रतीक शव्दको प्रयोग

---

[८४] पूर्ववत् ।

[८५] घनश्याम न्यौपाने परिश्रमी, **काव्यमा प्रतीकको प्रयोग**, गरिमा, बर्ष ७, अङ्क ११, पूर्णाङ्क ८३, २०३६, कार्तिक, पृ ७१ ।

गरिन्छ । [८६] कवि जगतराज पौडेलले आफ्ना कविताका भावहरुलाई ओजिलो तुल्याएर प्रस्तुत गर्न प्रतीकको संयोजन गरेको देखिन्छ । द्रष्टव्य छन् केही उदाहरणहरु:

सगरमाथाको गुराँसको फूल ओइलिने छैन नी !
बाँचेर पनि मरेका स्याल उम्कने हैन नी !

- **मारेर पनि जीवन्त नक्षत्र, पृष्ठ ९**

प्रस्तुत पङ्क्तिमा सगरमाथा उच्चताको प्रतीक हो भने गुराँस सौन्दर्यको प्रतीक हो । नेताहरूलाई सगरमाथाको गुराँसको फूलकोरूपमा लिईएको छ ।

सुनौला दिन सूर्य उदाए त्यै ढुङ्गेसाँघुमा
युगपुरुष जन्मदा थियो परिवेश दङ्गमा ।

- **कस्तो संयोग/ वियोग, पृष्ठ १३**

सूर्यलाई जन्म वा उन्नतीको प्रतीक मानिन्छ । यस पङ्क्तिमा मदन भण्डारीको जन्मलाई सूर्य उदाउनुको रूपमा लिईएको छ र क. मदन भण्डारीलाई शुक्रताराको प्रतीक मानिएको छ ।

दुई हजार नौ साल चौध गते असार
शुक्रतारा जन्मनलाई परेछ शुक्रवार ।

- **जननेता क. मदनको जन्म र जीवनी, पृष्ठ १४**

### ४.२.१.६ निष्कर्ष

प्रस्तुत **श्रद्धाञ्जलीका फूलहरू** कविता सङ्ग्रह जगतराज पौडेलको साहित्यिक जीवनको दोस्रो पुस्तकाकार कृति हो । विद्यालय अध्ययन गर्दाकै समयबाट लेखनको प्रारम्भ गरेका जगतराज गोठालो जाँदा साथीहरुबीच खेलिने प्रतियोगितात्मक लोक दोहोरीले गर्दा साहित्य प्रति अभिरुची बढेको बताउंछन् । साहित्यप्रति सानै उमेरदेखि अनुराग भएकै कारणले पनि फाटफुटरुपमा उनका फुटकर कविताहरु प्रकाशन भएका थिए । जनताको प्यारा नेता मदन भण्डारी र जीवराज आश्रितको चितवनको दासढुङ्गामा भएको अकल्पनीय निधनबाट मर्माहत हुन पुगेका कवि जगतराजले यो जघन्य हत्या हो भन्दै आक्रोशित ज्वालाकोरुपमा आदरणीय

[८६] डा. खगेन्द्रप्रसाद लुईटेल, **नेपाली काव्य समालोचना**, काठमाडौँ, पैरवी प्रकाशन, २०६७, पृ ३० ।

नेताहरुको प्रथम बार्षिकीको पूण्यतिथिमा **श्रद्धाञ्जलीका फूलहरू** कविता सङ्ग्रह प्रकाशित गरेका छन् । यसमा देशको तत्कालीन शासन पद्धती, कुण्ठा, निराशा, जीवन र जगतका विसंगति, बिडम्वना, मानवीय मूल्य र मान्यताप्रति आस्था, निस्सारताबोध, नेताहरुप्रति अटुट आस्था प्रतिबिम्वित भएको छ । शैलीशिल्पका दृष्टिले हेर्दा भावलाई गम्भीर र ओझिलो तुल्याउन तत्सम, तद्भव र झर्रा शव्द, रस, अलङ्कार र बिम्व संयोजनको राम्रो प्रयोग भएको छ । जम्मा पांच खण्डमा विभाजित प्रस्तुत कृतिमा एकचालीस  वटा कविताहरु रहेका छन् । प्रगतिवाद तर्फ उन्मूख प्रगतिशील विचारधाराले प्रभावित जगतराज पौडेललाई **श्रद्धाञ्जलीका फूलहरू** कविता सङ्ग्रहको प्रकाशन पश्चात नेपाली साहित्यमा स्थापित कविका रुपमा सिद्ध गरेको छ ।

## ४.२.२. 'जेलभित्रको एक सानो संसार' कविता सङ्ग्रहको अध्ययन एवं विश्लेषण

### ४.२.२.१ परिचय

चितवन जिल्लाको माडी क्षेत्र एकातिर राप्ती नदी र रिउ खोलाले चारै तर्फबाट घेरिएको छ भने अर्को तर्फ एक्लै दुक्लै पार गर्न समेत नसकिने डरलाग्दो घनघोर ठोरीको जङ्गल छ । त्यसरी नै अन्य दुई तर्फ पनि बाटो घाटो विहीन सोमेश्वरको डाँडो र जङ्गलले घेरिएको ४ वटा गा.वि.स.मा ५० हजार जनसंख्या भएको सानो क्षेत्र हो चितवनको माडी क्षेत्र । राप्ती नदीमा पुल नबन्दा सम्म त माडी क्षेत्र सांच्चीकै प्राकृतिक जेल नै थियो । पुल बनेपछि पनि डरलाग्दो जङ्गलले गर्दा अझै पनि जेल जस्तै भान हुन्छ । त्यस क्षेत्रभित्र बस्ने सम्पूर्ण जनताहरू कैदी जस्तै भएर बसेका छन् । त्यसैले कविको ह्दयले माडी क्षेत्रलाई जेल जस्तो अनुभूति गर्‍यो । यिनै अनुभूति समेटिएको प्रस्तुत कविता सङ्ग्रहमा उनान्तीस पृष्ठ भित्र लोकलय र छन्दमा लेखिएका १३ वटा कविताहरू समावेश गरिएका छन् ।

### ४.२.२.२ संरचना

जम्मा २९ पृष्ठमा संरचित **जेलभित्रको एक सानो संसार** कविता सङ्ग्रहमा विभिन्न शीर्षकहरूमा १३ कविता समाविष्ट छन्, जसमा बृहत् आकारको ९ पृष्ठ भएको १७० पंक्तिमा संरचित कवितादेखि लघु आकारको १ पृष्ठ र १२ पंक्तिका कविता रहेका छन् । कविताको शीर्षक र पंक्ति संख्याका आधारमा प्रस्तुत कविता सङ्ग्रहको कविताका संरचनालाई निम्न तालिकाबाट देखाउन सकिन्छ :

तालिका नं.: ७ **जेलभित्रको एक सानो संसार** कविता सङ्ग्रहको संरचना विवरण

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ | पंक्ति संख्या |
|---|---|---|---|
| १ | जेल भित्रको एक सानो संसार | १–९ | १७० |
| २ | माडीको पुकार | १० | १४ |
| ३ | पाण्डव मेला | १०–१२ | २८ |
| ४ | मधुताल | १२–१४ | ३८ |
| ५ | प्राकृत निकुञ्ज | १४–१८ | ८८ |
| ६ | गरीव | १९ | १२ |
| ७ | जनबल | २०–२१ | २२ |
| ८ | खेती वीर (हली) | २१–२२ | १३ |
| ९ | शैल सरिता | २२–२३ | १९ |
| १० | भरिया | २३–२५ | ३२ |
| ११ | कर्मवीर | २५–२६ | २४ |
| १२ | कवि | २६–२८ | ३२ |
| १३ | एउटा दाउरे | २८–२९ | २४ |
| | **जम्मा** | | **५१६** |

## ४.२.२.३. केन्द्रीय कथ्य

कविताको अन्तर्वस्तु वा प्राणतत्व अनुभूति नै हो ।[८७] कवि जगतराज पौडेलले पनि चितवनको माडी क्षेत्रको प्रतिकूलताका क्षणहरुबाट प्राप्त अनुभूतिलाई नै विषयबस्तु बनाई प्रस्तुत कविता सङ्ग्रहका १३ वटा कविताहरूमा कलात्मक तवरले प्रस्तुत गरेका छन् । चितवनको माडी क्षेत्रलाई जेल र त्यहाँका जनतालाई जेल भित्रका कैदीको रूपमा रूपक अलङ्कार दिएर जेल सुधार गरी माडीका जनतालाई पनि अन्य स्थानका जनता सरह सुख सुविधा दिलाउने दायित्व सरकारको हो भनी सुझाव प्रस्तुत गरेका छन् । गरीब निमुखा जनताहरूको आर्थिक अवस्था सुधार्नका लागि गरीव जनता आफै उठ्नु पर्दछ र सङ्घर्ष नै गर्नु पर्दछ, अधिकार मागेर पाइँदैन खोसेर लिनु पर्दछ भनी गरीव जनताप्रति अत्यन्त द्रवीभूत भएर आह्वान गरेका छन् । शोषक सामन्तहरू प्रति तीव्र घृणाको भावना व्यक्त गर्नुका साथै राष्ट्रिय भावनाले ओतप्रोत भई नदीनाला बेच्ने विदेशबाट राष्ट्रघात हुँदा पनि केही नबोल्ने देशका कपूतहरुप्रति ज्यादै आक्रोश व्यक्त गर्दै देशको सबै व्यक्ति त्यस्ता नहोलान् भनी भविष्यमा राष्ट्रप्रेमी नेताहरू पनि जन्मेलान्

[८७] नरेन्द्र चापागाईं र दधिराम सुवेदी (स.), **काव्यसमालोचना**, विराटनगरः पूर्वाञ्चल काव्य प्रतिष्ठान, २०५२, पृ १ ।

र देशलाई सुधार गरी यो देशलाई स्वर्ग बनाउनेछन् भन्ने  आशा राखेका छन् । कवि जगतराजले आफ्ना कविताहरूमा मानवता, राष्ट्रप्रेम, प्रकृति प्रेम, विकृति विसङ्गति, विडम्वना र मानवीय कुण्ठालाई विषयबस्तु बनाएका छन् । यस सङ्ग्रहमा सङ्कलित प्रत्येक कविताको केन्द्रीय कथ्यको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

## क. जेल भित्रको एक सानो संसार

यस कवितामा पहाडी कठिन जीवन, साहुको शोषण र गरिवीको दुष्चक्रबाट उन्मुक्तिको अपेक्षा लिएर बसाईं सराई गरेर माडी क्षेत्रमा बसोबास गरेका आम जनताहरूको विद्यमान कठिनाई झनै विकराल बनेको स्थितिलाई दर्शाइएको छ । बाढी पैह्रो, जंगली जनावरको सन्त्रास, स्वास्थोपचारको व्यवस्थामा कमी, आवत जावतका लागि कठिनाई जस्ता कारणहरुले माडीको वसाई अत्यन्त पीडादायी वनेको छ । शिक्षाप्रेमी जनताहरूको स्वस्फूर्त सक्रियतामा माडी क्षेत्रमा २४ प्रा.वि., १ नि.मा.वि. र ३ मा.वि. सञ्चालन गरी करिव ९ हजार विद्यार्थीहरुलाई शिक्षाको अवसर उपलव्ध भएको छ । उच्च शिक्षाका लागि क्याम्पसको अभाव खेपीरेहका यहाँका जनताहरू अत्यन्त उच्च मनोवल सहित त्रि.वि.वि. अन्तर्गतको एक क्याम्पसको माग प्रस्तुत गरिरहेका छन् । चुरे क्षेत्रमा भएको कोइला खानी र जडीबुटीको उपयोग हुन नसक्दा आर्थिक स्रोत खेर गइरहेको छ । सिंचाइ सुविधाको विस्तार गर्न सके माडीका फराकिला उर्वर फाँटहरू बाट प्रशस्त उत्पादन लिन सकिन्छ भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ख. माडीको पुकार

वनवासको समयमा पाण्डवहरू यसै पुण्यभूमिमा आएर बसेका थिए भन्ने किंवदन्ती वा जनश्रुति पाँच पाण्डव र चैते दशैंमा लाग्ने गोद्धक मेलाले पुष्टि गर्दछ ।  सोमेश्वर र चुरे पहाडले घेरिएको खाल्टो जस्तो लाग्ने यहाँ चारैतिर घना जङ्गल र खोलानालाले गर्दा बाघ भालु हात्ती, गैंडा, मृग, चित्तल, जरायो र बंदेलहरू स्वतन्त्रतापूर्वक घुमफिर गरेको सहजै देख्न पाइन्छ । गाईवस्तु चराउन जाने गोठालाहरू समेत आफ्ना गाईभैंसी घना र हरिया जङ्गलतिर लगाइदिने अनि फुर्सदमा मायाप्रीतिमा रमाउने गर्दछन् । घनघोर जङ्गल र राप्ती नदीमा पुल नहुनुलाई नै माडी क्षेत्रको मुख्य वाधा मानिन्छ । राप्ती नदीमा पुल निर्माण गरी

यहांका जनतालाई शिक्षा र स्वास्थ्यमा पहुंच पु-याउन पुकार गरिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ग. पाण्डव मेला

पाण्डवहरू कुरू क्षेत्रको सङ्घर्षमा कौरवहरूसंग हार खाएर मरोठ नजिक गोद्दक खोलाको खोंचको पाण्डव नगरमा आएर लुकेर बसेका थिए । सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने अभियान स्वरूप वर्षेनी चैते दशैंमा गोद्दकमा मेला लाग्ने गर्दछ जहां स्वदेश तथा विदेशका धार्मिक तिर्थयात्रीहरूको ठूलो भीड लाग्दछ । सात देखि नौ दिन सम्म लाग्ने पाण्डव मेलामा विभिन्न भौगोलिक क्षेत्र र जात जातिका मानिसहरूको अपूर्व जमघट हुनाले थारू संस्कृतिको जगेर्ना का साथै अन्य लोक संस्कृतिको समेत संरक्षण र प्रवर्द्धनमा सहयोग गरेको छ भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## घ. मधु ताल

अयोध्यापुरी गा.वि.स.अन्तर्गत घना सालको जङ्गलको बिचमा रहेको मधु ताल अत्यन्त मनमोहक स्थानमा अवस्थित छ । प्रकृतिको सौन्दर्यभित्र सफा र स्वच्छ पानी भएको गहिरो तालको विहार र दश्यावलोकन गर्दा प्राप्त हुने अशिम आनन्द भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ङ. प्राकृत निकुञ्ज

चितवन राष्ट्रिय निकुञ्ज अमूल्य प्राकृतिक स्रोत सम्पदाले भरिभराउ मात्र छैन प्राकृतिक दृश्यावलोकनका लागि पनि त्यत्तिकै उल्लेखनीय छ । धनेश चराको बासस्थान रहेको यो निकुञ्ज बहुमुल्य जडिवुटी र जैविक विविधतामा धनी छ । कवि जगतराजले विश्व सम्पदा सूचीमा रहेको यस चितवन राष्ट्रिय निकुञ्जलाई अग्लो डाँडामा बसेर वा हवाईजहाजबाट दृश्यावलोकन गर्दा हरियो भुईंमा रङ्गी विरङ्गी सप्तरङ्गी फूल बुट्टा भरिएको पछ्यौरा ओढेर मस्त नीदमा कुनै सुन्दरी सुतेकी हो कि ? जस्तो भान हुन्छ भन्ने कल्पना गरेका छन् । कर्तव्यपरायण र तालिमप्राप्त सैनिकहरूले गाउंलेहरूसंगको सहकार्यमा विभिन्न संरक्षणका कार्यहरू सञ्चालन गरिएकाले राष्ट्रिय निकुञ्जको संरक्षण र सम्वर्द्धनमा उल्लेखनीय सहयोग पुगेको छ भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## च. गरीब

धरती पुत्रहरु अहोरात्र खेत खनजोत गर्छन् तर पनि उनीहरूलाई एक छाक खान पनि धौ धौ परिरहेछ । आर्थिक अभावले गर्दा घर परिवारको सुख शान्ति खोसिएको र असह्य दुःखमा जीवन गुजारिरहेका छन् । विद्यमान सामाजिक र आर्थिक विषमतालाई हटाएर समतामूलक समाजको निर्माणबाट मात्र मुलुकको समग्र विकास हुन सक्दछ भन्ने समता भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## छ. जनबल

जुझारू जनताको सशक्त वलसँग टिक्न नसकेका कारण अमेरिकीहरु भियतनामबाट भाग्नु परेको र उत्तर कोरियामा जनपक्षीय शासन व्यवस्था आएको दृष्टान्त दिंदै जनताको बल अत्यन्त सशक्त र सुदृढ हुन्छ भनिएको छ । बसुधैव कुटुम्बकम् भनी एक अर्को देशका जनता मिलीजुली आपसी सहयोगको भावना साट्दै मैत्री भावले बस्नुपर्दछ । देशको राष्ट्रियता भनेको साध्य हो र शासक भनेका साधना मात्र हुन् । राष्ट्रियता बचाउन जनताहरू जे जस्तो कदम पनि उठाउन तयार हुन्छन् भन्ने राष्ट्रभक्ति र समर्पण भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ज. खेती वीर (हली)

वर्षेनी खेत बारी जोत्ने र लहलह बाली झुलाउने जस्तो कठिन कार्यमा अहोरात्र पसिना बगाउने खेती वीरहरू ( हली ) को श्रमको मूल्य भूमिपतिहरूले निर्वाध रूपमा अमानवीय तवरले शोषण गरिरहेका छन् । केवल बाली लिने समयमा मात्र आएर सबै उव्जनीहरू लैजाने तल्सिङ्गहरूले जोताहा मोहीहरूको हक र अधिकारका बारेमा कुनै ख्याल नै गरेका छैनन् । खेत कस्को जोताहाहरूको भन्ने जुझारू एकता लिएर सबै मोहीहरू अगाडि आउन सकेमा मात्र खेती वीरहरूको भलाइ हुन सक्छ भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## झ. शैल सरिता

विश्वलाई नै हराभरा रसिलो बनाउने उद्येश्य लिएर पहाडका गुफा कन्दरा चट्टान फोरेर प्रवाहित भएकी नदीलाई देशद्रोहीहरूले सस्तो मूल्यमा बेचेको, दुर्गन्धित फोहर मैला मिसाएर

बलात्कार भएको घटनाप्रति हरेस नखाई भावी दिनमा देशप्रेमले ओतप्रोत सपूत छोराहरु जन्मने छन् भन्ने विश्वास लिइएको छ । तराईका विशाल र सुन्दर समतल फाँटहरूमा यी नदीका पानीको उपयोग गरी सिंचाइ सुविधा विस्तार गर्ने, विद्युतीय उर्जा शक्ति उत्पादन गरी उद्योग कलकारखाना स्थापना गर्दै समृद्ध नेपाल बन्ने आश्वस्त भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ञ. भरिया

सामन्तवादी राज्यव्यवस्थाले गर्दा बिहान बेलुका आफ्नो र परिवारको हात मुख जोर्नका लागि मात्र पनि रात दिन झरी बादल, वर्षा, हिमपात, उकाली ओरालीको पर्वाह नगरी साहू महाजनहरूको भारी बोकेर उनीहरूको निगाहले प्राप्त पैसाको भरमा भरियाहरूले बाँच्नु परेको उपेक्षित जीवनको मार्मिक यथार्थ प्रस्तुत गरिएको छ । केही काम नगरी भकारी र गोदाम भर्ने तथा श्रमिकहरूको शोषण गर्ने यस्ता सामन्त शोषकहरूका विरुद्ध श्रमिक मजदुरहरू एक भएर उठ्नु पर्छ र आफ्नो अमूल्य श्रमको मुल्य चुक्ता गर्नु पर्छ भन्ने अधिकार भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ट. कर्म वीर

मानवीय हक र अधिकारबाट समेत ठगिएका श्रमिक मजदुरहरू आफु जहाँ जसरी काम गरिरहेका छन् त्यसरी नै आफूले प्रयोग गर्ने हतियारहरू लिएर विश्वका सवै मजदुरहरूसँग सहसम्बन्ध कायम राख्दै सङ्गठित भएर उठेमा मात्र शोषक सामन्तहरूलाई समाप्त पार्न सकिन्छ । सम्पूर्ण न्यायप्रेमी जनताहरूको माया र स्नेह बटुलेर क्रान्तिमा लाग्यौं भने हामी कर्मवीरहरूको समग्र जीवन सुधार हुन सक्छ भन्ने दृढ विश्वासका भाव व्यक्त गर्नु यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ठ. कवि

जीवन र जगत्का यथार्थ घटनालाई कला, सीप र शैलीले सिंगारी जस्ताको तस्तै उतारी समाजलाई दिनु नै साहित्यको महत्वपूर्ण पक्ष हो । जब कविले सत्य र तथ्य बुझेर भित्री ह्दयबाट वेदना र भावनालाई साक्षात्कारका साथै सम्वेदनशील अनुभूति लिई अभिव्यक्त गर्दछन् त्यो नै वास्तविक रूपमा कविता बन्दछ । केवल बाहिरी रूपमा कविता लेखौं भनेर

पनि लेखिन्न, हांसौ भनेर मात्र पनि हांसिन्न जब पीडितहरूको आर्तनादले व्यक्ति उद्दोलित बन्दछ अनि कविताको रूपमा विचार अभिव्यक्त हुन्छ । जव कविको ह्दय स्पन्दन छाल झैं उर्लन्छ तव मात्र कविता ज्वार भाटा जसरी स्वस्फूर्त रूपमा निस्कन्छ भन्ने भाव यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

### ङ. एउटा दाउरे

एक पेट खान र परिवार पाल्नका लागि सँधै दाउरा बेच्ने दाउरेको वास्तविक जीवन अत्यन्त मार्मिक र कहाली लाग्दो छ । गाँस वासको निश्चय नभएको, सडक पेटीमा रात बिताउन विवश र शरीरमा झुत्रो कपडा भएको गरीव दाउरेप्रति धनी र सभ्य समाजले दर्शाउने गरेको तिरस्कार प्रति व्यङ्ग प्रहार गरिएको भाव नै यस कविताको केन्द्रीय कथ्यको रूपमा रहेको छ ।

## ४.२.२.४ मूलभाव

भाषाको कथ्य श्रव्य मूल स्वरुपलाई आधार बनाई सङ्गीतकलाका श्रुतिरमणीयतालाई छन्दहरूको माध्यमबाट वरण गरी एक प्राचीन साहित्यिक विधाका रूपमा गीतिप्रारुप मार्फत कविता जन्मिएको हो ।[८८] कवि जस्तो समाजमा जन्मेको र हुर्केको हुन्छ त्यसैअनुरुप नै कविता सिर्जना गरेको हुन्छ । भौगोलक परिवेश र स्थानीय वातावरणले कविको व्यक्तित्व विकासमा प्रभाव पारेको हुन्छ । जीवन भोगाइका क्रमका उकाली ओराली, सुख दुःख आदिको वास्तविक अनुभूति नै कवितामा व्यक्तिएको हुन्छ । कवि जगतराज पौडेलले पनि चितवनका माडीवासीहरूले यातायात, पुल, अस्पताल र उच्च शिक्षाबाट वञ्चित भई भोगेका पीडा दुःख, कष्ट र वेदना अनि चित्कारलाई वि.सं २०४२मा प्रकाशित उनको पहिलो कविता सङ्ग्रह 'जेलभित्रको सानो संसार' मा समेटेका छन् । यस सङ्ग्रहमा सङ्कलित १३ वटा कवितामा कविले जीवन र जगतका अनुभूत विविध पक्षलाई पद्य कविताको माध्यमले कलात्मक रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित कवितामा विशेषतः ग्रामीण परिवेशको झलक, मानवीय चित्कार, सांस्कृतिक दृष्टि, प्रकृतिचित्रण, मानवीय संवेदना र आस्था जस्ता भावहरू व्यक्त भएका छन् । कविताको शीर्षक र ती शीर्षकमा व्यक्त भावलाई तालिकामा यसरी देखाउन सकिन्छः

---

[८८] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी(सम्पा.) **नेपाली कविता भाग ४,** पाचौ संस्करण, २०६५, साझा प्रकाशन, काठमाडौं, पृ ५ ।

तालिका नं.: ८ जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहका प्रमुख भावहरू

| क्र.सं. | शीर्षक | भाव ( मूल कथ्य ) |
|---|---|---|
| १ | जेल भित्रको एक सानो संसार | ग्रामिण परिवेशको झलक |
| २ | माडीको पुकार | मानवीय चित्कार |
| ३ | पाण्डव मेला | सांस्कृतिक दृष्टि |
| ४ | मधुताल, प्राकृत निकुञ्ज, शैल सरिता | प्रकृति चित्रण |
| ५ | गरीव, खेतीवीर, भरिया, कर्मवीर,एउटा दाउरे | मानवीय संवेदना र आस्था |
| ६ | कवि | साहित्य प्रति अनुराग |
| ७ | जनबल | सर्वशक्तिमान जनता |

## क) ग्रामीण परिवेशको झलक

गाउँ घरका कुराहरूलाई यथार्थरूपमा राख्नु नै ग्रामीण परिवेशको झलक हो । कविले माडीको भौगोलिक परिवेशका कारण माडीवासीहरुले भोगेका कठिनाइ, अभाव र असुविधायुक्त ग्रामीण परिवेशको यथार्थतालाई सवैको साम‍ु छर्लङ्ग पारेका छन् । उदाहरणका रूपमा प्रस्तुत पङ्क्तिलाई लिन सकिन्छः

संसार भर्को जेलको ठूलो माडीको अघोर
दःुख र दर्द यातना धेरै भोग्दछौं कठोर
बाघ, भालुले पहरा दिने चौतर्फी जंगल
हात्ती, गैंडाले राईफल तेर्साई हुँदैन मंगल

**- जेल भित्रको एक सानो संसार, पृष्ठ-२**

## ख) मानवीय चित्कार

मानवले भोग्नुपरेका दुःख, दर्द र संवेदनानै मानवीय चित्कार हुन् । यस कवितामा माडीवासी जनताले भोग्नु परेका पीडा निकै मर्मस्पर्शी छन् । माडीको पुकार शीर्षकको कवितामा जङ्गली जनावरको आतङ्क, यातायातको असुविधाले स्वास्थोपचारमा कठिनाइ र शिक्षाको अवशरबाट बञ्चित बन्नु पर्दाको पीडा यसरी बोलेका छन् :

यो वस्तीको ठूलो वाधा जंगल र राप्ती
वाटो र पुल बनाई देउन हिंडनै आपत्ती
शिक्षा र रोगीको उपचार चांडै गरी देउन
नेपालका सन्तान हाम्रो सहारा लेउन

- **माडीको पुकार, पृष्ठ-१०**

## ग) साँस्कृतिक दृष्टि

परापूर्वकालदेखि हाम्रा पुर्खाहरूले मान्दै आएका चाडपर्व, धर्म, परम्परा नै हाम्रो संस्कृति हो । महाभारतमा वर्णित कौरव र पाण्डव मध्ये पाण्डवहरू जुवामा हारेपछि एक बर्षे गुप्तवासका लागि माडीको मरोठमा द्रौपदीलाई पनि साथमा लिएर बिताएका र उनीहरूलाई कौरवहरूले जालमा फंसाएको भाव व्यक्त गरिएको छ ।

कुरु क्षेत्रमा संघर्षपरी हारेर आएका
पाण्डव वन्धु मरोठनेर लुकेर बसेका
कौरवी जाल गोप्यको काल पाण्डव नगरमा
पाँच भाइकी साझा रमणी द्रौपदी साथमा

- **पाण्डव मेला, पृष्ठ-१०**

## घ) प्रकृति चित्रण

प्रकृतिको सुन्दर र मनमोहक दृष्यहरूलाई शब्दमा उतार्नु नै प्रकृति चित्रण हो । कविले मधुताल कवितामा भीर पहाडको बाटोमा चट्टानहरू लम्पसार परेका, वैकुन्ठे झर्ना दहमा लुकेको जस्ता सुन्दर चित्रण गरेका छन् । त्यसैगरी प्राकृत निकुञ्ज कवितामा पनि कविले माछापुच्छ्रेले चुरे श्रृङ्खलालाई बलियोसँग कसेको, खुला फाँटले मोहनी लगाएको भाव व्यक्त गरेका छन् भने शैल सरिता शीर्षकमा चट्टान, छहरा, नदीनालाको उल्लेख गरेका छन् ।

भीरको वाटो चट्टान माथि एकान्त पाएको
वैकुन्ठे झर्ना मोहले होला दहमा लुकेको
घाँघर खोलाको प्रवाह वेग खुत्रुक्क पारेको
भिरालो सुन्दर ! वनको बिचमा सुटुक्क बसेको

- **मधुताल, पृष्ठ-१२**

माछापुच्छ्रेले अंकमाल गरी वाहुपाशा बांधेको
चुरे श्रृङ्खला नछोड्ने गरी बलियो पारेको
शैल शिखर आफ्नी प्रियाको नाचमा मस्त छ

खुला फाँटको मोहनी नृत्य जादुले व्याप्त छ

- **प्राकृतः निकुञ्ज, पृष्ठ-१४**

शैल सरिता चट्टान फोरी रोसले आएकी
विशाल काय धारण गरी मनमनै गाएकी
छहरा झर्ना नदी र नाला समष्टि रुपमा
बगेर आउंछन् मन्दगतीले समतल् फांटमा

- **शैल सरिता, पृष्ठ २२**

## ङ) मानवीय संवेदना र आस्था

मानवहरूको दर्द, कष्ट, वेदना र मानवीय मूल्य मान्यता प्रतिको आस्था नै मानवीय संवेदना हो भने मानव भएर पनि अरू मानव सरह जीउन पाउनुपर्छ भन्नु नै मानवीय आस्था हो । गरीव कवितामा एक छाक जुटाउन पनि हम्मे हम्मे परेका गरीवहरूको सुख शान्ति हराएको चर्चा छ भने खेतीवीर कवितामा खेतबारी जोतेर ठूलावडालाई पाल्नेहरूको जीवनस्तरमा कुनै सुधार नआएकोले मोही हक कायम गर्नका लागि आह्वान गरिएको जस्ता मानवीय संवेदना र आस्था यसरी व्यक्त गरिएका छन् :

कहिले जुटने एक छाक हरे !
कहिले पटुका कसने नभए
कहिले पनि छैन अहो घरमा
सुख शान्ति गयो परिवार बिचमा ।

- **गरीब, पृष्ठ- १९**

देश्को लागि काम गर्छौ धर्ती पल्टाइ पल्टाइ
खेत्वारी जोतेका छौ रगत् जमाई जमाई
ठूला वडा पालेकाछौ श्रम बगाई बगाई
श्रम्को मुल्य पाउँदैनौ मोही हक् नसमाइ

- **खेतीवीर, पृष्ठ- २१**

नाम्लाको भरमा कठीन रुपले चल्ने कठै जीवन
गर्ने काम सदा कठोर बलले प्राणै गए सम्मन
पोटुका उरको कसेर भरिया लाग्छन् उकालो पथ
चर्का घाम सहीकन कतै ज्यालै नपाक्ने डर

- **भरिया, पृष्ठ- २३**

धनवान् जतिछन् धनका वलले
सुखको चयनै गरने मदले
रगतै पिउने निमुखाहरुको
अतिमा अतिभो मजदूर जतिको

- **कर्मवीर, पृष्ठ २५**

पेटमा आन्द्रा छुत्ती खेलेको चालिसे करीव
मार्मिक व्यथा बोकेर आयो एउटा गरीव
त्यो दृश्य भित्र  लुकेको रैछ गाँसको पुकार
जन्ताको जिल्ला अदालत् संग मागेको गुहार ॥

**- एउटा दाउरे, पृष्ठ- २८**

## च) साहित्य प्रति अनुराग

मानवको अन्तर्मनमा उर्लिएर आएका भाव वा छालहरूलाई शब्दमा उतारिएपछि साहित्य बन्दछ । साहित्य समाजको दर्पण भएकोले जनपक्षीय हुनु अत्यन्त जरूरी छ । कवि शीर्षकको कवितामा जव कविमा तथ्यहरू सागरका छाल झैं मडारिएर ठेलमठेल गर्दै आएका हुन्छन् त्यसलाई कविले क्रमैले लिपिवद्ध गर्ने काम मात्र गर्दछन् भन्ने भाव व्यक्त गरिएको छ ।

जव कवि तथ्य सागरमा सयर गर्छ
भावनाको वहना लिएर
उसका ह्दय स्पन्दनहरु
छाल झैं उर्लन्छन् ।

- **कवि, पृष्ठ- २७**

## छ) सर्वशक्तिमान जनता

जुन देशका जनता सर्वशक्तिमान छन् त्यो देशको विकास पनि राम्रो गतिले भएको हुन्छ । सार्वभौमसत्ता जनतामा भएका देश हरेक पक्षमा अगाडि हुन्छ । भियतनामीहरू जुझारू प्रवृत्तिका भएकाले अमेरिकालाई हराईदिए । त्यसैले जनता भनेका विभुषण हुन् भन्ने भाव व्यक्त गरिएको छ ।

वीर भियतनामीले बज्रमुक्का चखाउंदा
अमेरिकी गए हार्दै केही धर नपाउंदा
बोले धावा भने मात्र युद्ध घोष गराउन
अस्त्र सस्त्र सबै चीज जनता हुन् विभूषण

- **जनबल, पृष्ठ- २०**

## ४.२.२.५ शैलीशिल्प

गद्य अथवा पद्यमा अभिव्यक्त गर्ने ढाँचालाई शैली भनिन्छ । लेखकले आफ्ना भाव वा विचारलाई पाठकसामु राख्ने तरिका नै शैली हो । शैली विषयवस्तु प्रस्तुत गर्ने ढङ्ग भएकाले यसको महत्वपूर्ण भूमिका हुन्छ । लेखकले आफ्ना कृतिमा के कस्ता शब्द, वाक्य कसरी प्रस्तुत गर्दछन् भन्ने कुरा शैलीबाट थाहा पाउन सकिन्छ ।

## क) भाषाशैली

मानवीय सम्प्रेषणको सबैभन्दा प्रभावकारी र प्रभावशाली साधन भाषा हो ।[८९] कविताका भावलाई कलात्मकता दिई प्रभावकारी बनाउन शैली र शिल्पको महत्वपूर्ण भूमिका हुन्छ । जगतराज पौडेल चितवनका व्यथा र कथालाई शव्दमा उतार्ने कवि हुन् । प्रगतिवादी साहित्यका गहन अध्येता नभएपनि प्रगतिवादी सीमाभित्र रहेर शोषित पीडित जनताका वारेमा उनी कलम चलाउँछन् । आफ्ना विचार र अनुभूतिलाई सामान्य ग्राम्यभाषामा प्रकट्याउनु जगतराजको विशेषता हो । [९०] यस कवितामा चितवनको माडीलाई जेलभित्रको एक सानो संसार मा चित्रण गरिएको छ । भाषा सरल, सहज र सम्प्रेष्य छ । जम्मा १३ वटा शीर्षकमा संरचित प्रस्तुत कृतिमा

---

[८९] खगेन्द्र प्रसाद लुईंटेल, **ध्वनि र आलेखन**, गरिमा बर्ष १४, पूर्णाङ्क १५९, २०५२ फाल्गुण, पृ १८४ ।

[९०] लक्ष्मण प्रसाद गौतम, **चितवनको सर्वेक्षण र विश्लेषण**, चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ ३८ ।

माडीको कथा, व्यथा र वेदना लुकेका छन् । लिङ्ग, वचन र पुरुषको सङ्गति मिले पनि परिपाकको कमीले उत्कृष्टताको दर्जा हासिल गर्न सकेको छैन । झर्रा, तत्सम र तद्भव शव्दको प्रयोग गरिएको छ । दीनहीन प्रति श्रद्धा अर्पण गरिएको छ । ग्रामीण परिवेशको राम्रो चित्रण छ । थोरै कविता मात्र वार्णिक छन्दमा भए पनि धेरै जसो रचनाहरू झ्याउरे लयमा संरचित छ । समग्रमा हेर्दा भाषाशैली सहज र बोधगम्य देखिन्छ ।

### ख) छन्द / लय

जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहमा छन्दोबद्ध कविता र गीति कविता गरी दुई प्रकारका कविताहरू समाविष्ट छन् । तोटक छन्दमा गरीव र कर्मवीर भन्ने २ वटा कविता, अनुष्टुप छन्दमा जनवल कविता र शार्दूलविक्रीडित छन्दमा भरिया शीर्षकका कविता छन् । यसैगरी अन्य ९ वटा कविताहरू लोकलयमा लेखिएका छन् ।

### तोटक छन्द

कहिले जुटने एक छाक हरे !
कहिले पटुका कसने नभए ।
कहिले पनि छैन अहो घरमा
सुख शान्ति गयो परिवार विचमा ॥

- '**गरीव**', **पृष्ठ - १९**

उठ लौ अवता सव नै उठ लौ
दिलको ममता सवका बटुलौं
मन एक भए सवका सव नै
नव जाँगरको उदयै हुन्छ नै ॥

- '**कर्मवीर**', **पृष्ठ - २६**

### अनुष्टुप छन्द

जनता प्रतिकार गर्छन् जनहक लियो भने
जनता शंखघोष गर्छन् क्रुर दमन भयो भने

- '**जनवल**', **पृष्ठ- २०**

**शार्दूलविक्रीडित छन्द**

नाम्लाको भरमा कठीन रुपले चल्ने कठै जीवन
गर्ने काम सदा कठोर बलले प्राणै गए सम्मन ।

- **'भरिया', पृष्ठ - २३**

**लोकलय**

खुला छ छानो नीलो आकाश लामो छ गोल्घर
घाम र पानी शीत र ताप गर्दछन् खेलवाड ।

- **जेल भित्रको एक सानो संसार, पृष्ठ- ३**

बाघ र भालु हात्ती  र गैंडा अनमत्त भएर
यता र उता घुमफीर गर्छन स्वतन्त्रै पाएर
सोल्टा र सोल्टी गाउंछन् गीत रीउ खोलाको पारी
प्रेमको गाँठो मस्काउंछन् गाई र भैंसी तारी ॥

- **माडीको पुकार, पृष्ठ - १०**

सात दिन देखि नौ दिन सधै आयु छ मेलाको
आनन्द भला कुसारी हुन्छ गाउँले भेलाको
थारु जातिको लोकलयले मूर्छित पार्दछ
ढोलक ठूलो तवेला बजाई आनन्द ल्याउंछ ॥

- **पाण्डव मेला, पृष्ठ- १२**

बाँसको घारी उपर राखी पहरा खोपेर
परेवा जोडी चयन गर्छन पालुवा बोकेर
गूँडमा बसी गहिरो ताल हेर्दछन बचरा
मधुर मुस्कान छरेर हांस्छन् तीन्तिर पहरा ॥

- **मधुताल, पृष्ठ- १३**

विश्वकै रम्यः हरियालीले आकाश चुम्दछ
हरियो धर्ती अंकमाल गरी मस्तले झुल्दछ

- **प्राकृतः निकुञ्ज, पृष्ठ- १४**

उठ उठ किसानी वीर आंसी कुटा कोदाली लिएर
देश्को लागि काम गर्छौं धर्ती पल्टाइ पल्टाइ

- **खेतीवीर (हली), पृष्ठ - २१**

पहाडी हीम बोकेर ल्याइ कठ्याइ दिएकी !
लेकाली वेशी तराइ फाँट्मा एउटै पारेकी

- **शैल सरिता, पृष्ठ - २२**

कविता लेखौं भनेर लेखिन्न
सपना देखौं भनेर देखिन्न

- **कवि, पृष्ठ- २६**

पेटमा आन्द्रा छुत्ती खेलेको चालिसे करीव
मार्मिक व्यथा बोकेर आयो एउटा गरीव
त्यो दृश्य भित्र  लुकेको रैछ गाँसको पुकार
जन्ताको जिल्ला अदालत् संग मागेको गुहार ॥

- **एउटा दाउरे, पृष्ठ- २८**

## ग) रस

साहित्यमा रसलाई आनन्दसँग जोडिएको छ । साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूतिलाई रस भनिएको छ । यसलाई काव्यको आत्मा पनि मानिन्छ । रस सामग्रीलाई चार प्रकारले हेर्न सकिन्छः स्थायी भाव, विभाव, अनुभाव र सञ्चारी वा व्यभिचारी भाव ।

## वीर रस

वीर रसमा वीरताको वर्णन गरिएको हुन्छ । वीर रसको स्थायी भाव उत्साह हो । युद्ध, पराक्रम आदि कार्य भयो भने वीर रसको उत्पत्ति हुन्छ ।

विश्वका जनता जति छन् दुःखमा
अब आऊ सबै नबसौं तपमा
नव हाँक दिदै शत्रु साधनको
शंख घोस् गरदै क्षत दानवको

- **कर्मवीर, पृष्ठ २५**

**करुण रस**

आफन्तको मरण वा वियोग, अनिष्टको प्राप्ति, मनपरेको वस्तुको नास भयो भने करूण रसको सिर्जना हुन्छ। करूण रसको स्थायी भाव शोक हो।

पेटमा आन्द्रा छुत्ती खेलेको चालिसे करीव
मार्मिक व्यथा बोकेर आयो एउटा गरीव

- **एउटा दाउरे, पृष्ठ - २८**

थोत्रा छन् कपडा हरे छ उसको नाङ्गो कठै ! काम्दछ
लौरीको भरमा परेर विचरा अन्यायमा पर्दछ

- **भरिया, पृष्ठ - २३**

धनवान् जतिछन् धनका बलले
सुखको चयनै गरने मदले
रगतै पिउने निमुखाहरुको
अतिमा अतिभो मजदूर जतिको ॥

- **कर्मवीर, पृष्ठ - २५**

माछापुच्छ्रेले अंकमाल गरी वाहुपाशा बांधेको
चुरे श्रृङ्खला नछोड्ने गरी बलियो पारेको
शैल शिखर आफ्नो प्रियाको नाचमा मस्त छ
खुला फाँटको मोहनी नृत्य जादुले व्याप्त छ

- **प्राकृत निकुञ्ज, पृष्ठ १४**

**घ) अलङ्कार**

अलम्को अर्थ भूषण हो। अलङ्कार भन्नाले भूषण गर्ने वस्तु भन्ने बुझिन्छ। अलम्को अर्को अर्थ पर्याप्त हो। यसअनुसार प्रशस्त सीप पुऱ्याएर या सारै राम्रो बनाएर भनिएको कथन भन्ने बुझिन्छ।[९१] प्रस्तुत जेल भित्रको एक सानो संसार कविता सङ्ग्रहमा सङ्कलित

---

[९१] विष्णु प्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, काठमाडौं, भुँडीपुराण प्रकाशन,२०५७ , पृ ७० ।

कविताहरुमा सहज र स्वभाविकरुपमा केही उपमा अलङ्कार र दृष्टान्त अलङ्कारहरुको प्रयोग भएको पाईन्छ ।

### उपमा अलङ्कार

हाडै हाड उता शरीर विचरा भारी दुवै छन् उसै
काम्दै थर थर त्यो अघोर पथमा लड्दै गधाझैं वरै ।

- **भरिया, पृष्ठ २४**

### दृष्टान्त अलङ्कार

जात र भातको सङ्कीर्ण नारा समाजमा तोडी देऊ
समाज सुधार गरने नियम प्रवल बनाईदेऊ

- **जेल भित्रको एक सानो संसार, पृष्ठ ६**

### ङ) बिम्व

सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ र यो एक किसिमको सादृश्यविधान नै हो ।[९२]

### पौराणिक बिम्ब

धार्मिक ग्रन्थमा उल्लेखित विभिन्न देवीदेवताहरूको चरित्रमा आधारित बिम्ब नै पौराणिक बिम्ब हो । यसलाई धार्मिक बिम्ब पनि भनिन्छ । रामायण र महाभारतबाट लिइएका बिम्ब यस अन्तर्गत पर्दछन् । जस्तै :

कुरु क्षेत्रमा संघर्षगरी हारेर आएका
पाण्डव बन्धु मरोठनेर लुकेर बसेका
कौरवी जाल गोप्यको काल पाण्डव नगरमा
पांच भाइकी साझा रमणी द्रौपदी साथमा

- **पाण्डव मेला, पृष्ठ १०**

---

९२ डा.लक्ष्मण प्रसाद गौतम, **मुनामदनमा बिम्बविधान**, चरैवेति, बर्ष १, अङ्क १, २०६७, पृ ६ ।

**प्राकृतिक बिम्ब**

पहाड, पर्वत, झरना, नदीनाला, हिमाल जस्ता प्राकृतिक सौन्दर्यहरूबाट लिइएका बिम्बहरू नै प्राकृतिक बिम्ब हुन् । जस्तै :

माछापुच्छ्रेले अंकमालगरी बाहुपाशा बांधेको
चुरे श्रृङ्खला नछोड्नेगरी बलियो पारेको
शैल शिखर आफ्नी प्रियाको नाचमा मस्त छ
खुला फाँटको मोहनी नृत्य जादुले व्याप्त छ ।

- **प्राकृतः निःकुञ्ज, पृष्ठ १४**

**क्रान्ति बिम्ब**

जुन काव्यमा क्रान्तिको उद्घोष गरिएको हुन्छ त्यो क्रान्ति बिम्ब हो । यसमा प्रयुक्त शब्दहरूले मानसपटलमा क्रान्तिको प्रत्याभूति हुन्छ । स्वतन्त्रता, परिवर्तन र मुक्तिको लागि लेखिएका कवितामा क्रान्ति बिम्ब हुन्छन् । उदाहरणका लागि:

जनता शंखघोष गर्छन क्रुर दमन भयो भने
जनता एकता हुन्छन् फुटको जाल भो भने

- **जनबल, पृष्ठ २०**

**संबेदनात्मक बिम्ब**

पेटमा आन्द्रा छुत्ती खेलेको चालिसे करीव
मार्मिक व्यथा बोकेर आयो एउटा गरीव

- **एउटा दाउरे, पृष्ठ २८**

**च) प्रतीक**

प्रचलित शाब्दिक अर्थभन्दा भिन्न वा अन्य अर्थलाई जनाउने दृश्यबस्तु वा कार्यव्यापार नै प्रतीक हुन् । [९३]

---

[९३] डा. खगेन्द्रप्रसाद लुईटेल, **नेपाली काव्य समालोचना**, काठमाडौँ, पैरवी प्रकाशन, २०६७, पृ ३१ ।

पहाडी फूल तराई झरे उन्नति आशाले
लोभले लाभ लाभले विलाप बाँधियौं जालले ।

**- जेल भित्रको एक सानो संसार, पृष्ठ ५**

नेपोलियन वोनापाट र हिटलरी हैकम
सम सामयिक नभएर नै चलेन शासन

- **जेल भित्रको एक सानो संसार, पृष्ठ ८**

### ४.२.२.६ निष्कर्ष

जेलभित्रको एक सानो संसार कविता सङ्ग्रह जगतराज पौडेलको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । प्रस्तुत कविता सङ्ग्रहमा तेह्र वटा कविताहरू सङ्कलित छन् । माडीमा वसोवास गर्ने जनतालाई कैदीकोरूपमा चित्रण गरिएको छ । चितवन जिल्लाको माडी क्षेत्र अत्यन्त उव्जाउ र प्राकृतिक छटाहरुले समृद्ध मानिए पनि स्वास्थ्य उपचार, शिक्षा, यातायात सुविधाको कठिनाइले गर्दा माडीवासीहरूमा सरकारी दृष्टि नपुगेको र दुर्गम बनाईएकोमा कविले दुखेसो पोखेका छन् । राप्ती र रिउ नदीमा व्यवस्थित पुल नबन्नाले माडीका जनता बिरामी पर्दा र उचित स्वास्थोपचारको अभावमा अकालमा ज्यान गुमाउन विवश भएको तीतो यथार्थलाई कविले सरल, सहज र प्रभाबकारी ढङ्गले प्रस्तुत गरेका छन् ।

कविले नवीन शैली र शिल्प नभई परम्परागत शैलीलाई नै अङ्गीकार गरेका छन् । भावमा मिठास र शैलीमा मधुरता भएकाले सामान्य पाठकलाई पनि बोधगम्य छ । मानवीय भावनाले ओतप्रोत भएको यस कविता सङ्ग्रहमा माडीवासीले भोगेका पीडा, वाध्यता, विवशता र यथार्थ झल्केको छ । कवितामा एउटा निरीह दाउरे, अर्काको भारी बोकेर पसिना बगाउने भरिया र ठूलाबडाको हलो जोतेर अर्काको भकारी भर्ने हलीका दर्द र मनोभावनाहरू समेटिएका छन् । त्यसैगरी संसारका मजदुरहरूलाई आफ्ना हक र अधिकारका लागि लड्न समेत जगतराजले आह्वान गरेका छन् । यसरी कविता सङ्ग्रहमा कलात्मकताको अभाव ठहरिए पनि मानवीय संवेदना वेजोड रूपमा समेटिएको हुनाले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## ४.२.३ तीज गीत सङ्ग्रहको अध्ययन एवं विश्लेषण

### ४.२.३.१ परिचय

तीज (हरितालिका) हिन्दू नारीहरुको ठूलो र रमाइलो सांस्कृतिक पर्व हो । बर्षैपिच्छे खास गरी भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइने तीजको परम्परा पौराणिक कथासंग जोडिएर आएको छ । [९४] तीजका गीतहरूमा नेपाली नारीका पीडा, रोदन, क्रन्दन, विलाप, उत्पीडन, सुस्केरा, आँसुको अभिव्यक्तिसँगै माइतीको सुखसयलको वर्णन अनि बाबुआमा, दाजुभाउजु, भाइ-वुहारी, भतिज आदिको सम्झना गर्दै मार्मिक अनुभूतिहरू छताछुल्ल भएका हुन्छन् । [९५]

चेलीहरूले आफ्ना मनका विरह र पिरमर्कालाई समेटेर गाउने तीज गीत वि.सं.२०४६ को जनआन्दोलनबाट देशमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि विस्तारै सामाजिक जागरण र राजनैतिक चेतना ल्याउन अग्रसर हुने खालमा विकसित भएको पाइन्छ । यसैक्रममा विभिन्न महिला सङ्घ/सङ्गठनहरूको अनुरोधमा लेखकहरूले तीजगीत लेख्ने र प्रकाशन गर्ने परम्परा विकास भएकोमा नारीहरूको उन्मुक्त चाडको रूपमा रहेको तीजको अवसर पारेर कवि जगतराजले पनि वि.सं.२०४२ देखि २०५३ सम्म तीजको आवाजको रूपमा तीजको गीत सङ्ग्रह प्रकाशन गर्दै आएका थिए । उनले नारीहरूमा व्याप्त अभाव, कष्ट, दुर्व्यवहार, वेदना, चित्कार, क्रन्दन, विरह व्यथाको साथसाथै समसामयिक घटना र परिवर्तित राजनैतिक अवस्थालाई समेत समेट्दै तीज पर्वलाई नारी मुक्तिका अतिरिक्त समाजलाई सुसूचित बनाउने अनुकूल अवसरकोरूपमा उपयोग गर्ने नवीन सोचसहित तीज गीत लेखेका छन् । कवि जगतराजले आफ्ना तीज गीत सङ्ग्रहमा विशेष गरी सामाजिक विकृति, विसङ्गती, विडम्वना, मानवीय कुण्ठा, राष्ट्रप्रेम, भ्रष्टाचार, विकास निर्माण, कर्तव्यवोध, प्राकृतिक प्रकोप, महिलाको हक हित, किसानको हक हित, हलीहरूको दयनीय अवस्थाहरूलाई प्रमुख विषयबस्तु बनाएका छन् ।

---

[९४] कृष्ण प्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, २०५७, वीणा प्रकाशन प्रा.लि.काठमाडौँ, पृ १७७ ।

[९५] कृष्ण प्रसाद आचार्य, **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध**, क्षितिज प्रकाशन, काठमाडौँ, २०६३, पृ ३५८ ।

वि.सं. २०४२ देखि छवि प्रकाशन चितवनबाट प्रकाशित हुँदै आएको जगतराज पौडेलका भाग १ – ८ सम्मका तीज गीत सङ्ग्रहहरु भएपनि भाग ५, ७ र ८ मात्र प्राप्त भएको हुँदा यस शोधपत्रमा यी तीनवटा सङ्ग्रहको मात्र अध्ययन गरिएको छ ।

### ४.२.३.२ तीज गीत सङ्ग्रह (भाग ५)

#### ४.२.३.२.१ संरचना

जम्मा १६ पृष्ठमा संरचित **तीज गीत सङ्ग्रह भाग ५** मा विभिन्न शीर्षकहरूमा १० वटा गीतहरू सङ्कलित छन्, जसमा बृहत्‌रूपको ३ पृष्ठ भएको ५६ पंक्तिमा संरचित गीतदेखि लघुरूपको १ पृष्ठ र १२ पंक्तिका गीतहरू रहेका छन् । गीतको शीर्षक, पृष्ठ संख्या, र पंक्ति संख्याको आधारमा प्रस्तुत तीज गीत सङ्ग्रहको गीतका संरचनालाई निम्न तालिका अनुसार देखाउन सकिन्छ :

तालिका नं.: ९ **तीज गीत सङ्ग्रह भाग ५को संरचना विवरण**

| **क.सं** | **शीर्षक** | **पृष्ठ** | **पंक्ति संख्या** |
|---|---|---|---|
| १ | शुभकामना | २ | १७ |
| २ | किसानको ख्याले छैन वरिलै | ३–४ | ३० |
| ३ | कृषि क्रान्ति आजको माग वरिलै | ५–६ | २९ |
| ४ | तानाशाही पञ्चायत ढाल्यौं वरिलै | ७ –८ | २९ |
| ५ | हली दाइका ठेलाको मर्म कठै नी | ९ | १२ |
| ६ | असार पन्ध्र किसानको हर्ष वरिलै | १० | १२ |
| ७ | अ.ने.म.संघ महिलाको प्यारो संगठन | ११ | १६ |
| ८ | अन्तरिम शासनको विधान चाहिन्छ | १२ | २० |
| ९ | जनशक्ति अजेय छ घुँडा टेकाए | १३–१५ | ५६ |
| १० | कम्युनिष्ट पार्टी आयो जनता उठाइ | १६ | २४ |
| | जम्मा | १६ | २४५ |

### ४.२.३.२.२ विषयवस्तु

#### १. शुभ-कामना

यस गीतमा नारी प्रति सामाजिक विभेद, सामन्ती सोच र कुरीतिबाट उन्मुक्तिको लागि सवै नारीहरू एकाकार भएर अघि बढ्न सके नारी समाजको मुक्ति सम्भव छ भन्ने शुभकामना व्यक्त गरिएको छ । जस्तैः

सृजना फुल्छ भाइचाराले
टेक्नेछ घुँडा अत्याचारले
नारी सबैको एकै आवाजले
मुस्कान भर्ला नारी समाजले
नारी मुक्तिको शुभ कामना ।

#### २.किसानको ख्यालै छैन बरिलै

यस गीतमा कृषि व्यवसायमा अहोरात्र सँलग्न कृषकहरू जटील जीवन पद्धतिबाट गुज्रिरहेका छन् । उन्नत कृषि प्रविधिका लागि आवश्यकपर्ने उन्नत वीउ, मल, सिंचाइ जस्ता न्यूनतम आबश्यक सुविधाको अभावले आर्थिक मेरुदण्डकोरूपमा रहेको कृषि क्षेत्रको उन्नति हुन नसक्दा देशको समग्र विकास हुन सक्तैन भन्ने भाव व्यक्त गरिएको छ । जस्तैः

धर्तीका प्यारा सपूत वीर
कृषक सारा सन्तान धीर
संसार पाल्ने यी अन्न दाता
यीनैलाई छैन सुख सुविधा
किसानको ख्यालै छैन बरिलै ।

#### ३. कृषि क्रान्ति आजको माग वरिलै

यस गीतमा कृषि प्रधान देशका कृषकहरू रित्ता भकारी, चर्को दमन र शोषण जस्ता विषम परिस्थितिबाट बाँच्न विवश छन् । कृषकको रगत पसिना चुस्ने यी जुकारूपी सामन्तहरूलाई परास्त गर्दै धर्तीलाई झिलिली पार्दै भूस्वर्ग बनाउन अखिल नेपाल

किसान सङ्घको झण्डा मुनी गोलबद्ध भएर कृषि क्रान्ति सफल पार्न आह्वान गरिएको छ ।

कृषि क्रान्ति आजको माग बरिलै
किसानलाई रूवाई राख्ने
अर्ध सामन्ती शासन पाल्ने
सामन्ती पारा तोड्नलाई जाग
कृषि क्रान्तिमा किसान लाग ।

## ४. तानाशाही पञ्चायत ढाल्यौं बरिलै

पञ्चायती शासनको अत्याचार विरुद्ध वि.सं.२०४६ फागुन ७ गतेबाट देशका तमाम मजदुर, किसान तथा विभिन्न पेशागत सङ्घ, सङ्गठनको जुझारू आन्दोलन सुरू भयो । पञ्चायती प्रतिकार समितिका सम्पूर्ण क्रियाकलापहरूलाई निस्तेज पार्दै तानाशाही पञ्चायत ढाल्न सफल भएको बिषयवस्तु यस गीतमा व्यक्त भएको छ । जस्तैः

दुइ हजार छयालिस फागुन सात गते ता
पञ्चायत ढाल्न सबै जन्ता उठेका
पञ्चायती हुंकारलाई मुक्का दिए सजिलै
तानाशाही पञ्चायत ढाल्यौं बरिलै ।

## ५. हली दाइका ठेलाको मर्म कठै नी !

यस गीतमा कवि ढींडो, रोटी र गुन्द्रुकको भरमा हातमा ठेला पारेर मालिकको घरमा रात दिन पसिना वगाउने निरीह हलीहरूको दुःखान्त अवस्था प्रति मर्माहत बनेका छन् । जसको जोत उसको पोत भन्ने अभियानमा लागेर मात्र हलीहरूको हातको ठेलाको वास्तविक मर्म प्राप्त हुन्छ भन्ने बिषयलाई गीतले समेटेको छ । जस्तैः

रातो दिन काम गर्ने मालिकको घरमा
चट्टान झैं ठूला ठेला परे हातमा
काम गर्न पर्ने कठै जनावर सरिनी
हली दाइका ठेलाको मर्म कठैनी ।

### ६. असार पन्ध्र किसानको हर्ष बरिलै

धान रोपाईंमा आएका हली बाउसे र रोपाहारहरू सबै हर्षका साथ एक आपसमा हिलो छ्यापेर असार पन्ध्र मनाउने गर्दछन् । वर्ष दिन खाने धान उब्जाउने असार पन्ध्रलाई किसानहरूले आफ्नो ठूलो चाडकोरूपमा लिन्छन् भन्ने सेरोफेरोमा यस गीतको बिषयवस्तु रहेको छ । जस्तैः

किसानको ठूलो चाड वर्ष दिन भरिको
असार पन्ध्र रमाउने दिन उनैको
हर्ष उन्माद भरिएर हिलो छ्यापा छ्याप नै
असार पन्ध्र किसानको हर्ष बरिलै ।

### ७. अ.ने.म.सङ्घ महिलाको प्यारो सङ्गठन

हातमा सिक्री सहितको चम्किलो तारा अङ्कित अखिल नेपाल महिला सङ्घको रातो झण्डामुनि गोलबद्ध हुँदै देश र जनताका खातिर नारी मुक्ति गर्ने सवालमा अघि बढेको अ.ने.म.सङ्घ महिलाहरूको प्यारो सङ्गठन हो भन्ने भाव यस गीतमा यसरी प्रस्तुत भएको छ । जस्तैः

अखिल् नेपाल महिला सङ्घले नारी हित गर्दछ
आफ्नो अधिकार खोज्न अघि बढ्दछ
नारीलाई उभो लाग्ने हक न्याय खोज्दछन्
अनेम सङ्घ महिलाको प्यारो सङ्गठन ।

### ८. अन्तरिम शासनको विधान चाहिन्छ

जनबलबाट भर्खरै मात्र समाप्त पारिएको पञ्चायती शासनका पालामा कायम रहेको संविधानकै कतिपय बुंदाहरूलाई कायम राख्ने प्रयास हुन सक्छ । २०१७ सालमा प्रजातन्त्रको घाँटी थिचिएको इतिहासलाई सबै आन्दोलनरत पक्षले मनन गर्दै नेपाली जनताको मुक्तिका लागि अन्तरिम शासनको विधान अत्यावश्यक छ भन्ने बिषयवस्तुमा यस गीत रहेको छ । जस्तैः

नेपालमा जनता उठे खोसे पञ्चे शासन
जनादेश प्राप्त भयो नयाँ शासन
वातावरण सबै मिले यो शासन हाँकिन्छ
अन्तरिम शासनको विधान चाहिन्छ ।

## ९. जनशक्ति अजेय छ, घुँडा टेकाए

सबै पञ्चायती इतर शक्तिहरू नमिली पञ्चायती शासन ढाल्न सकिंदैन भन्ने महसूस गरी वि.सं.२०४६ फागुन ७ गते वाम मोर्चा, नेपाली काङ्ग्रेस र राष्ट्रिय जन आन्दोलनको संयुक्त पहलमा पञ्चायती शासन विरुद्ध आन्दोलन सुरू गरियो । पाटन, जनकपुर, भरतपुर, भक्तपुर लगायत देशका विभिन्न स्थानहरूमा हातमा खुँडा, चेन, तरवार लिएर जुर्मुराएर सडकमा ओर्लेका आन्दोलनकारी जनताहरूको सामु अन्ततः पञ्चायती शासन घुँडा टेक्न विवश भयो । जनशक्तिका सामु जस्तोसुकै शासक पनि कमजोर हुन्छ र जनशक्ति अजेय छ भन्ने विषयवस्तु यस गीतमा रहेको छ । जस्तैः

दुइ हजार छयालिस फागुन सात गतेका
संघर्षमा नेपालका जनता उठेका
वाम् मोर्चा र कांग्रेसले तालमेल मिलाए
पञ्चायत ढाल्न भनी हात उठाए ।

## १०. कम्युनिष्ट पार्टी आयो जनता उठाई

भाषिक एकता, धर्म निरपेक्षता, जातीय विभेदको अन्त्य जस्ता सवालमा शोषित पीडित जनताको पक्षमा हँसिया हथौडा चिन्ह अङ्कित झण्डा फहराउने कम्युनिष्ट पार्टीले गाउँ घर शहर कुना काप्चाबाट सारङ्गी र मुरलीको मीठो स्वरलाई विभिन्न लोक संस्कृती र लोकगीतका भाकाहरूमा समाहित गर्दै जनतालाई जगाएका छन् । जस्तैः

चौडाइ साठी लम्बाइ नब्बे रातो झण्डा फहराइ
हसिया र हथौडीको चिन्ह लगाई
शोषित पीडित जनताको मुटु धट्कन ठम्याई
कम्युनिष्ट पार्टी आयो जनता उठाइ ।

### ४.२.३.३. तीज गीत सङ्ग्रह (भाग ७)

### ४.२.३.३.१ संरचना

जम्मा ३१ पृष्ठमा संरचित **तीज गीत सङ्ग्रह भाग ७** मा विभिन्न शीर्षकहरूमा १८ वटा गीतहरू सङ्कलित छन्, जसमा बृहत् रूपको ३ पृष्ठ भएको ३६ पंक्तिमा संरचित गीतदेखि लघुरूपको १ पृष्ठ र २० पंक्तिका गीतहरू रहेका छन् । गीतको शीर्षक, पृष्ठ संख्या, र पंक्ति संख्याको आधारमा प्रस्तुत तीज गीत सङ्ग्रहको गीतका संरचनालाई निम्न तालिका अनुसार देखाउन सकिन्छ :

तालिका नं.: १० **तीज गीत सङ्ग्रह भाग ७ को संरचना विवरण**

| क्र.सं | शीर्षक | पृष्ठ | पंक्ति संख्या |
|---|---|---|---|
| १ | शुभकामना | १ | २० |
| २ | कम्युनिष्ट पार्टीको झण्डा फरर | २ | २० |
| ३ | अव हामी न उठेमा डुब्छ नेपाल | ३ –४ | ३६ |
| ४ | लाल तारा तिमीलाई लाल सलाम छ | ५ | २४ |
| ५ | आखिरमा जनताकै हुन्छ जीत यो | ६ | २० |
| ६ | सूर्यमाथि छाप लगाई गरौं मतदान | ७ | २० |
| ७ | अव किन? कांग्रेसलाई भोट दिने नी ! | ८ | २० |
| ८ | गिरिजाले प्रजातन्त्र सुम्पे वरिलै | ९ – १० | ३२ |
| ९ | गिरिजालाई देश बेच्ने नदिउँ लाइसन | १० – ११ | २० |
| १० | एमालेको सरकार भयो दरकार | ११ – १२ | २० |
| ११ | वानेश्वरमा भारतीय हस्तक्षेप | १२ – १३ | २० |
| १२ | कांग्रेसले शासन पुरागर्न सकेन | १३ – १४ | २० |
| १३ | कांग्रेसको हत्या खेती बढ्दै गयो नी | १४ – १६ | ३६ |
| १४ | जनताकी प्यारी छोरी विद्या भण्डारी | १६ – १७ | २८ |
| १५ | किसानको ख्यालै छैन वरिलै | १८ – १९ | ३४ |
| १६ | क. माया न्यौपानेको सुनौं वयान | १९ – २० | २० |
| १७ | एमालेलाई जनताको माया वरिलै | २० – २१ | २० |
| १८ | भाद्र तीनमा सिंहदरवार ठप्प वरिलै | २२ – २३ | ३६ |
| | जम्मा | ३१ | ४४६ |

#### ४.२.३.३.२. विषयवस्तु

**१. शुभकामना**

नारीहरुलाई दासी ठान्ने मनोवृत्ति लगायतका विभिन्न कुरीति र अन्धविश्वासले हाम्रो समाजमा जरा गाडेको छ । यसका विरुद्ध नारीहरूले विद्रोहका नौला गीत गाउन आबश्यक छ । तसर्थ नारी मुक्तिको लागि गरिने सबै प्रकारका आन्दोलनको सफलताको शुभकामना यस गीतमा व्यक्त गरिएको छ । जस्तैः

नारी मुक्ति खातिरमा गुञ्जोस चर्को आवाज
अत्याचारी शासनलाई दिओस जवाफ
गुण्डागर्दी वलात्कारका बढ्दै गए श्रृङ्खला
मास नारी समाजले शुभ कामना

**२. कम्युनिष्ट पार्टीको झण्डा फरर**

भारी बोक्ने भरियाको पसिना र सुस्केरा, भोको पेट लिएर खेत जोत्ने हलीको विवशता लगायतका हरेक वर्ग र क्षेत्रका जनताहरूको अधिकार रक्षा गर्न कम्युनिष्ट पार्टी सदैव लागी परेको छ । देशमा जनवादी कृषि क्रान्ति चलाएर उन्नत वैज्ञानिक प्रथाबाट कृषि उत्पादन बृद्धि गर्ने लक्ष्य सहित कम्युनिष्ट पार्टी अघि बढेको छ भन्ने भावलाई यस गीतमा समेटिएको छ । जस्तैः

जनवादी आधारको कृषि क्रान्ति चलाई
हरा भरा देशकै रूप अन्न उब्जाई
उन्नत वैज्ञानिक प्रथा हुन्न कतै धर्मर
कम्युनिष्ट पार्टीको झण्डा फरर ।

**३. अव हामी नउठेमा डुब्छ नेपाल**

देशमा विद्यमान चर्को मूल्यबृद्धि, असुरक्षा, गुण्डागर्दी, बढ्दो विदेशी ऋण भार, कमिशनतन्त्र, लागूपदार्थ प्रयोगप्रति युवाहरूको संलग्नता, बलात्कार, चेलीवेटी बेचविखन, वेश्यावृत्ति जस्ता समाजका कुसंस्कार विरुद्ध न्यायप्रेमी सचेत नागरिकहरू जुर्मुराउंदै सडकमा आउन वाध्य छन् । शान्तिपूर्ण सडक आन्दोलनमार्फत जनताबाट प्रस्तुत माग

समेत सुन्न तयार नहुनु र उल्टै गोली हान्ने धृष्टता गर्ने सरकारी रवैयाबिरुद्ध अब हामी नउठेमा देश डुब्छ भन्ने भावलाई यस गीतमा समेटिएको छ । जस्तैः

महिला कर्मचारीलाई जाल अत्तो थापेर
थुनी गर्छ बलात्कार हाकिम मातेर
खोज्नलाई महिलाको इज्जतको सवाल
अव हामी नउठेमा डुब्छ नेपाल

## ४. लाल तारा तिमीलाई लाल सलाम छ

यस गीतमा जनताको मुक्तिका लागि लामो समयसम्म भूमिगत जीवन बिताएका तथा देश र जनताका लागि सदैव क्रियाशील मदन र आश्रितप्रति उनीहरूको वीरगाथा सहित अभिवादन व्यक्त गरिएको छ । जस्तैः

मातृभूमि रोइरहने बलात्कृता हुनाले
घाती मोरा असत्तीले देश बेच्नाले
मार्‍यो असल दुधको भारा तिर्ने छोरालाई त
लाल तारा तिमीलाई लाल सलाम छ

## ५. आखिरमा जनताकै हुन्छ जीत यो

नेपालमा एकतन्त्रीय राणा शासनको र निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य, भारतमा अङ्ग्रेज शासनको अन्त्य, भियतनाममा अमेरिकी हस्तक्षेपको पराजयहरू सबै जनताकै जीतबाट सम्भव भएका घटनाका केही दृष्टान्तहरू हुन् । जस्तोसुकै कठोर शासक पनि जनताका सामु लामो समय सम्म टिक्न सक्तैन र जनताकै जीत हुन्छ भन्ने भावमा यस गीत रहेको छ । जस्तैः

स्वर्णाक्षरी इतिहास यै देशमा लेखियो
एकतन्त्री राणा शासन यहीं फेरियो
ढल्यो निर्दल बज्यो धुन जनमुक्ति गीतको
आखिरमा जनताकै हुन्छ जीत यो

## ६. सूर्य माथि छाप लगाई गरौं मतदान

वि.सं २०५१को संसदीय निर्वाचनमा ने.क.पा. एमालेको चुनाव चिन्ह सूर्यमा मतदान गरेर विजयी गराउन लेक -वेंसी, तराई -पहाड, मेची -महाकाली सवै क्षेत्र र वर्गका जनताहरू उत्सुक छन् । यत्रतत्र यसैको चर्चा परिचर्चा हुने गरेको छ । मुक्तिकामी जनताहरू ने.क.पा. एमाले विजय भएको हेर्न र देख्न आतुर हुँदै मतदानको लागि चुनावको मिति पर्खेर बसेका छन् भन्ने भाव यस गीतमा यसरी व्यक्त गरिएको छ :

लेक वेसी तराइ–पहाड, मेची काली सम्मको
लोकप्रिय एमालेको सूर्य चिन्ह हो
मेलापात पंधेरीमा यस्कै हुन्छ चर्चा वात्
सूर्यमाथि छाप लगाइ गरौं मतदान ।

## ७. अव किन काङ्ग्रेसलाई भोट दिने नि

यस गीतमा देशको उद्योगधन्धा र कलकारखानाहरू सबै विदेशीको हातमा सुम्पेर ठूलै रकम कमिशन लिने, विदेशीलाई रोजगारी दिने, असुरक्षा, आतङ्क, लुटपाट, बलात्कार, हत्या, अपहरण, चेलीवेटी किनबेच, नारी अस्मितामा धावा जस्ता विकृति र विसङ्गतिको बिगबिगी बनाएको नेपाली काङ्ग्रेसलाई जनताले भोट दिन नहुने बिचार व्यक्त गरिएको छ । जस्तैः

खेतवारी जोत्दा खेरी किसान कुरा गर्दैछन्
सूर्य चिन्ह रोजी सके दिन कुर्दैछन्
मजदूरका पाखुराका श्रमका फल आउलान्
सूर्यमाथि छाप लगाई गरौँ मतदान्

## ८. गिरिजाले प्रजातन्त्र सुम्पे वरिलै

पञ्चायती व्यवस्थाको अन्त्य पछि भर्खरै प्राप्त शिशु प्रजातन्त्रको लालनपालनमा नेपाली काङ्ग्रेस सजग रहेको छैन र गिरिजाको शासनकालमा देशमा सुव्यवस्था र सुशासनको अनुभूति गर्न समेत पाइएको छैन । कोइरालाका तीनै जना दाजुभाइहरू दरवारपरस्त भएकाले नेपाली जनतामा अमन चैन नभएको भावना कवि जगतराज पौडेलले यस गीतमा यसरी व्यक्त गरेका छन् ।

केही गर्दा नलागेर छब्बिस गते असार
अल्पमतमा पारी दिए गिर्जा सरकार
काँग्रेसकै सरकार थियो उन्कै सांसद मिलेरै
नतमस्तक गिरिजाले सुम्पे बरिलै

## ९. गिरिजालाई देश बेच्ने नदिउँ लाइसन

श्रम पुँजी लगानीको भारत परस्त नीति तथा भारतीय हितमा बढी उपयोग हुनेगरी भएको कोशी, गण्डकी जस्ता देशका महत्वपूर्ण नदीनालाहरूको असमान सम्झौताका कारण राष्ट्रवादी नेपालीहरूलाई चोट पुगेको छ । भारतसँग गरिएको टनकपुर सन्धिका विरुद्ध सम्पूर्ण नेपालीहरू सजग भएर प्रतिकार गरी नेपालको स्वाभिमान बचाउन उद्घोष गरिएको भावलाई यस गीतमा यसरी प्रस्तुत भएको छ :

गण्डकी र कोशी नदी जेठा माइला मिलेर
नेपालीको भाग्य खोसे घुस लिएर
सिरी खुरी नेपालको जल भण्डार सुम्पन
गिरिजालाई देश बेच्न नदिउँ लाइसन

## १०. एमालेको सरकार भयो दरकार

देशमा व्याप्त कमिशन र भ्रष्टाचारले देशको अर्थतन्त्रमा नराम्रो असर पुगेकोछ । नून, चिनी, मट्टितेल जस्ता जनताका दैनिक उपभोग्य वस्तुको मूल्य बृद्धिले गरीवहरू आक्रान्त छन् । किसानको लागि आबश्यक पर्ने मल, बिउ र सिंचाइमा कुनै सहुलियतको व्यवस्था छैन । विदेशी राष्ट्रहरूको हस्तक्षेप भएको छ । यी तमाम विसङगति र समस्याको समाधान गर्न देशमा एमाले सरकार नै उपयुक्त विकल्प भएकोले एमाले पार्टीलाई मतदान गर्न कवि पौडेल यसरी आह्वान गर्छन् :

यो धर्तीका जनता र राष्टहित गर्नलाई
शिक्षा सुलभ रोजगारी दिन सबलाई
वातावरण त्यस्तै बन्यो अर्को पार्टी कुन् छ र ?
एमालेको सरकार भयो दरकार

### ११. बानेश्वरमा भारतीय हस्तक्षेप

हतियारसहित आएका भारतीय प्रहरीहरूले काठमाडौँको बानेश्वरमा वि.सं.२०५० चैत्र १४ गते गरेको घटना तथा नेपालगञ्ज लगायत ठाउँठाउँमा भएको यस्तै प्रकृतिको घटनाले देशको राष्ट्रियतामा भारतीय हस्तक्षेप भएको भावनासहितको विषयवस्तुलाई यस गीतले यसरी समेटेको छः

पचास साल चैत चौध बानेश्वरको घटना
विदेशीलाई भित्र्याउने कालो रटना
हतियार सुसज्जित भारतेली पञ्जाले
बानेश्वरमा खानतलासी लियो मज्जाले

### १२. काङ्ग्रेसले शासन पूरा गर्नै सकेन

चरम नातावाद, कृपावाद, पार्टीभित्रको अन्तरघात लगायतका घटनाबाट गिरिजा सरकार पतनोन्मुख थियो । आर एन ए.सी र धमिजा काण्डमा साठी करोड घोटाला भएको वारेमा लेखा समितिको निर्णयपश्चात् संसदमा बहुमतको आधारमा बनेको गिरिजाको जननिर्वाचित सरकार तीन बर्षको अवधिमा नै ढलेको कुरालाई यस गीतमा यसरी व्यक्त गरिएको छः

विपक्षी त पाखा थिए आंफै दल्मा मारामार
भट्टराईको चुनावमा गरे अन्तर घात
गिरिजालाई जुत्ता माला काठमाण्डूमा घुमाए
तीन बर्षमै गिरिजाको सत्ता हटाए

### १३. काङ्ग्रेसको हत्या खेती बढ्दै गयो नि

नेपाली काङ्ग्रेस र ने.वि.संघका कार्यकर्ताबाट चिनियाकाजी, शिव पौडेल, फणिन्द्र, मित्रमणि जस्ता देशका होनाहार विद्यार्थीहरूलाई अमानवीय र निर्मम तवरबाट हत्या गरिएका छन् । हत्याको शृङ्खला झनै दिनानुदिन बढ्दै गएको छ । वुटवलको शङ्करनगरमा गरिएको दिपक जी.सी.को हत्याको घटनालाई प्रमुख बिषयवस्तु बनाई

देशमा हत्याको शृङ्खला अत्यन्त डरलाग्दोरूपमा बढेको वर्तमान अवस्थाप्रति चिन्ता व्यक्त गरिएको भावलाई यस गीतमा समावेश गरिएको छ ।

शिव पौडेल फणीन्द्र र मित्रमणिहरुको
अमानवी निर्मम् हत्या अखिल पक्षको
देश भर्मा कति मारे लेखा जोखा छैननि
काँग्रेसको हत्या खेती बढ्दै गयोनि

## १४. जनताकी प्यारी छोरी विद्या भण्डारी

मदन भण्डारीको जीवन साथीकोरूपमा मात्र नभई भूमिगत अवस्था देखिनै पार्टीको महिला र विद्यार्थीको क्षेत्रमा विद्या भण्डारी क्रियाशील थिइन् । मदन भण्डारीको अभावमा उनी उषा किरण र नीसा कुसुम छोरीहरू मात्र हैन पार्टी र जनताप्रति पनि उत्तिकै कर्तव्यशील रहेकी छन् । जनताको अपार माया पाएर जनताकी प्यारी छोरी विद्या भण्डारीले नेपाली काङ्ग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराईलाई समेत काठमाडौंको उपनिर्वाचनमा पराजय गर्न सफल भइन् भन्ने भावलाई यस गीतमा चर्चा गरिएको छ ।

उषा किरण नीशा कुसुम मात्र हैनन् साथमा
पार्टी जन्ता राष्ट्र पुरै समान अर्थमा
गहन् जिम्मेवारी लिने कसीन सुर यसरी
जनताकी प्यारी छोरी विद्या भण्डारी

## १५. किसानको ख्यालै छैन बरिलै

यस गीतमा कृषि व्यवसायमा अहोरात्र सँलग्न कृषकहरू जटील जीवन पद्धतिबाट गुज्रिरहेका छन् । उन्नत कृषि प्रविधिका लागि आवश्यक पर्ने उन्नत वीउ, मल, सिंचाइ जस्ता न्यूनतम आबश्यक सुविधाको अभावले आर्थिक मेरुदण्डकोरूपमा रहेको कृषि क्षेत्रको उन्नति हुन नसक्दा देशको समग्र विकास हुन सक्तैन भन्ने भाव व्यक्त गरिएको छ । जस्तैः

धर्तीका प्यारा सपुत वीर
कृषक सारा सन्तान धीर
संसार पाल्ने यी अन्न दाता
यीनैलाई छैन सुख सुविधा

## १६. माया न्यौपानेको सुनौं बयान

कठोर भूमिगत जीवनका अप्ठेरा, दयनीय आर्थिक अवस्था र पारिवारिक स्थितिलाई समेत पर्वाह नगरी दृढतापूर्वक पार्टी काममा क्रियाशील रहेकी माया न्यौपानेलाई श्रीमान्को रहस्यमय दासढुङ्गा घटनामा परी भएको दुखद् निधनको मार पनि खेप्नु पऱ्यो । यस्ता जटील अवस्थाहरूबाट समेत कत्ति पनि विचलित नभई देश मुक्त गर्ने बाचाबाट पछि नहटेकी माया न्यौपाने महान् शक्तिमाता हुन् भन्ने कविको विचार छ ।

सागर उषा मात्र हैनन् आश्रितका कामको
दृढ साहस गरी भन्छिन लिन्छु जिम्मा यो
कस्तै दुःख कष्ट परुन् छोड्ने छैन लगान
कमरेड माया न्यौपानेको सुन बयान

## १७. एमालेलाई जनताको माया बरिलै

नेपाली काङ्ग्रेसभित्र भागबण्डाको खिचातानीले पार्टी नै अस्तव्यस्त भएको परिस्थिति र निर्दलीय छायाँकापरूमा चित्रित रा.प्र.पा.को अवस्था पनि नाजुक रहेको विद्यमान अवस्थामा धेरै सहिदहरूले वलिदानी दिएको र राष्ट्रियता तथा जनमुक्तिका लागि लड्ने पार्टी भएकोले आम निर्वाचनमा एमालेलाई जनताको मत प्राप्त हुने विश्वास कविले गरेका छन् ।

शहीद भए धेरै कमरेड उच्च बलिदानले
मौका परिस्थिति बुझी गति लिनाले
यो धर्तीको हितगर्ने एमालेलाई सँझेरै
एमालेलाई जनताको माया बरिलै

**१८. भाद्र तीनमा सिंहदरबार ठप्प बरिलै**

प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले वहुमत प्राप्त संसदीय दलको नेतृत्वमा सरकार कायम रहेको अवस्थामा समेत संसद भङ्ग गरे पश्चात देशमा संवैधानिक सङ्कट उत्पन्न भएको थियो । गिरिजा सरकारको वर्खास्ती र सर्वदलीय सरकारको माग राख्दै भाद्र ३ गते सिंहदरवार घेर्ने कार्यक्रममा व्यापक धरपकड्को वावजुद पनि सिंहदरवार ठप्प भएको घटनालाई विस्तृतरूपमा उल्लेख गरिएको छ ।

नेपालका वामपन्थी सबै पार्टी मिलेर
आन्दोलनको ज्वारभाटा निस्क्यो उम्लेर
देश भरी मसाल ज्वाला अन्धकार मास्न नै
भाद्र तीनमा सिंहदरवार ठप्प बरिलै

### ४.२.३.४.. तीज गीत सङ्ग्रह (भाग ८)

### ४.२.३.४.१ संरचना

जम्मा २३ पृष्ठमा संरचित **तीज गीत सङ्ग्रह भाग ८** मा विभिन्न शीर्षकहरूमा २० वटा गीतहरु सङ्कलित छन् । गीतको शीर्षक, पृष्ठ संख्या, र पंक्ति संख्याको आधारमा प्रस्तुत तीज गीत सङ्ग्रहको गीतका संरचनालाई निम्न तालिका अनुसार देखाउन सकिन्छ :

तालिका नं.: ११ **तीज गीत सङ्ग्रह भाग ८ को संरचना विवरण**

| क्र.सं | शीर्षक | पृष्ठ | पंक्ति संख्या |
|---|---|---|---|
| १ | शुभकामना | १ | २० |
| २ | जन्मभुमि प्राणभन्दा प्यारो हुन्छ नि | २ | २० |
| ३ | जनताले सन्धि फिर्ता मागे बरिलै | ३ –४ | ३२ |
| ४ | भारतीय हैकमले | ५ | २० |
| ५ | तीन खुट्टे सरकारको सुन वयान | ६ | २० |
| ६ | जनताको माया छैन बरिलै | ७ | २० |
| ७ | बरिलै सहिदलाई सलाम | ८ | १६ |
| ८ | डलरको खेती गरे अर्थमन्त्रीले | ९ | २० |
| ९ | चार दर्जनको मन्त्रीको जुलुस हिंडेको | १० | २० |
| १० | माडीमा क्याम्पस खुल्यो बरिलै | ११ | २० |
| ११ | जनयुद्ध सरकारलाई अचुक निशाना | १२ | २० |
| १२ | एमालेको एकीकृत मुल प्रवाह | १३ | २० |
| १३ | रोकिएन हत्या खेती बढ्दै गयो नि | १४ | २० |

| | | | |
|---|---|---|---|
| १४ | जनताको बहुदलीय जनवादले | १५–१६ | २८ |
| १५ | जननेता मदनलाई लाल सलाम | १७ | २० |
| १६ | सारङ्गीको झंकारले लाग्छ मोहनी | १८ | २० |
| १७ | संघर्षको अन्तिम लडाईं लड्नै बांकी छ | १९ | २० |
| १८ | बाढी पैह्रो हुरीले भए वेचैन | २० | २० |
| १९ | महिलाले हक हित खोज्न पर्छ नि | २१ | २० |
| २० | अत्याचारी शासनलाई फाल्न उठ ए | २२–२३ | २८ |

## ४.२.३.४.२ विषयवस्तु

### १. शुभ-कामना

देशमा प्रजातन्त्र आएको भए पनि महिलाहरू स्वतन्त्र हुन सकेका छैनन् । सामन्ती संस्कार व्याप्त नारी हक अधिकार अलपत्र भएको अवस्थामा सिङ्गो नारी आवाजले मात्र यी असंख्य कुरीतिहरूको कालो युग बदल्न सक्दछ । तसर्थ समयको गतिलाई पक्डेर मसाल बालेर आन्दोलन गर्ने, चर्का नारा घन्काउन सके मात्र पनि महिला विरुद्धको अत्याचारको अन्त्य हुने भएकोले त्यस प्रति उन्मुख हुन महिलाहरूलाई प्रेरणा मिलोस् भनि शुभकामना व्यक्त गरिएको छ । जस्तैः

यो सामन्ती संस्कारको चाल चलन बदल्न
ठूलै आँट गरी उठ नारी पल्टन
तिम्रो हाँक स्वाभिमान हुन्छ अचुक निशाना
महिलालाई प्रगतिको शुभ कामना

### २. जन्म भूमि प्राण भन्दा प्यारो हुन्छ नि

स्थानीय लोक साङ्गितिक परिवेश र सामग्रीहरू, अपार जलसम्पदा, सुन्दर ताल र झर्ना, सर्वोच्च सगरमाथा जस्ता यी तमाम सुन्दर प्राकृतिक छटाहरूले भरपूर हाम्रो साझा जन्मभूमि नेपाल प्राण भन्दा प्यारो छ भन्ने राष्ट्र प्रेम भाव उल्लेख गरिएको छ । जस्तैः

तिमी भित्रै लुकेको छ अपार जल सम्पदा
दुस्मनले आँखा गाड्ने लिन फाईदा
सौम्य शान्त ताल हाँस्छन् सुन्दर झर्ना खस्छ नि
जन्म भूमि प्राण भन्दा प्यारो हुन्छ नि

## ३. जनताले सन्धि फिर्ता मागे बरिलै

पञ्चेश्वर परियोजना सञ्चालन सम्बन्धी सन्धी राष्ट्रिय स्वाभिमान विपरित भारतीय शाषक सामु घुंडा टेकेर गरिएको सन्धि हो । यस्को सञ्चालनबाट नेपाली भू भागमा सिंचाइ सुविधा अपुग हुने र धेरै परिमाणमा विजुलीको प्रयोग भारतीय पक्षले गर्ने असमान उपयोग व्यवस्था प्रति जनताले विरोध गर्दै उक्त सन्धि फिर्ता गर्न माग गरेका छन् । जस्तैः

आफ्नो हक अधिकार विदेशीलाई सुम्पेर
घुँडा टेके भारतको सामु झुकेर
राष्ट्रियता स्वाभिमान बन्धकिमा राखेरै
जनताले सन्धि फिर्ता मागे बरिलै

## ४. भारतीय हैकमले

भारतीय शाषकहरूबाट नेपाल प्रति विभिन्न प्रकारका हैकमवादी प्रवृत्तिहरू दर्शाईएका छन् । सुस्ता, महेशपुर, मानेभञ्ज्याङ्ग, बानेश्वरका घटना भारतीय हैकमका केही उदाहरणहरू हुन् । नेपालीहरूको स्वाभिमान दवाउन नाकावन्दी गर्ने देखि लिएर भारतीय 'र' का एजेण्टलाई नेपाल पठाएर विभिन्न जाल बुन्न तल्लीन भारतीय शाषकहरु पञ्चशीलको आधारमा तय भएको परराष्ट्रनीतिको समेत ठाडो उल्लङ्घन गर्दै आएको छ । भारतले आँफुलाई शक्तिशाली ठानेर छिमेकी देश प्रति गरेको यस किसिमको हैकमवादी प्रवृत्तिका बिरुद्ध यस गीतमा राष्ट्रप्रेम भाव व्यक्त गरिएको छ ।

घरि रोक्छ नुन तेल नाकाबन्द गरेर
नेपालीको स्वाभिमान दब्ला भनेर
तेस्रो देशको माल आए बाटो बन्द थुनछेक
भारतीय हैकमले गर्छ हस्तक्षेप

## ५. तीनखुट्टे सरकारको सुन वयान

वि.सं. २०४६को जनआन्दोलन पश्चात निर्वाचित गिरिजा सरकाले तीन बर्षमानै राजिनामा दिए पछि देशमा मध्यावधि निर्वाचन भयो । मध्यावधि निर्वाचन पश्चात बनेको

एमाले नेतृत्वको सरकारको लोकप्रियतालाई नेपाली काङ्ग्रेसले सहन नसकी रा.प्र.पा. र सद्भावना पार्टीलाई साथमा लिई शेरवहादुर देउवाको नेतृत्वमा तीन दलीय सरकारको गठन भयो । सरकारमा सामेल भएका पार्टीहरूको स्वार्थअनुरूप जनताको माग र विकास वजेटबाट कटौती गर्दै राष्ट्रिय ढुकुटी प्रति कुनै पर्वाह नगरी जम्बो मन्त्रीमण्डल बनाईएको विस्तृत वयान गरिएको छ ।

काँग्रेसले यो देशमा शासन गर्नै सकेन
तीन बर्षमै लियो विदा फाप्दै फापेन
चुनाव भयो मध्यावधि एमालेले जितेको
लोकप्रिय सरकार बन्दा रीस उठेको

## ६. जनताको माया छैन बरिलै

जालझेल, प्रपञ्च, स्वार्थ, मोह जस्ता कुसंस्कारको बढ्दो हालीमुहालीबाट समाज विग्रिएको छ । कानूनी शासन, समानता र विवेकको उपहास गरिएकोले शाषकहरू जनताको कुनै माया/भलो नगर्ने निकम्मा सावित भएका छन् भनिएको छ ।

कानुन अन्धो पैसाले पार्छ
निमुखो बरा ! न्यायमा हार्छ

## ७. बरिलै सहिदलाई सलाम

यस गीतमा देशमा व्याप्त अन्याय, अत्याचार र सामन्ती संस्कारका बिरुद्ध आफ्ना बालबच्चा र परिवारलाई त्यागेर भएपनि देश र जनताको मुक्तिका लागि आफ्नो जीवनको आहुति दिने ती वीर सहिदहरूको सम्झनामा सम्मानपूर्वक अभिवादन अर्पण गरिएको बिषयवस्तुलाई समेटिएको छ ।

बाल र बच्चा परिवार त्यागे बरिलै ! देश र जन्ताको
मुक्तिका लागि जीवन फाले बरिलै ! उनैलाई सम्मानको
ती वीर गाथा सँझने सबले बरिलै दिएको सम्मान
सँझना खातिर यो श्रद्धाञ्जली बरिलै ! शहिदलाई सलाम

## ८. डलरको खेती गरे अर्थ मन्त्रीले

एमालेका सांसद कृष्णगोपाल श्रेष्ठबाट देशको अर्थतन्त्र तहस नहस पारेर लुकाएको अकुत सम्पत्ति अमेरिका लगेर बैङ्क जम्मा गर्ने तत्कालीन अर्थमन्त्री डा. रामशरण महतको कालो कर्तुत सांसदमा पर्दाफास गराएपछि बाध्यभई अर्थमन्त्रीले राजिनामा दिएको घटना विवरणनै यस गीतको विषयवस्तु रहेको छ ।

आफ्नो देशको अर्थतन्त्र तहस नहस पारेर
लुकाउने चोरी धन डाँडा काटेर
अमेरिका पुऱ्याउने कालो धन हुनिले
डलरको खेती गर्ने अर्थ मन्त्रीले

## ९. चार दर्जन मन्त्रीको जुलुस हिँडेको

यस गीतमा एमाले सरकार गिराएर बनेको तीनदलीय मिलीजुली सरकारको आयु लम्ब्याउने र सरकार टिकाउने बहानामा चार दर्जन मन्त्रीहरु बनाएर देशको अर्थतन्त्र धरासायी पार्न नेपाली काङ्ग्रेस उद्दत रहेको देखिन्छ । एमाले सरकारका पालामा केबल १५ जनाको मन्त्रीमण्डलबाट कार्य सञ्चालन सम्भव भएको देख्दा देख्दै अहिले देउवा मन्त्रीमण्डलमा चार दर्जनको संख्यामा मन्त्रीमण्डल विस्तार गरेर जुलुस हिंडेजस्तो गरी मन्त्रीहरु हिंडेका छन् भन्ने बिषयवस्तु राखिएको छ ।

पन्ध्र जना भए पुग्ने देखाइ दिने एमाले
देश नाङ्गो पार्ने काम थाल्यो नेकाले
सरकार टिकाउन मन्त्री खान दिएको
चार दर्जन मन्त्रीको जुलुस हिंडेको

## १०. माडीमा क्याम्पस खुल्यो बरिलै

धेरै बर्ष अघिदेखि चितवनको दुर्गमक्षेत्र माडीमा क्याम्पस खोल्न गरिएको माडीवासीहरूको प्रयाश प्रति सरकारी क्षेत्रबाट सहयोग नपाएको भएपनि सम्पूर्ण माडीवासी जनताहरू र स्थानीय राजनैतिक पार्टीका नेताहरूको अग्रसरतामा ढिलै भए पनि माडीको बगौडामा क्याम्पस खोल्न सफल भएका छन् । गरीवका छोराछोरीहरू

घरको ढींडो रोटी खाएर परिवारमा साथै बसेर उच्च शिक्षा आर्जन गर्न सक्ने सम्भावनाको ढोका खुलेकोमा हर्षित छन् ।

जन्ता हुने सहभागी सहमती लिएर
खुल्यो क्याम्पस बगौडामा जन्ता उठेर
माडीवासी जनता र नेताहरू मिलेर
खोले क्याम्पस जनताको मन जितेर

## ११. 'जनयुद्ध' सरकारलाई अचुक निशाना

तत्कालीन ने.क.पा. एकताकेन्द्रबाट छुट्टीएको माओवादी पार्टीले शुरु गरेको 'जनयुद्ध' मा कतिपय नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू समेत माओवादी बनेर आगजनी गर्ने, खेती लुट्ने र गाउंघरमा आतङ्क सृजना गर्ने गरेका छन् । 'जनयुद्ध' राजनैतिक उद्देश्य प्राप्तीका लागि सञ्चालन गरिएको राजनैतिक अभियान भएकोले यसको समाधान पनि राजनैतिकरूपले गर्न पहल गर्नुपर्छ । सरकारले पूर्वाग्रहपूर्वक छानीछानी मान्छे मार्न लगाउने कार्यबाट सिर्जनाहुने बिषम परिस्थितिको दोषी सरकार नै हुन्छ भन्ने राजनैतिक तर्कलाई गीतको प्रमुख बिषयवस्तु बनाईएको छ ।

राजनैतिक अभियानको राजनैतिक समाधान
गर्नु पर्छ सरकारले उचित समाधान
पूर्वाग्रह लिई मार्न पाइदैन जनता
यस्को जिम्मा सरकारनै हुन्छ अवता

## १२. एमालेको एकीकृत मूल प्रवाह

ने.क.पा. एमाले श्रमजीवी सर्वहारा गरीवहरूको पार्टी भएकोले यसले चलाएको गाउं जागरण अभियान पश्चात पार्टीको कार्यशैली र भविष्य देखेर अन्य पार्टीका कार्यकर्ताहरू समेत पार्टी परित्याग गर्दै ने.क.पा. एमाले पार्टीमा प्रवेशगर्ने लहर चलेको छ । व्यापक जनाधारले लोकप्रिय बन्दै गएको, गाउंको विकास गाउंबाट गर्ने उद्देश्य लिएको र मौका पहिचान गरी अघि बढ्ने हुनाले रा.प्र.पा. र काङ्ग्रेसका देशभक्त कार्यकर्ताहरूलाई पनि यो पार्टीमा प्रवेश गर्न अनुरोध गरिएको छ । त्यसैगरी देशमा

छरिएका स-साना कम्युनिष्ट पार्टीहरूसंग पार्टी एकिकरण गर्दै ने.क.पा. एमालेको मूल प्रवाहमा ल्याउने समेत प्रयाश भईरहेको बिषयवस्तुलाई गीतले समेटेको छ ।

राप्रपा र काँग्रेसका देशभक्त जमात
शक्तिशाली एमालेको धार समात
जन्ता देशको मुहार फेर्न यस्को राम्रो भविष्य
गाउँको विकास एमालेले गर्छ अवस्य

## १३. रोकिएन हत्या खेती बढ्दै गयो नि

विगतको अनुभवबाट जव नेपाली काङ्ग्रेस पार्टी सत्तामा पुग्दछ तव देशमा हत्या, लुटपाट, आतङ्कको शृङ्खला बढ्दै जाने गर्दछ । माओवादी मार्न भनि चालिएको अभियानमा दुधे बालक र महिला समेत गरी सयौं निर्दोष व्यक्तिहरूको निर्मम तवरबाट हत्या भएको छ भन्ने बिषयवस्तुमा गीत रहेको छ ।

मानव अधिकार मात्र देखाउने नाराले
हत्या लुट हुँदा पाए दुःख साराले
नौ मैने एमालेको शासन हेरे हुन्थ्योनि
रोकिंदैन हत्या खेती बढ्दै गयोनि

## १४. जनताको वहुदलीय जनवादले

ने.क.पा. एमालेका तत्कालीन महासचिव स्व. मदन भण्डारीबाट क्रान्तिकारी मार्क्सवादको सिद्धान्तको सृजनात्मक प्रयोगकोरूपमा बहुमतको सरकार, कानूनको शासन, आवधिक निर्वाचन, नागरिक अधिकारको रक्षा, संविधानको सर्वोच्चता सहितका विशेषताहरूलाई समेटेर जनताको वहुदलीय जनवादलाई अघि सारेका थिए । उनले अघि सारेका जनताको वहुदलीय जनवाद परिवर्तित सन्दर्भमा अत्यन्त समय सापेक्ष र उचित भएको तर्क नै गीतको प्रमुख बिषयवस्तु रहेको छ ।

कम्युनिष्टको क्रान्ति पुरा हुन सक्ने देखेर
जननेता मदनले ल्याए सोचेर
क्रान्तिकारी मार्क्सवादको सिद्धान्तमा आधार
सृजनात्मक प्रयोगले पार्न सरकार

## १५. जननेता मदनलाई लाल सलाम

ने.क.पा. एमालेको पाँचौ महाधिवेशनबाट मदन भण्डारीबाट अघि सारिएको जनताको वहुदलीय जनवादले समर्थन स्वीकृती प्राप्त गरे पछि सर्वत्र यस्को व्याख्या र विश्लेषण गर्न सुरु भयो । देश काल र परिस्थिति अनुकूल वैज्ञानिक मार्क्सवादको व्याख्या र उपयोग गर्न गरिएको भनी यो उच्च विचारको प्रशंसा हुन थालेकोले जननेता मदन भण्डारी प्रति श्रद्धापूर्वक हार्दिक अभिवादन अर्पण गरिएको छ ।

राष्ट्रवादी चिन्तनका उठे उच्च विचार
जन्म भूमि नेपालको फेर्न मुहार
उन्को उच्च विचारको सबै गर्छन वयान
जननेता मदनलाई लाल सलाम !

## १६. सारङ्गीको झङ्कारले लाग्छ मोहनी

नेपालका रमणीय लेक पाखा पर्वतका आफ्नै मौलिक भाकाहरूमा परापूर्वकाल देखि सुरिलो धुन र मार्मिक कथा व्यथा र वेदनालाई मोहनी लाग्ने जस्तो गरी सारङ्गीको झङ्कारमा गाउँदै हिंड्ने गाईनेहरूको दयनीय जीवन र विवशताबाट उनीहरूको पेशा सङ्कटमा परेको अनुभूतिलाई गीतको बिषयवस्तु बनाईको छ ।

लोक भाषा लोक लय आफ्नै शाखा सन्तान
पहाड तराइ घन्काउंछ फाली ज्यू ज्यान
छाती सब्को रसाई दिने संगीत मर्म बोलनी
सारङ्गीको झङ्कारले लाग्छ मोहनी

## १७. संघर्षको अन्तिम लडाईं लड्नै बाँकी छ

वि.सं. २०४६को सफल आन्दोलन पश्चात आफुलाई लागेका कुराहरू बोल्न र लेख्न पाउने, शान्तिपूर्ण सभा जुलुस गरी आफ्ना कुरा राख्न पाउने जस्ता केही सीमित हकहरू जनतालाई प्राप्त भएको छ । यो त केवल समाजवादको शिलान्यास मात्र पुरा भएको छ ।  देश र जनताका खातिर बलीदानी गरेका शहिदहरूको अन्तिम ईच्छा पुरा

नहुँदा सम्म सङ्घर्षका अन्तिम लडाईं त लड्न नै बाँकी रहेको विचारलाई गीतको बिषयवस्तु बनाईएको छ ।

समाजवादको शिलान्यास मात्र पुरा भएको
यस्को विकास गर्नलाई लड्नु परेको
सामन्तको अन्त्य गरी पर हैकम फाल्नु छ
सङ्घर्षका अन्तिम लडाईं लड्नै बाँकी छ

## १८. बाढी पैह्रे हुरीले भए बेचैन

देशका विभिन्न भागमा हालै आएको बाढी, पैह्रे, हावा हुरी जस्ता प्राकृतिक चपेटाबाट जनताले ठुलो धन जनको नोक्सानी व्यहोर्नु परेको छ । राहतका लागि सङ्कलन गरिएको कोषको रकम वितरणमा राजनैतिक पुर्वाग्रह राखिएको र व्यापक धाँधली गरिएको छ । प्राकृतिक प्रकोपबाट पीडितहरूको यस्तो दर्दनाक मानवीय अबस्थालाई समेत सरकारीस्तरबाट वेवास्ता गरिएकोमा चिन्ता व्यक्त गरिएको छ ।

आज कठै जनतालाई चिल्ली बिल्ली परेको
एकै छिन्मा श्री सम्पत्ति स्वाहा भएको
काख रित्तो सिउँदो पुछ्न केही बेर लागेन
रातमा आयो बाढी पैह्रे थाहै भएन

## १९. महिलाले हक हित खोज्न पर्छ नि

पुरुषहरूको केवल सुख सयल पुरा गर्ने स्वार्थले नारीहरूलाई दाश बनाईएको र उनीहरूलाई केवल खेलौनाकोरूपमा हेर्ने प्रवृत्ति हाम्रो समाजमा व्याप्त छ । नारीहरू प्रतिको अन्धविश्वास र कुरीतिले हाम्रो समाजलाई विगारेको छ । यस्ता विविध खालका कुसँस्कार र कुरीतिहरूलाई तोड्न र महिलाको हक अधिकार खोज्न सबै महिलाहरू एक ढिक्का भएर सङ्घर्षका कार्यक्रम चलाउन आबश्यक छ भनी महिलाहरूलाई हक अधिकार खोज्न प्रेरित गरिएको भाव गीतमा समेटिएको छ ।

सुख सयल पुरा गर्न नारी दाशी बनाए
नीति नियम चाल चलन उस्तै चलाए

नारी मात्र खेलौना हुन भन्ने रीति तोड्न नि
महिलाले हक हित खोज्नु पर्छ नि

## २०. अत्याचारी शासनलाई फाल्न उठ ए !

देशमा व्याप्त अन्याय, अत्याचार, गुण्डागर्दी, हत्या, लुटपाट जस्ता सन्त्रासयुक्त अवस्थाले गर्दा जनताहरूलाई ढुक्क सँग हिंडडुल गर्न समेत कठीन भएको छ । तीस बर्षे निरङ्कुश पञ्चायती शासनका हिमायतीहरूलाईनै सरकारमा सामेल गराउने, वेरोजगारी, हत्या, मानवअधिकारको हनन, नातावाद, कृपावाद जस्ता विकराल अवस्थाले गर्दा जनताले चित्त बुझाउने एउटा ठाउं समेत पाउन सकेका छैनन् । तसर्थ यो अत्याचारी शासनलाई फाल्न उठ्न अनुरोध गरिएको बिषयवस्तुलाई गीतमा समेटिएको छ ।

शासनको आशा गर्ने जनताको मनमा
ठूलो चोट पारी दियो भूले धनमा
मन्त्री आफै विदेशमा कालो धन राख्छ ए !
अत्याचारी शासनलाइ फाल्न उठ ए !

## ४.२.३.५ शैलीशिल्प

### क) भाषाशैली

भाषा र शैलीका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । कुनैपनि कृतिलाई प्रस्तुत गर्ने माध्यम नै भाषा हो । कवि पौडेलका तीजका गीत सङ्ग्रहमा सामान्य भाषाको प्रयोग पाईन्छ । क्लीष्ट र स्तरीय भाषा भन्दा जनबोलीका भाषाको प्रयोग गरिएको छ । भाषा सरल, स्वाभाविक र बोलीचालीमा प्रयोग हुने स्तरको छ । ठाउँठाउँमा अङ्ग्रेजी भाषाको पनि प्रयोग भएको छ । सरल, संयुक्त र मिश्र सवै प्रकारका वाक्यको प्रयोग भएको भए पनि सरल वाक्यकै प्रयोग बढी पाईन्छ । झर्रा शव्दको प्रयोग यथेष्ट पाईन्छ । ठाउँठाउँमा उखान टुक्काको प्रयोग पाईन्छ । वकुल्ला झैं ध्यान गरी बसेको जस्ता उपमा अलङ्कारको संयोजन पनि मिलाईएको छ । वर्णेत्तर लेख्य चिन्हगतरूपमा हेर्दा अल्पविराम, योजक, विष्मयाधिवोधक र प्रश्नवाचक चिन्हहरूको प्रयोग भएको पाईन्छ । समग्रमा हेर्दा प्रस्तुत सङ्ग्रहको भाषा जनमानसमा उपयुक्त र प्रभावकारी रहेको छ ।

## ख) बिम्ब

इन्द्रियजन्य अनुभूतिको शाब्दिक प्रतिनिधित्व गर्ने तथा एक वा एकभन्दा बढी इन्द्रियद्वारा अनुभव गर्न सकिने वस्तुलाई बिम्ब भनिन्छ । [९६] यिनीहरू कृतिको विषयबस्तुमा इन्द्रियजन्य ढङ्गले शाब्दिक वा आलङ्कारिक रूपमा आउँछन् ।

**सॉस्कृतिक बिम्ब**

डम्फु मादल ढोलक र सारङ्गीका तालले
सोरठी र झ्याउरे घॉटु लट्ठी नाचले

- **जन्मभूमि प्राणभन्दा प्यारो हुन्छ, पृष्ठ २, भाग ८**

**क्रान्ति बिम्ब**

आफ्नो हक अधिकार खोज्नुपर्छ आफैले
निगाहले अधिकार दिन्न कसैले
संघर्षको राँको बाले आफ्नो बाटो खुल्छ नि
महिलाले हकहित खोज्नु पर्छ नि ।

- **महिलाले हक हित खोज्नु पर्छ नि, पृष्ठ २१, भाग ८**

**समसामयिक बिम्ब**

टनकपुरको व्यथा सऱ्यो महाकाली नदीमा
पञ्चेश्वर आयोजना लिलामा विक्रीमा

**- जनताले सन्धि फिर्ता मागे वरि लै, पृष्ठ ३, भाग ८**

**ऐतिहासिक बिम्ब**

इतिहासका बिषयवस्तु, घटना, पात्र, परिवेश वा स्थान र सन्दर्भहरू बिम्बमय भएर उपस्थित हुनु ऐतिहासिक बिम्बको अभिलक्षण हो । [९७]

---

[९६] डा. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली काव्य समालोचना**, काठमाडौं, पैरवी प्रकाशन,२०६७, पृ २९ ।

दुइ हजार छयालिस फागुन सात गतेता
पञ्चायत ढाल्न सबै जनता उठेका
पञ्चायती हुँकारलाई मुक्का दिए सजिलै
तानाशाही पञ्चायत ढाल्यौं वरिलै

- **तानाशाही पञ्चायत ढाल्यौं वरिलै !, पृष्ठ ७, भाग ५**

**ग) लय**

लोकगीतको निर्माण तथा गायन दुवैमा लयको प्रमुख भूमिका हुन्छ । लयले नै भाकालाई समात्छ र स्वर साधन, गायन क्रिया, यति, स्थायी एवं अन्तरा जस्ता पक्ष यसमा आउंछन् । अन्य विधाबाट गीत वा कवितालाई अलग्याउने तत्व नै लय हो । गद्य विधामा लय पाईंदैन भने पद्य विधामा लय अनिवार्यरूपमा आएको हुन्छ । लयले नै गीतलाई गति प्रदान गर्दछ, मीठास ल्याउँछ । मानव मनमा रहेका उकुस मुकुस, वेदना, चित्कार, प्रेम आदि सृजना बनेर लोकगीतमा परिणत हँदा लय पनि सँगसँगै आएको हुन्छ । यसलाई भाका पनि भन्न सकिन्छ । लोकगीतमा प्रयोगहुने लयलाई लोकलय भनिन्छ । लोकलय महाकवि देवकोटाले मुनामदन खण्डकाव्यमा प्रयोग गरेको लय हो । यसलाई झ्याउरे लय पनि भन्न सकिन्छ । अधिकांश मानिसले मन पराउने लय नै लोकलय हो । तीजगीत पनि लोकलयकै एक शाखा हो । कवि जगतराज पौडेलको तीज गीतबाट नेपाली लोकसंस्कृतिलाई एक कदम अघि बढाउन बल मिलेको छ ।

## ४.२.३.६ निष्कर्ष

भाव र विषयवस्तुको विविधता बोकेका प्रस्तुत **तीजको आवाज** सङ्ग्रहका सिर्जनाहरूमा राष्ट्रियता र देशप्रेम भाव, महिला हक हित, जनविद्रोह, सामाजिक जीवन, किसान प्रेम, सहिद प्रति आस्था, राजनैतिक आस्था र अवस्थाका भावहरू सशक्तरूपमा अभिव्यक्त भएका छन् । देशको तत्कालीन शासन पद्धती, अर्थतन्त्र कमजोर बनाउने प्रयास, स्वाधीनतामाथि हस्तक्षेप, भ्रष्टाचार, प्राकृतिक प्रकोप जस्ता आहतले कवि दुःखी भएका छन् । असमानता र वर्गशोषणबाट छुटकारा पाउन सङ्घर्ष गर्न अपील गर्दै र परिवर्तनलाई अवश्यम्भावी ठानेका छन् । राजनीतिमा

---

[९७] डा. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (दो.सं.), साझा प्रकाशन, २०६८, पृ २६ ।

देखिएको विकृति, विसङ्गति, नातावाद, कृपावाद र भ्रष्टाचारी प्रवृत्ति तथा राष्ट्रघाती चरित्रप्रति तीखो व्यङ्ग गरेका छन् । सामाजिक जीवनका कठोरता अन्तर्गत गरीवीको पीडा, व्यथा, विपन्नता, अभावलाई चित्रित गर्दै भरिया, किसान, गाईनेहरूको जीवन एउटा विकराल कठिनाईमा रहेको धारणा राखेर समाजको सजीव अवस्थालाई छर्लङ्ग पारेका छन् । जनताको मुक्तिकालागि वलिदान गर्ने सहिदहरूप्रति सम्मान र श्रद्धाभाव प्रकट गरेका छन् । तीनवटा भागमा जम्मा अठ्चालीस वटा गीतहरू रहेका छन् । प्रगतिशील विचारधाराले प्रभावित जगतराज पौडेललाई **तीजको आवाज** तीजको गीत सङ्ग्रहको प्रकाशन पश्चात नेपाली साहित्यमा स्थापित कविका रूपमा सिद्ध गरेको छ ।

# परिच्छेद पाँच

## उपसंहार

जगतराज पौडेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन परिच्छेद दुई, परिच्छेद तीन र परिच्छेद चारमा गरिसकिएको छ । यस परिच्छेदमा उक्त परिच्छेदमा गरिएका अध्ययनको निष्कर्ष दिने प्रयास गरिएको छ ।

जगतराज पौडेलका पुर्खाहरू आत्रेय ऋषिका सन्तान हुन् । १२औं शताव्दीपूर्व नै भारतबाट नेपाल प्रवेश गरी नेपालका विभिन्न स्थानहरूमा वसोवास गर्ने सिलसिलामा कास्की जिल्लाको पोखरा नजिकको सल्यानमा साहित्यकार जगतराजका पुर्खा शङ्करानन्द आएर बसेका र यिनका सन्तान दरसन्तानहरू पछि त्यहाँबाट कास्की जिल्लाकै पुरञ्चौर भन्ने ठाउँमा आई बसोबास गरेको पाईन्छ । पूर्णखर पौडेलका नाति तथा छविलाल पौडेल र नन्दकला पौडेलका ज्येष्ठ सुपुत्रको रूपमा वि.सं.१९९८ जेठ २ गते शुक्रवारका दिन जगतराज पौडेलको जन्म भएको हो ।

पोखरास्थित संस्कृत प्रधान पाठशालामा वि.सं. २००९मा शिक्षाको औपचारिक सुरुआत गरेका जगतराजले पोखराको मल्टी पर्पोज स्कुलबाट वि.सं. २०१९मा एस.एल.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । पोखराको पृथ्वीनारायण कलेजमा अङ्ग्रेजी विषय लिई आई.ए.(प्रमाण पत्र तह) अध्ययन शुरू गरेका भएपनि व्यावहारिक समस्याका कारणले सो तह पूरा हुन पाएन । जगतराजको औपचारिक शिक्षा आई ए. तह मै सीमित रहे पनि यिनको स्वाध्ययनको क्षेत्र भने फराकिलो देखिन्छ ।

वि.सं २००८मा स्थानीय पूर्णभद्र पराजुली र राधिका पराजुलीकी छोरी विमलासँग मागी विवाह भए पनि वावु आमाको सहमति लिई वि.सं २०२१मा उनले कमला सँग दोस्रो विवाह गरे । वि.सं. २०१९मा जगतराज पौडेलका पिता छविलाल पौडेल चितवनको माडीमा आई बसोबास गर्न थालेको पाईन्छ । भरतपुर नगरपालिका वडा नं १० दीपेन्द्रनगरमा दुईतले पक्की घर बनाई वि.सं २०३९ देखि जगतराजको परिवार बसोबास गर्दै आएका छन् । वि.सं २०४५मा जगतराजका जेठा छोरा योगेन्द्रले पढाइमा केही आत्मग्लानी महशुश गरी देहत्याग गरे

पश्चात हाल जगतराजको परिवारमा दुई श्रीमती, एक छोरा, तीन छोरीहरू, एक बुहारी, छ नातिनी र पाँच नातिहरू रहेका छन् ।

जीविकोपार्जनका लागि कुनै पनि पेशा र व्यवसाय सञ्चालन गर्न पछि नहट्ने स्वभावका जगतराज पौडेलले पोखरामा होटल खोलेर व्यवसायको शुरूवात गरेका थिए । होटल व्यवसायबाट सन्तुष्ट नभएर चितवनको माडीमा अवस्थित हालको जनजीवन माध्यमिक विद्यालयमा प्रधानाध्यापकका रूपमा ६ बर्ष सेवा गरेको पाईन्छ । अध्यापन पेशा छाडेर उनले केही समय धान खरिद विक्री गर्ने गल्ला व्यापारी र राईस मिल सञ्चालन समेत गरेको पाईन्छ ।

राजनीतिक चिन्तनतर्फ मार्क्सवादमा आस्था राख्ने जगतराज पौडेल साहित्यिक चिन्तनमा समाजवादी, मानवतावादी तथा जीवनवादी चिन्तन राख्दछन् । साहित्य सिर्जनामा लागेर नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिंदै आएका जगतराज साहित्य सिर्जनामा प्रेरक बनेका छन् ।

व्यक्तित्व विकासका सन्दर्भमा कवि, गीतकार, समाजसेवी, राजनीतिज्ञ, प्रधानाध्यापक आदि व्यक्तित्वहरूले उनलाई वरण गरेका छन् । यी सम्पूर्ण व्यक्तित्वहरूमध्ये उनका कवि र समाजसेवी व्यक्तित्वको विकास हुँदै गएको पाईन्छ । त्यसैले जगतराजको सर्वोच्च व्यक्तित्व कवि र समाज सेवालाई लिईन्छ ।

आफ्नो स्वाभिमानमा गर्व गर्ने, स्पष्ट वक्ता, कर्मठ र लगनशील स्वभावका भावुक विशेषता भएका जगतराज कर्ममा विश्वास राख्दछन् । गुटबन्दी, दलाली नरूचाउने स्वभावका भएर नै राजनीतिमा त्यति अघि आउन सकेका छैनन् । व्यक्तिगत स्वार्थमा नलागि आफ्नै परिश्रम र लगनशीलताले जीवनको उत्तरार्धमा आईपुगेका जगतराज स्पष्ट वक्ता र स्वच्छ छविका रूपमा चितवनमा परिचित छन् ।

आधुनिक नेपाली साहित्यको बीसको दशकको पूर्वार्द्धमा देखा परेका जगतराजले चार दशक भन्दा बढी समयको साहित्ययात्रा पूरा गरिसकेका छन् । यस अवधिमा उनका दुई वटा कविता सङ्ग्रह, आठ वटा तीज गीत सङ्ग्रह सहित फुटकर कविता र लेख प्रकाशित भैसकेका छन् । प्रकाशनको दृष्टिले हेर्दा साहित्य लेखनतर्फ निरन्तरता नआएको देखिए पनि प्रकाशोन्मुख अवस्थामा रहेका उनका उखान टुक्का सङ्ग्रह, गिती काव्य र कविता सङ्ग्रहलाई हेर्दा निरन्तरता नै मान्नु पर्दछ ।

प्रवृत्तिगतरूपमा हेर्दा जगतराजका कृतिहरुमा प्रकृतिप्रेम, शोक भाव, मानवीय मूल्य र मान्यता प्रति आस्था, प्रगतिशीलता, राष्ट्रियता, राजनैतिक चेतना, क्रान्तिकारिता र विद्रोहात्मकता, महिला मुक्ति र अधिकार आदिको प्रकटीकरण भएको पाईन्छ । समग्रमा भन्दा चितवनमा रहेर साहित्यिक लेखनमा कलम चलाउने जगतराज पौडेल चितवनका एक क्रियाशील प्रगतिवादी लेखकका रूपमा चिनिन्छन् । नेपाली प्रगतिवादी साहित्यको विकास र निर्माण गर्ने कार्यमा उनको पनि योगदान छ ।

## सन्दर्भ ग्रन्थसूची

**क) प्रमुख सन्दर्भ ग्रन्थ सूची**


पौडेल, जगतराज, **जेल भित्रको एक सानो संसार**, चितवन; छवी प्रकाशन,२०४२ ।

______________ **तीजको आवाज भाग ५,** चितवन; छवी प्रकाशन,२०४७

______________ **तीजको आवाज भाग ७** , चितवन; छवी प्रकाशन,२०५१

______________ **श्रद्धाञ्जलीका फूलहरू,** चितवन; छवी प्रकाशन,२०५१ ।

______________ **तीजको आवाज भाग ८,** चितवन; छवी प्रकाशन,२०५३


**ख) सहायक सन्दर्भ ग्रन्थ सूची**

**अ) पुस्तक**


आचार्य, कृष्णप्रसाद, **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध**, काठमाडौं; क्षितिज प्रकाशन, २०६३ ।

आत्रेय वंश अनुसन्धान प्रतिष्ठान **पौडेल वंश** राष्ट्रिय समिति, भरतपुर १, देवघाट, २०६०

उपाध्याय, डा.केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त,** (दो.सं.), काठमाडौं; साझा प्रकाशन, २०४८ ।

______________ **साहित्य प्रकाश,** (दो.सं.), काठमाडौं; साझा प्रकाशन, २०३४ ।

ओझा, रामनाथ, र

गिरी, मधुसुदन, **लोक साहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्धको स्नातकोत्तर शृङ्खला-४**, काठमाडौं; वाङ्मय प्रकाशन गृह, ...... ।

काफ्ले, फणीन्द्रराज **साहित्यका केही सैद्धान्तिक पक्ष**, लेखक स्वयं, २०४६ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन; चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

———————— **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ( दो.सं); ललितपुर; साझा प्रकाशन, २०६८ ।

चापागाईं, नरेन्द्र र
सुवेदी, दधिराम (सम्पा.), **काव्य समालोचना**, विराटनगर; पूर्वाञ्चल काव्य प्रतिष्ठान, २०५२ ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय**,(चौ.सं.) काठमाडौं; साझा प्रकाशन, २०५० ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौं; वीणा प्रकाशन, २०५७ ।

———————— **राम्रो रचना मीठो नेपाली**, काठमाडौं; सहयोगी प्रेश, २०५५ ।

पोखरेल, बालकृष्ण (निर्देशक), **नेपाली बृहत् शव्दकोश** (पां.सं.) काठमाडौं; ने.रा.प्र.प., २०५८ ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौं; भुँडी पुराण प्रकाशन,

लुईटेल, डा.खगेन्द्रप्रसाद, **नेपाली काव्य समालोचना**, काठमाडौं; पैरवी प्रकाशन, २०६७ ।

शर्मा, मोहनराज र
लुईंटेल, डा.खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं; विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

———————— **शोधविधि**,(ते.सं.) काठमाडौं; साझा प्रकाशन, २०६२ ।

त्रिपाठी, वासुदेव, न्यौपाने दैवज्ञराज

र सुवेदी केशव (सम्पा.) **नेपाली कविता भाग चार,** (पां.सं.) काठमाडौं; साझा प्रकाशन, २०६५ ।

**आ) पत्रिका**

आचार्य, ओम प्रकाश, 'लोकसंस्कृति र लोकगीतको विविधतामा कर्णाली', **गरिमा**, बर्ष -२४, अङ्क -१०, पूर्णाङ्क -३४६,२०६८ अशोज ।

खनाल, हरिहर, 'साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन', **विवेक**, (वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन)बर्ष-५, अङ्क-२, २०४६ ।

——————— 'चितवनको साहित्यिक प्रकाशन', **स्मारिका,** चितवन महोत्सव, २०५७ ।

गौतम, लक्ष्मण प्रसाद, 'मुनामदनमा बिम्वविधान', **चरैवति**, (साहित्यिक त्रैमासिक) बर्ष-१, अङ्क-१, २०६७ ।

जोशी, मदनमोहन 'नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध', **नौलो राँको**,(साहित्य सङ्गम, चितवन) बर्ष -३९, अङ्क -१, पूर्णांक- ८,२०६४

नौलो राँको वर्ष ४१, अङ्क ९, मदनमोहन जोशी बिशेषाङ् (चितवन; साहित्य सङ्गम,२०६६)

न्यौपाने, घनश्याम परिश्रमी, 'काव्यमा प्रतीकको प्रयोग', **गरिमा**, बर्ष-६, अङ्क-११, पूर्णाङ्क-८३, २०३६ कार्तिक ।

पोखरेल, डि. आर, 'रिऊ उपत्यका सम्बन्धी दुई कृतिहरु सरसर्ती पढ्दा', **चितवन पोष्ट,** बर्ष -६, अङ्क-६४, २०५८ साउन ।

पौडेल, बालकृष्ण, 'सप्तगण्डकी बहुमुखी क्याम्पसः एक शव्द चित्र',**सप्तगण्डकी,** (सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन ), बर्ष- , अङ्क- , २०५५ ।

प्रलेसःचितवन 'स्रष्टा परिचय अङ्क', **प्रलेसःचितवन,** ( प्रगतिशील लेखक सङ्घ, चितवन ), २०६६ ।

मल्ल, सावित्री, 'आधुनिक नेपाली कथाको विकासमा महिला कथाकारको योगदान', **गुञ्जन**,( पद्‌मकन्या क्याम्पस, काठमाडौं), बर्ष -७, अङ्क -४, २०६१ ।

लुईंटेल, खगेन्द्र प्रसाद, 'ध्वनि र आलेखन', **गरिमा**, बर्ष –१४, पूर्णाङ्क- १५९, २०५२ फाल्गुण ।

सडौला, भवनाथ, 'एक प्रेरक व्यक्तित्वः जगतराज पौडेल', **चितवन पोष्ट**, बर्ष -१३, अङ्क -२५२, २०६७ जेठ ।

**इ) अप्रकाशित शोधपत्र**

अधिकारी, बुद्धिनाथ, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, भरतपुर; वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६ ।

घिमिरे, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, भरतपुर; वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९ ।

पौडेल, विनोद, **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, भरतपुर; वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५ ।

## ग) सन्दर्भ व्यक्ति र ठेगाना

| | |
|---|---|
| अरुण पीडित भण्डारी(समाजसेवी) | भनपा १०, |
| कमला पौडेल(धर्मपत्नी) | भरतपुर १० |
| किसान प्रेमी(साहित्यकार) | भरतपुर १२ |
| खेमराज बराल (कर्मचारी, सप्तगण्डकी बहुमुखी क्याम्पस) | भरतपुर |
| चेतकान्त चापागाईं(साहित्यकार) | गीतानगर, |
| डी आर पोखरेल(साहित्यकार) | भरतपुर १० |
| तिलु पुरी (शिक्षक) | अयोध्यापुरी |
| तेजेन्द्र बहादुर खड्का(समाजसेवी ) | भरतपुर ११ |
| देवराज पौडेल(शिक्षक) | गीतानगर |
| नमूना शर्मा(साहित्यकार) | भरतपुर २ |
| पवित्रा पौडेल (बुहारी) | भरतपुर १० |
| पोषराज पौडेल(साहित्यकार) | भरतपुर ११ |
| बल वहादुर आचार्य(शिक्षक) | भरतपुर १० |
| बालकृष्ण पौडेल (पूर्व क्याम्पस प्रमुख, सप्तगण्डकी बहुमुखी क्याम्पस) | भरतपुर १० |
| बिमला पौडेल(धर्मपत्नी) | भरतपुर १० |
| भुपेन्द्र पौडेल(छोरा) | भरतपुर १० |
| रमाकान्त सापकोटा(प्राध्यापक, सप्तगण्डकी बहुमुखी क्याम्पस) | भरतपुर १० |
| रविकिरण निर्जिव(साहित्यकार) | भरतपुर १२ |
| रामप्रकाश अधिकारी(क्याम्पस प्रमुख, सप्तगण्डकी बहुमुखी क्याम्पस) | भरतपुर ११ |
| रामप्रसाद भण्डारी(शिक्षक) | अयोध्यापुरी |
| रामहरि श्रेष्ठ(साहित्यकार) | भरतपुर |
| लक्ष्मीकान्त शर्मा पौडेल(शिक्षक) | भरतपुर १० |
| सरिता तिवारी(साहित्यकार) | भरतपुर ७ |
| हरिहर सविता(साहित्यकार) | भरतपुर |

## परिशिष्ट १

## लिखित तथा मौखिक अन्तर्वार्ता लिएका व्यक्तिहरूको विवरण

| क्र.सं | नाम थर | पद | संलग्न संस्थाको नाम र ठेगाना |
|---|---|---|---|
| **क** | **लिखित अन्तर्वार्ता** | | |
| १ | अरुण पीडित भण्डारी | सचिव | ने.क.पा. एमाले जिल्ला कमिटि, चितवन |
| २ | चेतकान्त चापागाईं | सदस्य | प्रगतिशील लेखक सङ्घ, चितवन |
| ३ | डी आर पोखरेल | अध्यक्ष | प्रगतिशील लेखक सङ्घ, चितवन |
| ४ | तिलु पुरी | शिक्षक | जनजीवन उच्च मा.वि., अयोध्यापुरी |
| ५ | देवराज पौडेल | अध्यक्ष | राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ, चितवन |
| ६ | नमूना शर्मा | सदस्य | नेपाल सङ्गित तथा नाट्य प्राज्ञ प्रतिष्ठान, काठमाडौं |
| ७ | पोषराज पौडेल | केन्द्रीय सदस्य | एकिकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ, काठमाडौं |
| ८ | बालकृष्ण पौडेल | सह-प्राध्यापक | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर |
| ९ | रमाकान्त सापकोटा | उप-प्राध्यापक | सप्तगण्डकी बहुमुखी क्याम्पस, |
| १० | रविकिरण निर्जीव | अध्यक्ष | अखिल नेपाल लेखक सङ्घ, चितवन |
| ११ | रामप्रकाश अधिकारी | क्याम्पस प्रमुख | सप्तगण्डकी बहुमुखी क्याम्पस, |
| १२ | रामप्रसाद भण्डारी | शिक्षक | जनजीवन उच्च मा.वि.,अयोध्यापुरी |
| १३ | लक्ष्मीकान्त शर्मा पौडेल | महासचिव | आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, देवघाट |
| १४ | हरिहर सविता | लेखा अधिकृत | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर |
| **ख** | **मौखिक अन्तर्वार्ता** | | |
| १ | किसान प्रेमी | | भरतपुर १२, टाउन, साहित्यकार |
| २ | खेमराज बराल | | भरतपुर १०, दीपेन्द्रनगर, छिमेकी |
| ३ | तेजेन्द्र खड्का | | भरतपुर ११, समाजसेवी |
| ४ | बल वहादुर आचार्य | | भरतपुर १०, छिमेकी |
| ५ | रामहरि श्रेष्ठ | | नारायणगढ, समाजसेवी |
| ६ | सरिता तिवारी | | भरतपुर ७, साहित्यकार |

## परिशिष्ट २

## छाया चित्रहरू

### २.१. शोध नायकको छाया चित्र



शोध नायक श्री जगतराज पौडेल

( वि.सं. १९९८ )

## २.२. शोध नायक आफ्ना धर्मपत्नीसँग



## २.३ जगतराज पौडेलले प्राप्त गरेका सम्मान तथा अभिनन्दन पत्रका प्रतिलिपिहरू

२.३.१ सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरबाट शोधनायकलाई प्रदान गरिएको कदर-पत्र



२.३.२ जिल्ला विकास समिति भरतपुर चितवनबाट शोधनायकलाई प्रदान गरिएको कदर-पत्र




२.३.३ शोधनायकलाई प्रदान गरिएको सम्मान-पत्र



२.३.४ नेकपा एमाले भ.न.पा.वडा नं.१० बाट शोधनायकलाई प्रदान गरिएको अभिनन्दन-पत्र




२.३.५ जन जीवन मा.वि. अयोध्यापुरीबाट शोधनायकलाई प्रदान गरिएको प्रशंसा-पत्र



२.३.६ चितवन मा. वि., भरतपुरबाट शोधनायकलाई प्रदान गरिएको कदर-पत्र



२.३.७ राष्ट्रिय जन सांस्कृतिक मञ्चबाट शोधनायकलाई प्रदान गरिएको प्रशंसा-पत्र



२.३.८ साहित्य सङ्गम चितवनबाट शोधनायकलाई प्रदान गरिएको सम्मान-पत्र




२.३.९ साहित्य सङ्गम चितवनबाट शोधनायकलाई प्रदान गरिएको अभिनन्दन-पत्र

